# लेखापरीक्षण प्रतिवेदन

# टोखा नगरपालिका, काठमाडौँ

आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# टोखा नगरपालिका, काठमाडौँ

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश**
**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/518

श्रीमान् नगरप्रमुखज्यू,
टोखा नगरपालिका,
नगरकार्यपालिकाको कार्यालय, काठमाण्डौं।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( घनश्याम काफ्ले )
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/518

श्रीमान् नगरप्रमुखज्यू,
टोखा नगरपालिका,
नगरकार्यपालिकाको कार्यालय,काठमाण्डौं।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

## १. कैफियत सहितको रायः

हामीले त्यस नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधारः

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारीको कारोबार समावेश गरेको छैन।

२.२. पालिकाको आय र व्ययतर्फको रु २ अर्ब ८४ करोड ४८ लाख ४ हजार लेखापरीक्षणबाट रु. २ करोड २० लाख ८१ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु. १ करोड ३१ लाख २१ हजार सम्परीक्षणभई प्रतिक्रियाबाट रु. १४ लाख ३४ हजार बेरुजु थप भई असुल गर्नुपर्ने रु ४ लाख ९६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू ४५ लाख ८९ हजार, नियमित गर्नुपर्ने रु ३३ लाख ६१ हजार र पेश्की बाँकी रु.१९ लाख ५० हजार गरी जम्मा रु. १ करोड ३ लाख ९३ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु.२२ करोड ४६ लाख ८८ हजार मध्ये रु. ४ करोड ९१ लाख ५१ हजार सम्परीक्षण भई यसवर्षको रु. १ करोड ३ लाख ९३ हजार थपसमेत हालसम्म अद्यावधिक बेरुजु रु. १८ करोड ५९ लाख ३० हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

## ३. अन्य बेहोराः

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

## ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारीः

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगरकार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## ५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारीः

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

(घनश्याम काफ्ले)
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७८ | ५४ | २,२०,८०,८७९ | ० | १४ | १,३१,२१,३१८ | १४,३३,६६२ | ७८ | ४० | १,०३,९३,२२३ | ४,९३,५२६ | ३३,६०,६६२ | ४५,८९,०३५ | ० | ० | ७९,४९,६९७ | १९,५०,००० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष सम्परीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| काठमाडौं | २२,४६,८७,८२१ | ० | ४,९१,५१,२३९ | १७,५५,३६,५८२ | ० | १,०३,९३,२२३ | १८,५९,२९,८०५ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| प्रारम्भिक प्रतिवेदन उपरको प्रतिक्रियाबाट सम्परीक्षण भएको | | | | |
| १ | २०८१/८२ | ८५.१ र ८५.२ | सडक बत्ती जडान : | २,०२,१५७ |
| २ | २०८१/८२ | ४१ | सडक -पुल निर्माणको कार्य स्वीकारः | ३७,८७,५४४ |
| ३ | २०८१/८२ | ८२ | बढी भुक्तानी : | ९९,४४० |
| ४ | २०८१/८२ | ८४ | फर्मलाई बुझाएको प्रमाण : | ९७,१८० |
| ५ | २०८१/८२ | ४२ | प्रदेश समपूरक अनुदानः | १०,००,००० |
| ६ | २०८१/८२ | ५७ | दोहोरो यातायात खर्च : | ५४,००० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ७ | २०८१/८२ | ४७.२ | कोटेशन र सोझै खरिद: | ६४,२९,७७६ |
| ८ | २०८१/८२ | ६० | कर्मचारी तालिम कार्यक्रम: | ३०,००० |
| ९ | २०८१/८२ | ७९.४,७९.८,७९.९,७९.११ र ७९.१२ | आन्तरिक लेखापरीक्षणबाट कायम बेहोरा असुली /फस्यौंट नभएको: | १४,२१,२२१ |
| जम्मा | | | | १,३१,२१,३१८ |
| गत विगत आर्थिक वर्षहरूको सम्परीक्षण | | | | |
| १० | २०८०/८१ | ९५.१ | सोझै खरिद | ७६,५८,३३३ |
| ११ | २०८०/८१ | १९ | व्यवसाय कर | १,११,०२५ |
| १२ | २०८०/८१ | ८८ | भुक्तानी वाँकिको अभिलेख वेगर गत वर्षको भुक्तानी | ४,७९,४१२ |
| १३ | २०८०/८१ | ८२.१ | बाँकि काम हुदा हुदै कार्यसम्पन्न | १६,१३,९३२ |
| १४ | २०८०/८१ | १०६ | बढी भुक्तानी | ३९,६२३ |
| १५ | २०८०/८१ | ५१ | बढी भत्ता भुक्तानी | ३९,९५० |
| १६ | २०८०/८१ | ७२ | प्राविधिक शिक्षा सञ्चालन अनुदान | ७,००,००० |
| १७ | २०८०/८१ | २७ | पेश्की वाँकी | २४,८२,०२० |
| १८ | २०८०/८१ | ६१ | नर्म्स विपरीत भुक्तानि | ४,०८० |
| १९ | २०८०/८१ | ५५ | धरौटी | १२,०३,२४८ |
| २० | २०८०/८१ | ५० | दोहोरो भत्ता | ५,००० |
| २१ | २०८०/८१ | ४८ | तालिम कार्यक्रम | ८,५०० |
| २२ | २०८०/८१ | १०८ | जिन्सि निरिक्षण भत्ता | ९१,८०० |
| २३ | २०८०/८१ | ८३ | काठमाण्डौ उपत्यका खानेपानी लिमिटेडलाई भुक्तानी | १,०९,६९,६६८ |
| २४ | २०८०/८१ | ४४ | कर्मचारी करार | ६,२५,६७४ |
| २५ | २०८०/८१ | ८४ | अन्तर स्थानिय तह अनुदान | १५,००,००० |
| २६ | २०८०/८१ | ५७ | अनुगमन भत्ता (संघिय सशर्त कार्यक्रम) | २,५५० |
| २७ | २०८०/८१ | ५६ | अनुगमन भत्ता | ११,९०० |
| २८ | २०७९/८० | ७६ | सीमाभन्दा बढीको काम | २,१०,८४,५२४ |
| २९ | २०७९/८० | ४६ | करारका कर्मचारिलाई महँगी भत्ताः | ५,२०,००० |
| जम्मा | | | | ४,९१,५१,२३९ |
| जम्मा | | | | ६,२२,७२,५५७ |

# टोखा नगरपालिका, काठमाडौँ

# ( ८०३३५४०५३०० )

# टोखा नगरपालिका , काठमाडौं

## परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै शासन पद्धतिलाई सुदृढ गरी विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु टोखा नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत ११ वडा, ५९ सभा सदस्य, १७.११ वर्ग किलोमिटर क्षेत्रफल तथा १३३७५५ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।१०।८ देखि २०८२।१०।१६ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका बेहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका बेहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका बेहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय – व्ययतर्फ रु. २ अर्ब ८४ करोड ४८ लाख ३ हजार ७६४ रुपैयाको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ५९,३१,१५८ असुल भइ सम्बन्धित राजस्व खातामा दाखिला प्रमाण पेश भएको छ ।

| कारोवार संकेत नं. | वापत | दाखिला रकम | दाखिला मिति | बैंङ्कको नाम |
|---|---|---|---|---|
| २०८२।७२२७०६६ | दिवा खाजा बढी निकासा( मनोहर माबि) | ५६०१८० | २०८२।१०।१५ | रा.वा.बैंक संघीय बेरुजु खाता |
| २०८२।७२९३२८० | दिवा खाजा बढी निकासा (जालुपा माबि) | ६६८४८५ | २०८२।१०।१८ | रा.वा.बैंक संघीय बेरुजु खाता |
| २०८२।७२२५५६३ | दिवाखाजा, पाठ्यपुस्तक , छात्रवृत्ति बढी निकासा( धापासि माबि) | २६९०६ | २०८२।१०।१५ | रा.वा.बैंक संघीय बेरुजु खाता |
| २०८२।७२२६९६ | छात्रावृत्ति बढी निकासा (मनोहर माबि) | १४४०० | २०८२।१०।१५ | रा.वा.बैंक संघीय बेरुजु खाता |
| २०८२।७२९३४३६ | छात्रवृत्ति बढी निकासा (जालुपा माबि) | ७६०० | २०८२।१०।१८ | रा.वा.बैंक संघीय बेरुजु खाता |
| २०८२।८११२६६८ | दिवा खाजा बडी निकासा (सरस्वती माबि) | ३९१८० | २०८२।११।१० | रा.वा.बैंक संघीय बेरुजु खाता |
| २०८२।८११२४८३ | छात्रवृत्ति बढी निकासा( सरस्वती माबि) | ८०० | २०८२।११।१० | रा.वा.बैंक संघीय बेरुजु खाता |
| २०८२।८७०८८९७ | छात्रवृत्ति बढी निकासा ( तिलिङ्गटार मा वि) | ५६०० | २०८२।११।२८ | रा.वा.बैंक संघीय बेरुजु खाता |
| २०८२।८७०८९७० | पाठ्य पुस्तक बढी निकासा( तिलिङ्गटार मा वि) | २४०१७ | २०८२।११।२८ | रा.वा.बैंक संघीय बेरुजु खाता |
| २०८२।८६८८३९० | छात्रवृत्ति र पाठ्यपुस्तक बढी निकासा( चण्डेश्वरी माबि) | १९२७९ | २०८२।११।२८ | रा.वा.बैंक संघीय बेरुजु खाता |
| २०८२।८७२००५० | शैक्षिक अनुदान निकासा (तिलिङ्गटार माबि) | ४५००००० | २०८२।११।२८ | रा.वा.बैंक संघीय बेरुजु खाता |
| २०३० | प्रशिक्षक भत्ता | ११९० | २०८२।११।२९ | स्थानीय बेरुजु खाता |
| ११९८ | दोहोरो सुविधा | ४००० | २०८२।११।२७ | स्थानीय बेरुजु खाता |
| २०१६ | चण्डेश्वरी मावी | १०००० | २०८२।११।२८ | स्थानीय बेरुजु खाता |
| २०३,४२०,३५२,०३७ | बढी भुक्तानी | २६७६ | २०८२।१२।१ | स्थानीय बेरुजु खाता |
| २००५ | प्रतिवेदन भत्ता | ५५२५ | २०८२।११।२८ | स्थानीय बेरुजु खाता |
| २०१९ | तालिम कार्यक्रमको बैठक भत्ता | ३४०० | २०८२।११।२८ | स्थानीय बेरुजु खाता |
| २००४ | भ्रमण खर्च | ३६०० | २०८२।११।२८ | स्थानीय बेरुजु खाता |

| | | | | |
|---|---|---|---|---|
| २०२९ | अनुगमन भत्ता | ४२५० | २०८२।११।२० | स्थानीय बेरुजु खाता |
| २०१७ | पुरानो बिलको आधारमा सोधभर्ना | ३७७० | २०८२।११।२८ | स्थानीय बेरुजु खाता |
| २००१,२०१०,२००९,२००० | प्रशिक्षक भत्ता बढी भुक्तानी | ३२०० | २०८२।११।२८ | स्थानीय बेरुजु खाता |
| २०३० | प्रशिक्षक भत्ता बढी भुक्तानी | १४०० | २०८२।११।२९ | स्थानीय बेरुजु खाता |
| १९९९ | बढी भुक्तानी | १७०० | २०८२।११।२७ | स्थानीय बेरुजु खाता |
| ८०१०३३५०६ | खाजा खर्च चेतना महिला मावि | २०००० | २०८२।१०।१५ | संघीय बेरुजु खाता |
| जम्मा | | ५९३११५८ | | |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आर्थिक विवरणको विश्लेषण:**

**वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारिण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७९।०८।२० मा नेपाल सरकार मन्त्रिपरिषदबाट जारी भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नानुसार देखिएको छः

२.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण र स्थानीय संचीत कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनूसूचिमा संलग्न गरिएको छ ।

| प्राप्ति | | | भुक्तानी | | |
|---|---|---|---|---|---|
| विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| सुरु मौज्दात | | ५९५७७८६०६ | चालु खर्च | | ६०५६२७९९६ |
| १. संचित कोष | ५२५८२३०७० | | १. पालिका तर्फ | ४३८१४८१५७ | |
| २.धरौटी | ३३४४९३१६ | | २. संघीय सशर्त | १६२८२५९१८ | |
| ३.कार्यसञ्चालन कोष | ६०४२५३३ | | ३. संघीय विशेष | ० | |
| ४. अन्य कोष | ३०४६३६८७ | | ४. प्रदेश सशर्त | ४६५३९२१ | |
| १.यस वर्षको आय | | ५८६२५९२११ | ५. प्रदेश विशेष | | |
| क)आन्तरिक आय | ३१५६६०८३५ | | पुँजीगत खर्च | | ५६९३६०५३९ |
| ख)स्थानीय राजस्व बाडफाँड | २५२७३१६४० | | १. पालिका तर्फ | ५४०५११५३४६ | |
| ग)तारकेश्वर | १०४२८७०० | | २. संघीय सशर्त | ८९३४२५७ | |
| घ)जनसहभागीता | ७१५२३२८ | | ३. संघीय विशेष | ० | |
| ङ)बैंक बढी भएको | २८५७०७ | | ४. संघीय समपूरक | ३४१०२८७ | |
| २. वित्तीय हस्तान्तरण (संघ) | | ५४३२६३०३४ | ५. प्रदेश सशर्त | ५२२५९३० | |
| क) समानीकरण अनुदान | २२४६२८४८० | | ६. प्रदेश विशेष | २५००००० | |
| ख) राजस्व बाँडफाँट | १०५५३३१२७ | | ७. प्रदेश समपूरक | ८७७४७१९ | |
| ग) सशर्त अनुदान | २०९६९११४० | | | | |
| घ) समपूरक अनुदान | ३४१०२८७ | | | | |
| ङ) विशेष अनुदान | ० | | | | |
| ३. वित्तीय हस्तान्तरण (प्रदेश) | | १०२२०७८१७ | | | |
| क) समानीकरण अनुदान | २६२२९००० | | अन्तर सरकारी अख्तियारी (संघ) | | १६९४०९२६४ |
| ख) राजस्व बाँडफाँट | ४२१८७३१७ | | क) सामाजिक सुरक्षा | १४६८४४००४ | |
| ग) सशर्त अनुदान | १३६०४००० | | ख)स्वास्थ्य सुधार कार्यक्रम चालु | १९४४४६२४ | |
| घ) समपूरक अनुदान | १७०६२५०० | | ग) स्वास्थ्य सुधार कार्यक्रम पुजीगत | ३१२०६३६ | |
| ङ) विशेष अनुदान | ३१२५००० | | धरौटी फिर्ता तथा सदर स्याहा | १०५६५७५८ | १०५६५७५८ |
| ४. अन्तर सरकारी अख्तियारी (संघ) | | १६९४०९२६४ | विभिन्न कोषको खर्च | | ९६१३२६१ |
| क) सामाजिक सुरक्षा | १४६८४४००४ | | विविध खर्च | १५०१८४७ | |
| ख) स्वास्थ्य सुधार कार्यक्रम चालु | १९४४४६२४ | | स्थानीय विविध कोष | ५४४८०४७ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ग) स्वास्थ्य सुधार कार्यक्रम पुजीगत | ३१२०६३६ | | विभाज्य कोष | २६६३३६८ | |
| ५. धरौटी आय | १३१८२९१८ | १३१८२९१८ | अनुदान फिर्ता | | |
| ६.विभिन्न कोषको आम्दानी | | १५३३६८०८ | १. संघ तर्फ | | ३७९३०९६४ |
| क)कार्यसञ्चालन कोष आय | २४०६३४४ | | क) सशर्त अनुदान | ३७९३०९६४ | |
| ख)स्थानीय विविध | १०२६७०९७ | | | | |
| ग)विभाज्य कोष खाता | २६६३३६८ | | ख) विशेष अनुदान | ० | |
| ७. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना | | | ग) समपूरक अनुदान | ० | |
| | | | २. प्रदेश तर्फ | | १२६३६९३१ |
| | | | क) सशर्त अनुदान | ३७२४१४९ | |
| | | | ख) विशेष अनुदान | ६२५००० | |
| | | | ग) समपूरक अनुदान | ८२८७७८२ | |
| | | | अन्तिम मौज्दात | | ६१०२९२९४६ |
| | | | १. संचित कोषको मौज्दात | ५३१९९६७०२ | |
| | | | २. धरौटी | ३६०६६४७६ | |
| | | | ३. कार्यसञ्चालनकोष/स्थानीय विविध कोष | ३५२८२७३७ | |
| | | | ४. स्थानीय तह विविध खर्च खाता | ३३३४११२ | |
| | | | ४. अन्यकोष/प्रकोप व्यवस्थापन कोष खाता | ३६१२९१८ | |
| जम्मा | २०२५४३७६५८ | २०२५४३७६५८ | जम्मा | २०२५४३७६५८ | २०२५४३७६५८ |

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.२ **वित्तीय विवरणको यथार्थता-** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं२७०) तयार गर्नुपर्छ ।पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१,४६,८४,४०४।- र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.२,२५,६५,२५९.६ समेत गरी रु.१६,९४,०९,२६३.६ सुत्र प्रणालीको अनुसूची -१४ मा समावेश गरेको भएतापनि उक्त रकम सुत्र प्रणालीको वित्तीय विवरणमा समावेश भएको छैन ।जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणले सम्पूर्ण कारोबार नसमेटेको हुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन ।

२.३ **फरक हिसाब** – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकिकृत

आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार यस वर्षको प्राप्ति रु. १९७९२८९९०.०८ र यस वर्षको भुक्तानी रु. १८९५८८२८२.६३ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं. २७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| एकिकृत आर्थिक विवरणअनुसार | ५९५७७८६०६.०५ | १३७९०९११५७.४१ | १३६४५७६८१७.२२ | ६१०२९२९४६.२४ |
| सूत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | ५९५७७८६०६.०५ | ११८११६२१६७.३३ | ११७४९८८५३४.५९ | ६१०२९२९४६.२४ |
| फरक | ० | १९७९२८९९०.०८ | १८९५८८२८२.६३ | ० |

२.४ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(१) (२) अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार लेखाङ्कन र बैंक हिसाब मिलान विवरण (म.ले.प. फा.नं.२१२) तयार गरी हिसाव भिडान समेत गर्नुपर्दछ। स्थानीय सञ्चितकोष व्यवस्थापन प्रणाली सुत्र को बैंक तथा नगद बाँकीको प्रतिवेदन अनुसार देहायअनुसार रहेको छ ।

| खाताको प्रकार | स्रेस्ता अनुसार बाँकी रु. | बैंक अनुसार बाँकी रु. |
|---|---|---|
| ग १.१, आन्तरिक राजस्व खाता | ० | ० |
| ग १.२, बाँडफाँटबाट प्राप्त राजस्व खाता | ० | ० |
| ग १.३, आन्तरिक अनुदान खाता | ० | ० |
| ग २.२, चालु खर्च खाता- जोर वर्ष | ० | ० |
| ग २.४, पुँजीगत खर्च खाता- जोर वर्ष | ० | ० |
| ग २.७, विविध खर्च खाता | ३३३४११२.४६ | ३३३४११२.४६ |
| ग ३.१, स्थानीय तह धरौटी खाता | ३६०६६४७६.२ | ३६०६६४७६.२ |
| ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | ५३१९९६७०२.३९ | ५३१९९६७०२.३९ |
| ग ५.१, स्थानीय तह विविध कोष खाता | ३५२८२७३७.१९ | ३५२८२७३७.१९ |
| ग ६.१, स्थानीय तह विभाज्य कोष खाता | ० | ० |
| ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ३६१२९१८. | ३६१२९१८. |
| जम्मा | ६१,०२,९२,९४६.२४ | ६१,०२,९२,९४६.२४ |

## ३ आन्तरिक लेखापरीक्षण :

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर यस पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण आर्थिक वर्षको अन्त्यमा मात्र गराएको पाइयो । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण त्रैमासिक रुपमा गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

## ४ आन्तरिक नियन्त्रण प्रणाली :

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ मा पालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरेकोमा आंशिक मात्र लागू गरेको पाइयो । पालिकाको आन्तरिक नियन्त्रण प्रणाली सवल हुन नसकेकोले सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका कैफियत व्यहोराहरु देहायबमोजिम रहेका छन:

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्यूनतम दररेट तोक्नु पर्नेमा नतोकेको र जिल्ला दररेटलाई आधार मानी योजना तथा कार्यक्रम सञ्चालन गरेको,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सो नियमावली नवनाएको र संघिय कानुनलाई नै पूर्ण आधार लिएको,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,

• पालिकाले खर्चको कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन, साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन,

• मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई समयमा दिएको पाईएन,

• पालिकाले २०८१।८२ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य योजनाको आयोजना बैंक (Project bank) खडा गरेको देखिएन,

• पालिकाले आयोजना कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरी वडागत रुपमा बजेटको आधारमा योजना स्विकृत गरी कार्यान्वियन गर्दै आएकाले वजेट तथा कार्यक्रमको प्राथमिकिकरण हुन सकेको छैन,

• वातावरणको संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको पाइएन, शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन,

•सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक बडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिति अनुगमन संयन्त्र मार्फत् कार्यान्वियन भएको छैन,

• बैठक भत्ता भुक्तानी गर्दा आमन्त्रितको संख्या निर्देशिकाले तोके भन्दा बढी राखी भत्ता भुक्तानी गर्ने गरेको छ,

• शीर्षक फरक पारी असम्वन्धित खर्च लेख्ने गरेको,

• विभिन्न तालिमा सञ्चालन गरी भुक्तानी खर्च लेखेकोमा रुटिन तथा श्रोतव्यक्ति मनोनयन पत्रका साथै योग्यता समेत संलग्न नगरी कार्यक्रम सञ्चालन गर्ने गरेको,

• रसिद नियन्त्रण खाता अद्यावधिक नगरेको तथा आर्थिक वर्षअनुसारका रसिद ठेलिहरु वाँकि, खर्च र आम्दानी ठेली संख्याको चेकजाँच नगरेको,

• विभिन्न तालिमवाट उत्पादित सामाग्री वडा तथा नगरपालिका कार्यालयमा दाखिला हुनुपर्ने गरि सम्झौता भएकोमा कुनै पनि तालिमवाट उत्पादित सामाग्रि दाखिला गर्ने नगरेको,

• ईन्धन खर्चको सरकारी सम्पत्ति अभिलेख प्रणाली (पाम्स) मा दाखिला रेकर्ड नराखेको,

• जिन्सी निरीक्षण प्रतिवेदन सरकारी सम्पत्ति अभिलेख प्रणाली -पाम्समा नराखेको,

• कन्टिन्जेन्सी रकमको खर्च र आम्दानी सम्वन्धमा अभिलेख नराखी औचित्य पुष्टि नहुने गरी खर्च गर्दै आएको ।

उपर्युक्तानुसारको स्थिति देखिँदा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर मूल्यांकन भएकोले तत्काल कायम हुने गरी आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी वनाई सुदृढ खरिद व्यवस्थापन, समग्र वित्तीय कारोवारको लेखांकन एवं प्रतिवेदन गरी प्रतिस्पर्धी, पारदर्शी र मितव्ययी कारोवार गर्न गराउन तोकिए बमोजिम प्रभावकारी र विश्वाशनीय आन्तरिक नियन्त्रण कायम गरी सेवा प्रवाह सुदृढ बनाउनु पर्दछ ।

५ **वर्षान्तमा रकमान्तर :**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७९ मा कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधीनमा रहि कुनै शीर्षकबाट पूँजिगत शीर्षकमा पच्चिस प्रतिशतले नबढाई रकमान्तर गर्न सक्नेछ भन्ने व्यवस्था रहेको छ। पालिकाले ऐन अनुसार स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको परिधि भित्र रहि तोकिएको कार्यक्रम सञ्चालन गर्नुपर्नेमा यस पालिकाले २०८१ आषाढमा आर्थिक वर्ष ०८१।८२ को लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्य सञ्चालन नगरी हिउँदे सभाको निर्णयबाट विभिन्न १४६ कार्यक्रम तथा योजनाको रु. १७,६०,२१,०००।- बजेट घटाई विभिन्न २९१ योजना तथा कार्यक्रममा रु.२८,३८,३६,०००।- बजेट वृद्धि गरी खर्च गरेको छ । यसरी सभाबाट स्वीकृत कार्यक्रम घटाई हिउँदे सभाबाट निर्णय गराई अन्य योजना तथा कार्यक्रममा खर्च गरेको देखिन्छ।

६ **बजेट तथा कार्यक्रम तर्जुमा :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालना गर्नुपर्ने देखिन्छ ।

७ **बजेट पेश, पारित र अख्तियारी :**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहमा उपप्रमुखले मिति २०८१।३।१० गते रु.१ अर्ब ८१ करोड ८८ लाख १९ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८१।०३।१२ मा पारित भएको छ ।यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।०३।१९ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

## ८ **बजेट खर्च :**

आर्थिक वर्ष २०८१।८२ को पालिकाको कुल बजेट खर्च मध्ये चालु र पुँजीगत खर्च देहाय बमोजिम गरेको छ ।जसमा अन्तरसरकारी अख्तियारी संघको रकम समावेश गरिएको छैन।

| कुल बजेट | कुल बजेट खर्च रु. | चालु खर्च रु. | प्रतिशत | पुँजीगत खर्च रु. | प्रतिशत |
|---|---|---|---|---|---|
| १८१८८१९७०० | ११७४९८८५३४.५९ | ६०५६२७९९६ | ५१.५४ | ५६९३६०५३८.५२ | ४८.४५ |

उपर्युक्त विवरण अनुसार पालिकाको यस आर्थिक वर्षमा कुल रु.१ अर्ब ८१ करोड ८८ लाख १९ हजार बजेट विनियोजन भएकोमा चालु तर्फ रु.६० करोड ५६ लाख २८ हजार र पुँजीगत तर्फ रु. ५६ करोड ९३ लाख ६० हजार गरी कुल खर्च रु.१ अर्ब १७ करोड ४९ लाख ८८ हजार अर्थात कुल खर्चको तुलनामा ४८.४५ प्रतिशत पूँजिगतमा र ५१.५४ प्रतिशत चालुमा खर्च भएको छ ।

## ९ **खर्च विश्लेषणः**

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु.३१,५६,६०,८३५.०८ राजस्व बाँडफाँटवाट रु.४०,०४,५२,०८४.२२ गरी जम्मा रु.७१,६१,१२,९१९.३० र अनुदानबाट रु.४६,५०,४९,२४८.०३ समेत रु.१,१८,११,६२,१६७.३३ आम्दानी गरेकोमा चालु तर्फ रु. ६०,५६,२७,९९६.०७ र पूँजिगत तर्फ रु.५६,९३,६०,५३८.५२ समेत रु.१,१७,४९,८८,५३४.५९ खर्च गरेको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २६.८६ प्रतिशत रहेको छ। यसवर्ष पदाधिकारी पारिश्रमिकमा रु.१,०२,४८,००० खर्च गरेको छ ।जुन पालिकाको आन्तरिक आय रु.३१,५६,६०,८३५.०८ को ३.२५ प्रतिशत रहेको छ । पालिकाले कुल खर्चको तुलनामा ५१.५४ प्रतिशत चालु, ४८.४५ प्रतिशत पूँजिगत निर्माण तर्फ खर्च गरेको देखिन्छ ।यसबाट पालिकाले विकास निर्माण खर्च न्यून हुने र प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ।प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकतम विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## १० **क्षेत्रगत बजेट र खर्च :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम बजेट पास गर्दा स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । यस पालिकाको २०८१/८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ ।

| सिनं | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | ४७३२३००० | ३०७४६७८४ | २.६४ |
| २ | पूर्वाधार विकास | ८३०३९३३५४ | ४९०३९८७४० | ४१.८५ |
| ३ | सामाजिक विकास | ३७५७९६५८३ | २५१२४७०१२ | २१.४४ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १४६२८२००० | ७४५८३७६२.४ | ६.३६ |
| ५ | कार्यालय संचालन तथा प्रशासनिक | ४०४०२४७६३ | ३२४६०१९४९ | २७.७१ |
| | जम्मा | १८०३८१९७०० | ११७१५७८२४७ | |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन भई खर्च गरेको बजेट मध्ये सबैभन्दा बढी पूर्वाधार विकासमा ४१.८५ प्रतिशत र सबै भन्दा घटी आर्थिक विकास क्षेत्रमा २.६४ प्रतिशत खर्च रहेको छ ।

११ **त्रैमासिक पुँजीगत खर्च :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसूची २ बमोजिम त्रैमासिक प्रगति विवरण बनाउनु पर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस आर्थिक वर्षमा गरेको पुँजीगत खर्चको स्थिति देहाय बमोजिम रहेको छ ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| १ | संघीय पुँजीगत | १२३४४५४४ | ० | ० | ० | १२३४४५४४ | १२३४४५४४.३६ |
| २ | प्रदेश पुँजीगत | १६५००६४९ | ० | ० | ५४५२३९८ | ११०४८२५१ | १०४२७२१८.५ |
| ३ | नगरपालिका पुँजीगत | ५३००८६६४६ | २७९७६८८९.७ | ५९३०२९३५.४ | १३८६१८६५२ | ३०४१८८१६९ | २०१८४१४१४.५ |
| ४ | अन्तर स्थानीय तह तारकेश्वर बाट प्राप्त | १०४२८७०० | ० | ० | ० | १०४२८७०० | १०४२८७०० |
| | कुल खर्च | ५६९३६०५३९ | २७९७६८८९.७ | ५९३०२९३५.४ | १४४०७१०५० | ३३८००९६६३ | २३५०४१८७७[illegible].४ |
| | खर्च प्रतिशत | १०० | ४.९१ | १०.४२ | २५.३० | ५९.३७ | ४१.२८ |

उपर्युक्त विवरण अनुसार पुँजीगत तर्फ यो वर्ष जम्मा रु. ५६ करोड ९३ लाख ६० हजार खर्च भएकोमा प्रथम त्रैमासिक निकासा खर्च रु. २ करोड ७९ लाख ७६ हजार (४.९१ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. ५ करोड ९३ लाख २ हजार (१०.४२ प्रतिशत) तेस्रो त्रैमासिकमा रु.१४ करोड ४० लाख ७१ हजार (२५.३० प्रतिशत) र चौथो त्रैमासिकमा रु. ३३ करोड ८० लाख ९ हजार (५९.३७ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. २३ करोड ५० लाख ४२ हजार (४१.२८ प्रतिशत) खर्च गरेको

छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तर र परिमाणमा समेत जोखिम थपिन सक्ने देखिन्छ।विकास खर्चको आधाभन्दा बढी रकम असार महिनामा खर्च गरेको देखिएकोले सन्तुलित रुपमा चौमासिक खर्च गर्नु पर्दछ।

## १२ अनुदान फिर्ता :

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा सङ्घीय सञ्चित कोषबाट प्रदेश तथा स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई जुनसुकै खातामा बाँकी रहेको सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र सम्बन्धित प्रदेश तथा स्थानीय तहले फिर्ता गर्नुपर्ने व्यवस्था छ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|---|
| संघीय सरकार | सशर्त | २०९६९११३९.५८ | १७१७६०१७५.४८ | ३७९३०९६४.१ |
| | विषेश | ० | ० | ० |
| | समपूरक | ३४१०२८७.३६ | ३४१०२८७.३६ | ३७९३०९६४.१ |
| जम्मा | | २१,३१,०१,४२६.९४ | १७,५१,७०,४६२ | ३,७९,३०,९६४.१ |
| प्रदेश सरकार | सशर्त | १३६०४००० | ९८७९८५१ | ३७२४१४९ |
| | विषेश | ३१२५००० | २५००००० | ६२५००० |
| | समपूरक | १७०६२५०० | ८७७४७१८.५ | ८२८७७८१.५ |
| जम्मा | | ३,३७,९१,५०० | २,११,५४,५६९.५ | १,२६,३९,९३०.५ |
| कुल जम्मा | | २४,६८,९२,९२६.९४ | १९,६३,२५,०३२.४ | ५०,५६,७६२.४६ |

उपर्युक्त विवरण अनुसार संघीय सरकारबाट रु. २१ करोड ३१ लाख १ हजार अनुदान प्राप्त भएकोमा यस आर्थिक वर्ष रु.१७ करोड ५१ लाख ७० हजार बजेट खर्च भई बाँकी रु. ३ करोड ७९ लाख ३१ हजार मिति २०८२।३।२५ मा सङ्घीय संचित कोषमा फिर्ता गरेको देखिन्छ । त्यस्तै प्रदेश सरकारबाट रु. ३ करोड ३७ लाख ९१ हजार अनुदान प्राप्त भएकोमा यस आर्थिक वर्ष रु. २ करोड ११ लाख ५४ हजार खर्च भएको देखिन्छ भने खर्च गर्न बाँकी रु. १ करोड २६ लाख ३९ हजार मिति २०८२।३।२५ मा प्रदेश संचित कोषमा फिर्ता गरेको देखिन्छ ।

## १३ योजनाको प्राथमिकीकरण :

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले स्थानीय योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकताको आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नानुसार ११ वडाको लागि वडागत र पालिकास्तरका कुल ६१० योजनामा वजेट विनियोजन गरेको छ।

| क्रसं | कार्यक्रमको नाम | योजनाको संख्या | रु २० लाख माथिका योजना संख्या | रु ५ लाख देखि २० लाख सम्मका योजना संख्या | रु ५ लाख भन्दा कमका योजना संख्या |
|---|---|---|---|---|---|
| १ | पालिका स्तरीय | १६० | ६० | ८४ | १६ |
| २ | वडा स्तरीय | ४५० | ३३ | १८६ | २३१ |
| | जम्मा | ६१० | ९३ | २७० | २४७ |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु. ५ लाख भन्दा कमका २४७ वटा योजना(४०.४९ प्रतिशत), ५ लाख देखि २० लाख सम्मका २७० वटा र २० लाख माथिका ९३ वटा गरी ६१० वटा योजनाहरु सञ्चालन गरेको देखियो । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालीन प्रतिफल प्राप्त नहुनुका साथै चालु प्रकृतिका खर्चमा बृद्धि हुँदै जाने हुनाले गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, जनताको जीवनस्तर र रोजगारी बढ्ने, दिगो विकास, वातावरणय संरक्षण, सामाजिक समावेशीकरण अभिवृद्धि हुने योजना छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नु पर्दछ ।

१४ **योजना छनौट र कार्यान्वयन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष छनौट गरेका योजनाहरुको विवरण देहाए बमोजिम रहेको छ ।

| सि.नं. | योजनाको आकार | संख्या | भुक्तानी रकम |
|---|---|---|---|
| १ | १ लाख सम्मका | ४९ | ३२०३००० |
| २ | १– २ लाख सम्मको | ४३ | ५३६९००० |
| ३ | २– ५ लाख सम्मको | १५५ | ३४४७५००० |
| ४ | ५– १० लाख सम्मको | १९६ | ११७०८०००० |
| ५ | १०– २० लाख सम्मको | ७४ | ८३२०५००० |
| ६ | २० लाख माथिका | ९३ | २९२१४३००० |
| | जम्मा | ६१० | ५३५४७५००० |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु ५ लाख सम्मका २४७ वटा योजना, ५ लाख देखि २० लाख सम्मका २७० वटा र २० लाख भन्दा माथीका ९३ गरी ६१० योजनामा बजेट विनियोजन गरी रु ५३ करोड ५४ लाख ७५ हजार योजना सञ्चालन गरेको देखियो । पालिकाले योजना छनौट गर्दा स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा उल्लेखित आधारहरु जस्तै गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास लगायतमा ध्यान दिनुपर्दछ जसले गर्दा सञ्चालित योजनाबाट दीर्घकालीन प्रतिफल प्राप्त नहुनुका साथै चालु प्रकृतिका खर्चमा बृद्धि हुँदै जाने हुनाले गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, जनताको जीवनस्तर र रोजगारी बढ्ने, दिगो विकास, वातावरणिय संरक्षण, सामाजिक समावेशीकरण अभिवृद्धि हुने योजना छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नु पर्दछ ।

१५ **वार्षिक खरिद गुरुयोजना :**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्ने तथा नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत लाभग्राही समुदाय समेतबाट वार्षिक रु. ५६ करोड ९३ लाख ६० हजार पुँजीगत खर्च/खरिद निर्माण कार्य गरेकोमा खरिद गुरुयोजना बनाएको पाइएन। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई पूर्वानुमानयोग्य,पारदर्शी, परिमाणमुखी र मितव्ययी खरिद कार्य गर्नुपर्दछ ।

१६ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहित पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था

छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन।स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

**१७ ठेक्का बन्दोवस्त :**

पालिकाले उपलब्ध गराएको विवरण अनुसार कार्यालयबाट भएको खरिद व्यवस्थापन सम्बन्धि संक्षिप्त विवरण देहाय अनुसार रहेको छः

| कार्यक्रम/ शीर्षक | खरिद सम्झौता | | | | | | | | यस बर्ष सम्पन्न योजना | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल जम्मा योजनाको लागत अनुमान | | प्रथम चौमासिक | | दोस्रो चौमासिक | | तेस्रो चौमासिक | | | |
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| बोलपत्र/ सिलबन्दी दरभाउ बाट | २३ | २१५११३७८५०.५९ | ० | ० | १५ | ७७९९४०१५.४८ | ८ | ७०६९७९६५.४ | ११ | ४३३३६४६७.५४ |
| | | | २६ मध्ये ३ योजना क्रमागत भएको ३ वटा योजना सम्झौता नभएको | | | | | | | |

उल्लेखित विवरण अनुसार यो वर्ष पालिकाले विभिन्न कार्यको लागि रु. २१ करोड ५१ लाख ३७ हजार लागतको २३ ठेक्का बन्दोवस्त गरेकोमा प्रथम चौमासिकमा ठेक्का व्यवस्थापन भएको देखिएन भने, दोश्रो चौमासिकमा रु. ७ करोड ७९ लाख ९४ हजारको १५ ठेक्का व्यवस्थापन भएको र तेस्रो त्रैमासिकमा रु ७ करोड ६ लाख ९७ हजारको ८ ठेक्का व्यवस्थापन भएको देखिन्छ । ठेक्का व्यवस्थापन मार्फत ११ वटा योजनाहरुमा रु.४ करोड ३३ लाख ३६ हजार खर्च भई आर्थिक वर्षको अन्त्यसम्ममा १२ ठेक्का सम्पन्न हुन बाँकी देखिन्छ ।बाँकी ठेक्का समेत समयमानै सम्पन्न गर्नुपर्दछ ।

**१८ निर्माण ठेक्का कार्यमा प्रतिस्पर्धा तथा गुणस्तर :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा बोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले बोलपत्र मार्फत प्रतिस्पर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ६.३५ देखि ४८.९२ प्रतिशत सम्म घटीमा कबोल गर्ने योजना कार्यान्वियन गराएको पाइयो । पालिकाको स्वीकृत नर्म्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको देखिन्छ।लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| क्र.सं. | योजनाको विवरण | ठेक्का नं. | बोलपत्रदाताको संख्या | बोलपत्रदाताको नाम | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | Ward no. 10 antargat joshi automobile sagaiko sadak,shantidip tol,nawajoti marga,kharibot tol lagayat sadakharu kalopatre karya | 05/NCB/TM/W/2081-082 | ५ | Than nirman sewa | ४८१७५३४.१९ | ३६४६८३२.८१ | २४.६६ |
| २ | Ward no. 5 antargat narayan nursary agadiko sadak, karki tol sadak ra siddeshwor mahadev agadiko sadak dhalan tatha dhal jadan karya. | 08/NCB/TM/W/2081-082 | ८ | G.P.R.S. Builders And Suppliers Pvt.Ltd,Tokha-10,Kathmandu | २०३८७५३.६७ | १४११५०८.८१ | ३१.२७ |
| ३ | Ward-3,6,8,11 hudai bagne Bishnumati nadi niyantran tatha karidor Nirman karya. | 18/NCB/TM/W/2081-82 | १८ | Shahi Nirman sewa | २८४०३८९२.७६ | १४६३६०५२.१५ | ४८.९२ |
| ४ | Manohar Tirtha Dekhi Indreni Pul Samma Kalopatre Tatha Miteri Tolma Dhal Tatha Sadak Kalopatre Karya,Ward-8 | 24/NCB/TM/W/2081-82 | २५ | G.P.R.S. Builders and Suppliers P.Ltd,Kathmandu | ९०३४०५८.८९ | ८४६३३४९.३८ | ६.३५ |
| ५ | Khulla Byayamshala Nirman -Ward 9 | 33/SQ/TM/G/2081-82 | ३४ | Nayan Construction and Engineering Consultancy, p. Ltd, Gulmi | १९२९९१० | १२१८०६७.९१ | २९.९१ |

१९ **निर्माण कार्य व्यवस्थापन :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम सार्वजनिक निकायले २० लाख रुपैयाँ भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य बोलपत्र विधिबाट तथा नियम ९७ बमोजिम उपभोक्ता समिति मार्फत कार्य गराउन सकिने व्यवस्था रहेको छ। पालिकाले ठेक्का र उपभोक्ता समिति मार्फत गरेको योजनाहरु देहाय बमोजिम रहेका छन् ।

| योजना संख्या | ठेक्का मार्फत | | उपभोक्ता समिति मार्फत | | सोझै खरिद | | अमानतबाट खरिद | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| ६१० | २६ | ८००६५७२९.१३ | ४१९ | २८६२०६१६९ | १४७ | ८४७७५६२१ | १५ | - |

यस आर्थिक वर्षमा पालिकाले सञ्चालन गरेका कुल ६१० योजना मध्ये ठेक्का मार्फत २६ वटा योजनामा रु. ८ करोड ६५ हजार खर्च गरेको छ भने उपभोक्ता समिति मार्फत सञ्चालित ४१९ योजनामा रु. २८ करोड ६२ लाख ६ हजार खर्च गरेको छ । अर्थात ४४५ योजनामा भएको खर्च रु.३६ करोड ६२ लाख ७१ हजार ८९८ मध्ये २१.८५ प्रतिशत ठेक्का प्रक्रिया मार्फत र ७८.१४ प्रतिशत रकम उपभोक्ता समिति मार्फत् खर्च गरेको देखिन्छ। पालिकाले यस वर्ष संचालित योजनाहरुमा सडक पिच १०.२९ किलोमिटर र ग्राबेल १.८४ किलोमिटर खोल्ने कार्य गरेकोमा सो निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको दिगोपना,

उपभोक्ता समितिको क्षमता, निर्माण कार्यको प्रकृति लगायतका कुराहरु समेत विचार गरी निर्माण कार्य सञ्चालन एंव व्यवस्थापन गर्नु गराउनु पर्दछ ।

२० **ठेक्का अभिलेख :**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कुल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण ,कार्य सम्पादन जमानत, पेस्की, बैंक ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी संलग्न हुने गर्दछ। तर यस पालिकाले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ ।

२१ **परामर्श खर्च :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ (क) मा परामर्श सेवा खरिद गर्दा सम्बन्धित सार्वजनिक निकायमा उपलव्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था रहेको छ । बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो वर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमका परामर्शदाता कम्पनीसंग रु.२१६०५३१.७५।- को परामर्श सेवा वापत सम्झौता भइ खर्च भएको देखिन्छ भने आयोजनाको लागत विवरण पेश नभएकोले समावेश गरिएको छैन ।

| कार्य विवरण | परामर्शदाता | सम्झौता रकम |
|---|---|---|
| Preparation of Detail Engineering Design and Study Report of Sewerage Management Project at ward 6, 7 and 8 of Tokha Municipality | New planet Engineering Services P. Ltd. and Ecocode Nepal P. Ltd. | ५८११०२.५ |
| Preparation of Detailed Project Report (DPR) of Tokha Chandeshwori Temple Premises, ward no.2 | Engineerko Ghar Pvt. Ltd, Jadibuti-32, Kathmandu | ६९६०८० |
| Detail Engineering Survey, Soil Investigation, Hydrological Study and Detailed Design of the Bridge in Dathadwa Sapantirtha river,ward 3 | BDA-QUEST-DRMS JV, Kathmandu | ४९९९९६.७५ |
| Detailed Engineering Study,field work, Design of New Water Treatment Facilities or Improving Existing water treatment Facilities and 20 km combined total length of transmission of water supply in chandeshwori/Shivapuri Area, ward-2,3 | Strength Engineering Company Pvt. Ltd, Tokha-8 | ३८३३५२.५ |
| जम्मा: | | २१६०५३१.७५ |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । यस्ता डिपिआर सम्भाव्य भएमा पालिकाकै जनशक्तिवाट गराउने र सोको पर्याप्त विश्लेषण गरी कार्यान्वयन योग्य आयोजनाहरुको मात्र डिपिआर तथा गुरुयोजना बनाउनुपर्दछ ।यसरी प्राप्त विस्तृत परियोजना प्रतिवेदनहरु सम्पत्तिको रुपमा अभिलेख गर्नुपर्दछ ।

२२ **न्यायिक समितिको कार्य सम्पादन :**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ।लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार मुद्दा दर्ता र फर्स्यौट कारवाही देहाय बमोजिम रहेको छ ।

| गत वर्षबाट सरेका विवाद | यस वर्ष दर्ता भएको | जम्मा | फर्स्यौट/ कारवाही भएका विवाद | फर्स्यौट / कारवाही हुन बाँकी विवाद |
|---|---|---|---|---|
| ७ | २० | २७ | २१ | ६ |

उपरोक्त विवरण अनुसार गतवर्षबाट जिम्मेवारी बाँकी रहेको ७, यस वर्ष २० नयाँ मुद्दा दर्ता भई २७ मुद्दा बाँकी भएकोमा २१ मुद्दा फर्स्यौट भई यस आर्थिक वर्षको अन्त्यमा ६ मुद्दाको कारबाही हुन बाँकी देखिन्छ। बाँकी मुद्दाको समेत समयमानै टुङ्गो लगाउनु पर्दछ ।

२३ **कानुन निर्माण तथा कार्यान्वयन:**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधीनमा रही नियम निर्देशिका कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा पालिकाले हालसम्म देहाय बमोजिम कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १. | ऐन | १० |
| २. | नियमावली | ६ |
| ३. | कार्यविधि | ३३ |
| ४. | निर्देशिका | ३ |
| ५. | मापदण्ड | ३ |
| ६. | आचारसंहिता | १ |
| जम्मा | | ५६ |

पालिकाले यस वर्षसम्म आफ्नो क्षेत्राधिकार भित्रका १० ऐन, ६ नियमावली, ३३ कार्यविधि, ३ निर्देशिका, ३ मापदण्ड र १ आचारसंहिता गरी जम्मा ५६ वटा कानुन निर्माण गरी स्थानीय राजपत्रमा प्रकाशन गर्ने गरेको छ । सोही ऐन को दफा १०२ को (४) अनुसार यसरी बनाइएका ऐन, नियमावली, कार्यविधि र मापदण्ड पालिकाले प्रदेश सरकार र नेपाल सरकारमा पठाउनु पर्नेमा पठाएको पाईएन।

## २४ सेवा प्रवाहको स्थिति :

पालिकाले यस आर्थिक वर्ष देहाय बमोजिमको पञ्जीकरण सेवा उपलब्ध गराएको पाइयो ।

| विवरण | सेवा संख्या |
|---|---|
| जन्म दर्ता | ४८२ |
| मृत्यु दर्ता | २२४ |
| बसाइँसराइ दर्ता | ४४५ |
| विवाह दर्ता | ३०९ |
| सम्बन्ध विच्छेद दर्ता | ५२ |
| जम्मा | १५१२ |

पालिकाबाट प्राप्त विवरण अनुसार पालिकाले आ.व. २०८१।८२ मा जन्मदर्ता ४८२, मृत्यु दर्ता २२४, बसाईसराई दर्ता ४४५ परिवार, विवाह दर्ता ३०९, सम्बन्ध विच्छेद दर्ता ५२ गरी १५१२ जनालाई पञ्जीकरण सेवा प्रवाह गरेको छ। भने पालिकाले वडा मार्फत भूमिहिन दलित १०, भूमिहीन सुकुम्बासी ३९ र अव्यवस्थित बसोबासी १३८ तथा सट्टा भर्ना ३ गरी १९० जनाको लगत संकलन गरेको गरेको छ ।

## २५ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन :

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा

संगठन संरचना कायम हुने व्यवस्था छ ।स्थानीय सेवा (गठन तथा सञ्चालन)ऐन २०७९ को दफा ७ मा पददर्ता सम्बन्धी व्यवस्था रहेको छ । पालिकाको संगठन व्यवस्थापन सर्वेक्षण प्रतिवेदनबाट सिफारिस गरेको २६१ दरबन्दी पालिकाको १७ औं नगरसभाबाट स्वीकृत भएको पाइयो जस अनुसार पालिका अन्तर्गत कृषि, भेटनरी, स्वास्थ्य, आयुर्वेद शाखा समेतमा कार्यालय सहयोगी समेत २६१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित स्थायी १०३ र करार ९२ सहित १९५ जना पदपूर्ति भएको देखियो भने स्थानीय सेवा (गठन तथा सञ्चालन)ऐन २०७९ को दफा ७ बमोजिम प्रदेश किताबखानामा पद दर्ता भएको पाइएन।

२६ **तलबी प्रतिवेदन पारित बेगर तलब भत्ता भुक्तानी :**

स्थानीय सेवा गठन तथा सञ्चालन ऐन २०७९ को दफा ६९(५) अनुसार प्रदेश किताबखाना वा प्रदेश लेखा इकाई कार्यालबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नहुने व्यवस्था छ । पालिकाले यस वर्ष तलबी प्रतिवेदन पारित नगरी स्वास्थ्य तर्फका ४१ जनाको रु.२७१०७४८३।- र पालिका तर्फका ६२ जनाको रु.३७५४२२४५।- सहित १०३ जना कर्मचारीलाई रु.६४६४९७२८।- तलब भुक्तानी गरेको छ। तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

२७ **कर्मचारी व्यवस्थापन :**

स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको काममा सेवा करारबाट लिने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र विना प्रस्ताव दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन। पालिकाले १०८ जना करारमा नियुक्ति गरेको रु २५९०४९६५ तलब भत्ता भुक्तानी गरेको छ भने उल्लेखित पदहरुमा बाहेक ३८ कर्मचारी करारमा नियुक्त गरी रु. १५३८६९७७ तलब भत्ता भुक्तानी गरेको पाइयो ।पालिकाले स्थायी कर्मचारी लोकसेवा माग गरी पदपूर्ति गर्नु पर्दछ ।

| पद | नियुक्ति संख्या | मासिक दर | वार्षिक तलव भत्ता खर्च | कैफियत |
|---|---|---|---|---|
| इन्जिनियर | ३ | ४३६८९ | १७३३८७१ | |
| सब इन्जिनियर | ८ | ३४७३० | ३६९१९२० | २ ज्यालादारी |
| ल्याब असिस्टेन्ट | २ | ३४७३० | ९२२९८० | |
| कम्प्युटर अपरेटर | २ | ३४७३० | ९२२९८० | २ MIS operator |
| सहायक कम्प्युटर अपरेटर | २० | ३२९०२ | ६७५४५२० | १ ज्यालादारी |
| अमिन | १ | ३२९०२ | ४३७७२६ | |
| न्यायिक सहजकर्ता | १ | ३४७३० | ४६१४९० | |
| फार्मेसी सहायक | १ | ३४७३० | ४६१४९० | ज्यालादारी |
| जम्मा | ३८ | | १५३८६९७७ | |
| नगर प्रहरी बल | २० | २६०८२ | ७९२१४६४ | १ जना ३४७३०, १ जना ३२८५६ , २ जना २७६१२ , १६ जनाको २६०८२ |
| हेभि सवारी चालक | १ | २९७२८ | ३९६४६४ | |
| हसचा | ५ | २७६१२ | ३६८९५६ | |
| कार्यालय सहयोगी | ४१ | २४७०२ | ७३११२६ | १० ज्यालादारी |
| सहायक इलेक्ट्रिसियन | १ | ३२९०२ | ४३७७२६ | ज्यालादारी |
| इलेक्ट्रिसियन सहयोगी | २ | २४७०२ | ६६२२५२ | ज्यालादारी |
| जम्मा | ७० | | १०५१७९८८ | |
| जम्मा | १०८ | | २५९०४९६५ | |

२८ **रिक्त पदको सूचना :**

स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १२(१) अनुसार स्थानीय सेवाको कुनै पद रिक्त भएमा त्यस्तो पद रिक्त भएको मितिले एक महिना भित्रमा पद रिक्त भएको सूचना सम्बन्धित स्थानीय तहले प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई दिनु पर्ने व्यवस्था छ । पालिकाको स्वीकृत कर्मचारी दरबन्दी २६१ जना रहेकोमा देहाय बमोजिम १०३ जना स्थायी, ९२ जना करारमा कार्यरत रही १९५ पद रिक्त रहेका छन् । तर पालिककाले गत विगत वर्षहरु देखि नै यस वर्षको लेखापरीक्षण अविधसम्म रिक्त पद पूर्तीका लागि तोकिएको बमोजिम प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई सूचना दिएको छैन ।सभाबाट स्वीकृत दरबन्दी प्रदेश किताबखानामा पद दर्ता हुन नसकेकोले लोकसेवा माग गर्न नसकिएको कार्यालयको भनाइ रहेको छ ।

२९ **स्वत: पद रिक्त :**

स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १५(१) अनुसार स्थानीय सेवाको पदमा यस अध्यादेशमा व्यवस्था भए देखि बाहेक अन्य तरिकाबाट पदपूर्ति गर्न नपाईने तथा दफा १५(२) अनुसार उपदफा (१) विपरीत गरिएको नियुक्ति स्वत: बदर भएको मानिने उल्लेख छ । तर पालिकाले प्रदेश कानून आए पश्चात पनि आर्थिक वर्ष २०८१/८२ का लागि समेत तोकिए बमोजिम रिक्त पदको सूचना नपाठाई ३८ जनालाई करारमा नियुक्त गरेको कार्य नियमसम्मत नदेखिनुका साथै उक्त करार सम्झौता स्वत: निष्क्रिय हुने देखिन्छ । साथै स्वत: बदर हुने करार सम्झौताका आधारमा तलब भत्ता भुक्तानी हुन जाने अवस्था तर्फ समेत पालिकाले ध्यान दिनु पर्दछ ।

३० **अवकाश कोष :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले अवकाश कोष स्थापना गरेको पाइएन।

३१ **सहकारी नियमन:**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरिवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकिकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १११ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकिकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।साथै पालिकामा संस्थागत रुपमा सहकारी शाखाको व्यवस्था भएता पनि पालिकाले तोकिए बमोजिम विवरण एकिकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला नगरेको र सहकारी संस्थाहरुको नियमित सघन अनुगमन गरेको छैन । सहकारी सदस्यहरुको हित र वचत रकमको सुरक्षा तथा लगानीमा हुन सक्ने दुरुपयोग रोक्न प्रचलित कानूनी व्यवस्था अनुरुप त्यस्ता संस्थाहरुको नियमित अनुगमन गर्नु पर्दछ ।

३२ **आर्थिक सहायता:**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ।पालिकाले नगर प्रमुखको तोक आदेशको आधारमा रु.३००० देखि रु.१०,००० सम्म र १० हजार भन्दा माथिको रकम कार्यपालिकाको निर्णयबमोजिक यस वर्ष अन्य सामाजिक सुरक्षातर्फ ११७ जनालाई रु.१४,०५,३२२।- र स्वास्थ्य उपचार विशेष कोषतर्फ १५० जनालाई रु.२७,९४,३६०।- समेत २६७ जनालाई रु.४१,९९,६८२।- आर्थिक सहायता वितरण गरेको छ । जुन पालिकाको आन्तरिक आय रु ३१५६६०८३५ को १.३३ प्रतिशत हुन्छ । निश्चित विधि र मापदण्ड बेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

३३ **फोहरमैला व्यवस्थापन :**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३ र ४ बमोजिम पालिका भित्रको फोहरमैलाको प्रबन्ध र व्यवस्थापन गर्ने जिम्मेवारी र दायित्व स्थानीय तहको हुने उल्लेख छ । यस सम्बन्धमा देखिएका प्रमुख बेहोराहरु देहाय बमोजिम रहेका छन् ।

क)ऐनको दफा १३(१) अनुसार यस ऐन बमोजिम स्थानीय तहको अनुमति नलिई कसैले पनि फोहरमैला व्यवस्थापन सम्बन्धी काम गर्न वा गराउन नसक्ने व्यवस्था रहेकोमा हालसम्म पालिकाबाट कसैले पनि फोहरमैला व्यवस्थापन कार्यको अनुमति लिएको छैन । तर हाल पालिकामा अनुमति बेगर नै फोहरमैला संकलनको कार्य गरिरहेको जानकारी प्राप्त हुन आएको छ ।

ख) ऐनको दफा १४(१) अनुसार यस ऐन बमोजिम स्थानीय तहले अवश्यकता अनुसार दफा १३ बमोजिम अनुमति प्राप्त निजी क्षेत्रका कम्पनी वा सामुदायिक क्षेत्रबाट दफा १५ बमोजिम प्रतिस्पर्धा गराई वा पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी कानून बमोजिमको कुनै प्रक्रियाको अवलम्बन गरी आफ्नो क्षेत्रको फोहरमैला व्यवस्थापन गराउन सक्ने व्यवस्था छ । तर पालिकाले दिएको जानकारी अनुसार हाल ९ वटा निजी कम्पनीले फोहरमैला व्यवस्थापनको कार्य गरिरहेकोमा तोकिएको कानूनी प्रक्रियाको अवलम्बन गरेको देखिएन ।

ग)ऐनको दफा १५(१) अनुसार स्थानीय तहले दफा १४ बमोजिम निजी क्षेत्र वा सामुदायिक संस्थाबाट फोहरमैला व्यवस्थापन गराउँदा बोलपत्र आह्वान गरी प्रतिस्पर्धा गराई व्यवस्थापकको छनौट गरी व्यवस्थापन गर्ने जिम्मा दिनु पर्ने र दफा १५(२) मा उपदफा (१)

बमोजिम फोहरमैला व्यवस्थाकको छनौट गर्दा त्यसका आधार समेत उल्लेख गरेको छ । तर पालिकाको क्षेत्रभित्र प्रतिस्पर्धा बेगर नै ९ निजी कम्पनीले फोहरमैला व्यवस्थापनको कार्य गरिरहेका छन् ।

घ)ऐनको दफा १५(४) अनुसार उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थापनको जिम्मा पाएको कम्पनी, संस्था वा निकायले स्थानीय तहसँग गरेको सम्झौताको अधिनमा रही दफा १८ बमोजिमको शुल्क उठाउन सक्ने व्यवस्था छ । तर पालिका क्षेत्र भित्र ४०००० घरधुरीबाट प्रति घरधुरी मासिक ३०० देखि ४०० को दरले अनुमति बेगर उक्त निजी कम्पनीहरुले सेवा शुल्क संकलन गरिरहेको अवस्था छ ।

ङ)ऐनको दफा १८(१) अनुसार सेवा शुल्क उठाउन सक्ने र दफा १८(५) अनुसार शुल्कबाट प्राप्त आम्दानी तथा फोहरमैला व्यवस्थापनमा निजी क्षेत्रलाई संलग्न गराउँदा प्राप्त हुने अम्दानी स्थानीय तहले एउटा छुट्टै शीर्षकमा राखी सो रकम तोकिएको मापदण्डको अधिनमा रही फोहरमैलाको व्यवस्थापन, वातावरणीय संरक्षण तथा फोहरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रको विकासमा खर्च गर्नुपर्ने उल्लेख भएकोमा पालिकाले हालसम्म फोहरमैला व्यवस्थापनको शुल्क नतोकेको तथा सोबाट कुनै पनि आम्दानी समेत प्राप्त गरेको छैन ।

च)ऐनको दफा ५१(१) अनुसार यो ऐन तथा ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रही स्थानीय तहले विभिन्न प्रकृत्तिका फोहरमैला व्यवस्थापनको लागि बेग्लाबेग्लै मापदण्ड जारी गर्न तथा दफा ५१(२) अनुसार सम्बन्धित स्थानीय तहले फोहरमैला व्यवस्थापन सम्बन्धमा आवश्यक निर्देशिका बनाई लागु गर्न सक्ने व्यवस्था छ । तर पालिकाले हासम्म यस ऐनको कार्यान्वयनका लागि आवश्यक पर्ने मापदण्ड र निर्देशिकाहरु जारी गरेको छैन ।

३४ **पेश्की बाँकी:**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५१ अनुसार सरकारी रकम पेश्की लिने कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले नियमावलीमा तोकिएको म्याद भित्र पेश्की फछर्यौट गर्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न प्रयोजनको लागि विभिन्न व्यक्ति, फर्म र संस्थालाई दिएको पेश्की रु. ११३०२००० मध्ये विश्रान्ति कन्स्ट्रक्सन प्रा.लि.को म्याद नाघेको पेश्की रु.१९,५०,०००.०० आर्थिक वर्षको अन्त्यसम्म पनि फस्यौंट नभई पेश्की बाँकी देखिएकोले नियमानुसार फस्यौंट गर्नुपर्ने रु.

| | |
|---|---|
| पेश्की | १९,५०,००० |

३५ **भुक्तानी दिन बाँकी विवरण :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ। आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (२) मा कार्यालयले चालु आर्थिक वर्षको बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्न नहुने उल्लेख छ । त्यस्तै सोही नियमावलीको नियम ३९(१३) मा चालु वर्षको वजेटले नखामेको खर्च व्यहोर्नुपर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्वन्धित कार्यालयले विल भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकवाट स्वीकृत ढाँचामा भुक्तानी दिन वाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र कोष तथा लेखा नियन्त्रक कार्यालय वा आन्तरिक लेखापरीक्षकवाट स्विकृत गराई राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्षको बजेटमा समेत गत वर्षको रु. १९१८३४९६ भुक्तानी दिन बाँकीको व्यवस्था गरी आ व २०८१।८२ मा भुक्तानी दिएको छ । यस अन्तर्गत चालु र पहिले नै यकिन गर्न सकिने जस्तै घरभाडा , भ्रमण भत्ता, बैठक भत्ताको लागी कर्मचारी, व्यक्ति तथा फर्मको चालु प्रकृतिका खर्चका दायित्वहरु भुक्तानी वाँकी राखेको पाईयो । आन्तरिक आय न्युन रहेका पालिकामा बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गर्ने, तथा केही बहुवर्षे क्रमागत ठेक्काका योजनाको रकम समेत भुक्तानी बाँकीको रुपमा राख्ने प्रवृतिका कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले वर्षेनि पालिकालाई दायित्व थपिने क्रम बढ्दै गएको देखिन्छ । वार्षिक बजेटले बहुवर्षीय कार्यक्रम स्वीकृत गरेको अवस्थामा बाहेक यस प्रकारको आर्थिक दायित्व सिर्जना नहुने गरी खर्च व्यवस्थापन गर्नु उपयुक्त हुन्छ ।

३६ **कर संकलन :**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकिकृत सम्पत्ति कर, घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिकाको यस वर्ष आन्तरिक आयको अनुमान रु.३२७५७४०००।- गरेकोमा असुली रु.३१७२५८८५५.६०।- भएको छ ।जुन अनुमानको तुलनामा ९६.८५प्रतिशत हुन्छ । राजस्व संकलनको प्रक्षेपण गर्दा अनुमान र संकलन को विश्लेषण गरिनुपर्दछ। अतः पालिकाले संघीय र प्रदेश सरकार प्रतिको निर्भरता घटाउँदै आन्तरिक आयको हिस्सा बढाउन के कस्ता कर संकलनका सम्भाव्यता छन तिनीहरुको पहिचान गरिनुपर्दछ। विभिन्न शीर्षकमा असुली गरेको राजस्वको विवरण निम्नानुसार रहेको देखिन्छ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| घरजग्गा कर/सम्पत्ति कर | १२६०१८००० | ९३३४८२००.३२ | ७४.०७ |
| मालपोट्ट तथा भुमीकर | ३५००००० | ३५०८२४५.३६ | १००.२ |
| वहाल कर | ८२५००००० | ८७६४५९१४.०२ | १०६.२३ |
| व्यावसाय कर | ४००००००० | ३०१२७७५२.०१ | ७५.३ |
| विज्ञापन कर | १०५६००० | १०५६००० | १०० |
| मनोरञ्जन कर | ५००००० | ५४२०२०.५३ | १०८.४ |
| जम्मा | २५३५७४००० | २१६२२८१३२ | ८५.२७ |
| गैर कर /सेवा शुल्क | | | |
| दण्ड जरिवाना | १०००००० | ९८३०५० | ९८.३ |
| विभिन्न सिफारिस दस्तुर | ३०५००००० | २४९९२५०४.८६ | ८१.९४ |
| नक्सा पास दस्तुर | ४०००००००० | ५९८३२२७७.८ | १४९.६ |
| प्रशासनीक सेवा शुल्क | १०००००० | १०६८८३८४.२२ | |
| अन्य आम्दानी | १५००००० | ४४७६२८१.४८ | २९८.४ |
| बेरुजु असुली | ० | ५८२२५ | |
| जम्मा | ३२७५७४००० | ३१७२५८८५५.६ | ९६.८५ |

पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

३७ **व्यवसाय कर :**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । पालिकाका दर्ता भएका व्यवसायीहरु मध्ये यस वर्ष व्यवसाय दर्ता नवीकरण शुल्क वापत रु. ३०१२७७५२.०१ कर संकलन गरेको छ।पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको भएता पनि कर तिर्न वा नविकरण गर्न आएका व्यवसायीहरुको मात्र कर पालिकाले संकल गर्ने गरेको पाइयो ।तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी कर नतिर्ने व्यसायीबाट समेत कर संकलन गर्न पालिकाले पहल गर्नुपर्ने देखिन्छ।

३८ **वन पैदावर :**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६४(४) मा सामुदायिक वनबाट आय प्राप्त गर्न सामुदायिक वन उपभोक्ता समितिले वन पैदावर बिक्रि तथा उपयोग सम्बन्धी वार्षिक कार्ययोजना बनाइ पालिकाबाट स्वीकृत गराउनुपर्ने र वन पैदावरको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित पालिकाको सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ ।पालिकामा सो वापतको कुनै रकम प्राप्त भएको पाइएन ।

३९ **राजश्व बक्यौता :**

पालिकाले आ.व. २०८१.८२ को लागि अर्थिक ऐन, २०८१ मा स्विकृत राजश्वको दर र दायरा अनुसार निर्धारित सम्पत्ती तथा मालपोत कर र व्यवसाय कर लक्ष्य अनुसार असुल हुन नसकेको व्यबहोरा सहित तपशिल बमोजिम क्रमसः रु १७४४१४०.१३ र रु ५६८७१७.७१ गरी रु २३१२८५७.८४ बक्यौता देखिएकोमा पालिकाले राजश्व बक्यौता असुली गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

३९.१

| सम्पत्ती तथा भुमितथा मालपोत कर २०८१/८२ बक्यौता | | | |
|---|---|---|---|
| क्र.सं. | करदाताको नाम | करदाताको स्थायी वडा | बाँकी रकम |
| १ | राधाकृष्ण काफ्ले-01-32-0309 | १ | ३७९२. |
| २ | पुर्ण लाल श्रेष्ठ-02-26-0270 | २ | ७८२.८२ |
| ३ | न्हुच्छे लाल श्रेष्ठ समेत-02-25-0225 | २ | ११६४५.३२ |
| ४ | कान्छी श्रेष्ठ, राज कुमार श्रेष्ठ- 02-06-0313 | २ | १००२.६ |
| ५ | नवराज श्रेष्ठ-02-25-0206 | २ | ६२४६७.३२ |
| ६ | राज कुमार डंगोल , कृष्ण डंगोल र राज काजी डगोल- 02-32-0382 | २ | २१००. |
| ७ | सन्त माया डंगोल समेत ३-03-35-1519 | ३ | ४५७०. |
| ८ | हरि बहादुर पाठक र अन्जु के सी पाठक-03-38-0236 | ३ | ६६५५.२४ |
| ९ | ममता सिलवाल थापा-03-30-0659 | ३ | ५३६१.३३ |
| १० | राम बहादुर राई समेत-03-32-0910 | ३ | ३६२.९५ |
| ११ | नाती डंगोल-03-25-0439 | ३ | ११८७.३६ |
| १२ | सोनिया मानन्धर-05-35-0285 | ५ | १९५२०.०८ |
| १३ | एक्सक्लुसिम हाउजिङ्ग एण्ड लिजिङ्ग कम्पनी प्रा लि-05-04-0017 | ५ | ५४४.८८ |
| १४ | सरिता प्रधान-05-35-0282 | ५ | ५८६५०. |
| १५ | केहर सिंह श्रेष्ठ-05-06-0150 | ५ | ६७४.५ |
| १६ | पिताम्वर प्रसाद पोखरेल-05-26-0130 | ५ | ११७६०२. |
| १७ | साउथ वेस्टर्न बिजनेस कलेज प्रा लि-05-35-0288 | ५ | ७६४३६०.४३ |
| १८ | टेक राज पन्त-06-16-0038 | ६ | १३६५३.६२ |
| १९ | महेन्द्र के सी र अनिता के सी-07-30-0181 | ७ | १७९९.७६ |
| २० | मेनुका भण्डारी समेत-07-30-0179 | ७ | ४०००. |
| २१ | ठूली मैया थापामगर रानामगर-07-17-0005 | ७ | १०९८५.३८ |
| २२ | श्याम राजा महर्जन-09-36-0186 | ९ | ३०१८३.२७ |
| २३ | कर्मा गुरुङ-10-06-0129 | १० | २३३७८३.२६ |
| २४ | सुरेश राज वैध समेत-10-35-0285 | १० | २९६७५.६२ |
| २५ | सपना शर्मा-10-35-0283 | १० | ४०९४८.४५ |
| २६ | छिउदा लमिनी-10-12-0005 | १० | १७२२८८.०६ |
| २७ | रेणु श्रेष्ठ-10-32-0213 | १० | ७४७०६.८६ |
| २८ | तुल्सीमान श्रेष्ठ-11-21-0047 | ११ | ४४६००.४७ |
| २९ | सन्ध्या कुमारी सिह-11-35-0345 | ११ | १४५३७. |
| | | | |

| | | | |
|---|---|---|---|
| ३० | सरस्वती पौडेल पन्त-11-35-0358 | ११ | ११६९९.५५ |
| | | जम्मा | १७४४१४०.१३ |

३९.२

| २०८१/८२ को व्यवसाय कर बक्यौता रकम | | | | |
|---|---|---|---|---|
| क्र.सं. | करदाताको नाम | करदाताको स्थायी वडा | व्यवसायको नाम | रकम रु |
| १ | सिता दाहाल-00-35-0010 | ६ | हाई स्टाईल सु सप | १३३८.७१ |
| २ | महेन्द्र बहादुर कार्की-09-30-0081 | ९ | बाग्लुङ पञ्चकोट गेष्ट हाउस | ४५२२५ |
| ३ | रीना श्रेष्ठ-03-32-0874 | ३ | क्वान्टम इनोभेसन | २१०० |
| ४ | नन्द कुमारी श्रेष्ठ-03-25-0229 | ३ | फ्रेस मिट सप | २२८२ |
| ५ | भिम बहादुर बस्नेत-03-29-0145 | ३ | बस्नेत किराना पसल | १०५० |
| ६ | ध्रुर्व राज पोख्रेल-00-24-0028 | २ | राइज नेपाल डेकोर | १५७५० |
| ७ | उर्मिला शाह-05-03-0037 | ५ | फलफूल तथा तररकारी पसल | ६३० |
| ८ | देव नारायण कंडेल-03-23-0361 | ३ | कंडेल फलफुल तथा जुस पसल | ११५५ |
| ९ | शुसिला भट्टराई-03-36-0543 | ३ | सुसिला टेलर्स | ११५५ |
| १० | गोमा माया भुजेल-00-08-0089 | १६ | भुजेल फ्रेस फलफुल तथा तरकारी पसल | ३५७० |
| ११ | रतिमान सार्की-00-32-0255 | ७ | शंकर प्लाष्टिक सप्लायर्स | १७३२५ |
| १२ | पुर्णकला ठाडा मगर-08-26-0260 | ८ | सेलिना खाजा घर | ३२५५ |
| १३ | सुधिर महर्जन-00-35-0429 | ३ | इच्छेश्वर सप्लायर्स | ५५०० |
| १४ | अनिता तामाङ-01-01-0131 | १ | अनिता कोल्ड स्टोर | २१२१ |
| १५ | दुर्गा माया कुवँर-11-23-0102 | ११ | दुर्गा किराना पसल | २१२१ |
| १६ | अनिशा थिङ-06-01-0233 | ६ | गिर्भानी वेड्स फुड | ८०८५ |
| १७ | रसिला कार्की-00-32-0258 | १ | परिशा एण्ड कम्पनि प्रा लि | ५२५० |
| १८ | प्रेम राज तिमिल्सीना-00-26-0190 | १ | जय प्रेम सप्लायर्स | ४८२४७.५ |
| १९ | जुना कुमारी डंगोल-09-13-0118 | ९ | दुप्चेश्वर लिक्वेयर सप | २१००० |
| २० | शोभा अर्याल-09-36-0185 | ९ | आई टि सि ब्युट्री पार्लर टे« निङ्ग सेन्टर प्रा लि | |

| | | | | |
|---|---|---|---|---|
| | | | | १०५०० |
| २१ | चुनाव सिंह श्रेष्ठ-05-11-0033 | ५ | सुनकोशी फुड क्याफे | १४५९५ |
| २२ | पदम बहादुर मास्की-11-26-0140 | ११ | पदम खाजा घर | २३१० |
| २३ | धन बहादुर तामाङ-09-24-0039 | ९ | नैना महादेव गेष्ट हाउस | ५२५० |
| २४ | मनोज सिह कुँबर-09-30-0302 | ९ | लक्षमण किराना पसल | १०५० |
| २५ | सम्झना थापा-00-35-0456 | १ | बस्त्रकल्प | ३४६५ |
| २६ | पिजन इन्टरनेशनल ओभरसजि प्रा लि-10-26-0120 | १० | पिजन इन्टरनेशनल ओभरसजि प्रा लि | २६२५० |
| २७ | तुलसा घिमिरे-05-21-0033 | ५ | श्री पुर्वेली भान्सा घर एण्ड लज | १०७१० |
| २८ | शकुन्तला राई-05-36-0118 | ५ | सुम्नीमा इलेक्ट्रोनिक्स एण्ड इलेक्ट्रिकल | १२२८५ |
| २९ | रंजन शाह-11-32-0218 | ११ | अमर किराना एण्ड मसला पसल | ५३५५ |
| ३० | तारानाथ पौडेल-03-21-0154 | ३ | शुभम् तेल मिल | २१०० |
| ३१ | सोमनाथ आचार्य-09-35-0508 | ९ | समुन्नत नेपाल फाउण्डेशन प्रा लि | ३१५० |
| ३२ | जिवन डंगोल-03-13-0219 | ३ | जिवन स्टोर | ७५० |
| ३३ | समिर उप्रेती र सलोन सुवेदी-03-35-1536 | ३ | ब्रेक प्वाइन्ट स्नोकर हाउस | २९४० |
| ३४ | सुनिता एग्रो प्रोडक्टस प्रा लि-04-35-0174 | ४ | सुनिता एग्रो प्रोडक्ट प्रा।लि। ९कर्पोरेट अफिस० र गोदाम घर | १५७५० |
| ३५ | सन्देश ढकाल-00-35-0477 | ४ | होलसेल सोफा एण्ड फर्निचर सेन्टर | २१५२५ |
| ३६ | ग्लोबल आर्इएमर्इ बैंक लि-06-08-0059 | ६ | ग्लोबल आइ एम इ बैकको ए टि एम बुथ | २६२५० |
| ३७ | मिलिजुलि सहकारी-05-30-0082 | ५ | मिलिजुलि सहकारी | २१०० |
| ३८ | चन्द्र बहादुर अधिकारी-08-11-0063 | ८ | शाकम्भरी बचत तथा ऋण सहकारी संस्था लिमिडेट | ६५१०० |
| ३९ | निरञ्जन सेढाई-05-25-0096 | ५ | क्यापिटल मोविलाईजेसन बचत तथा ऋण सहकारी संस्था लि | ७९३०० |
| ४० | सागर बस्नेत समेत-06-35-0662 | ६ | वेल मेडडाइगोनिष्टिक एण्ड हेल्थ सेन्टरप्राइभेट लिमिटेड | ५७७५ |
| ४१ | विनिता राई-00-34-0134 | ४ | वियोण्ड व्युटी सलुन एकेडेमी प्रा लि | |

| | | | | |
|---|---|---|---|---|
| | | | | २१२६२.५ |
| ४२ | शकुन्तला राई-05-36-0118 | ५ | सुम्नीमा इलेक्ट्रोनिक्स एण्ड इलेक्ट्रिकल | १२२८५ |
| ४३ | मिसन वास्कोटा-05-30-0118 | ५ | गोर्खा लिङक कन्सल्टेन्सी एण्ड एजुकेशनल हव | ३१५०० |
| जम्मा | | | | ५६८७१७.७ |

४० **कृषि तथा पशुपंक्षी अनुदानः**

कृषी क्षेत्रको रुपान्तरण, कृषी तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषी, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउनेकार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको सम्लग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकाबाट कृषि तर्फ रु.२१,५१,५५८।- र पशुतर्फ रु.४,५८,०००।- गरी रु.२६,०९,५५८।- अनुदान वितरणमा खर्च भएको देखिन्छ । यस्ता अनुदानका रकम वितरणका लागि लाभग्राही छनौट गर्दा छनौट विधि, गत वर्ष अनुदान दिएको रकमको अभिलेख भिडान गर्दै खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागि यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेवसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

| क्रम | अनुदानको किसिम | व्यक्ती संख्या | खर्च भएको रकम रु. |
|---|---|---|---|
| | कृषि तर्फ | | |
| १ | कृषि यान्त्रीकरण कार्यक्रम( ५० % अनुदानमा मिनिटिलर र स्प्रेयर वितरण । | १८ जनालाई स्प्रेयर/मिनिटिलर १७ जनालाई | ६५००००।- |
| २ | साझेदारी कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम( ५० % अनुदानमा ७० जि.एस.एम.को प्लाष्टिक टनेल ) वितरण । | २६ जना व्यवसायिक कृषकलाई | ४०००००।- |
| ३ | खाद्यान्न वाली प्रवर्द्धन कार्यक्रम( ५० % अनुदानमा बिउ ( गहुँ/धान ) वितरण । | गहुँको विउ २७८ जना र ९४ जनालाई धानको | ६६२९७०।- |
| ४ | साझेदारी कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम( ५० % अनुदानमा कम्पोष्ट मल वितरण । | २०८ जना | ४३८५८८।- |
| | जम्मा | | २१५१५५८।- |
| | पशु तर्फ | | |
| १ | ५०% अनुदानमा काउ म्याट वितरण कार्यक्रम | १० वटा कृषक फर्म | १४६०००।- |
| २ | ५०% अनुदानमा पशुपंक्षीको गोठ खोरसुधार कार्यक्रम | ४ वटा कृषक फर्म | ३१२०००।- |
| | जम्मा | | ४५८०००।- |
| | कुल जम्मा | | २६,०९,५५८।- |

४१ **सडक -पुल निर्माणको कार्य स्वीकारः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-८** को निर्णयले रू **३,७८७,५४४.४**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

४२ **प्रदेश समपूरक अनुदानः**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **१,०००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

४३ **अधुरो ठेक्का :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ (१) अनुसार निर्माण कार्यको हकमा ९० प्रतिशत भौतिक प्रगति भएको र आयोजनाको उद्देश्य अनुसार सो निर्माण कार्य सामान्य प्रयोग वा सञ्चालनमा आएको अवस्था भएमा र सम्बन्धित निर्माण व्सायीले अनुरोध गरेमा मात्र सार्वजनिक निकायले कार्यस्विकार गरी निर्माण व्यवसायीको कार्य सम्पन्न प्रमाण पत्र जारी गर्न सक्ने व्यवस्था छ । यस पालिकाले निम्न बमोजिमको निर्माण ठेक्कामा ८१.२१% कार्य प्रगति हुँदानै कार्या स्विकार गरी बिनय निर्माण सेवासँग रु.८३,१५,८०७.९५ मा सम्झौता भएको बाटो स्तरोन्नति ठेक्कामा रु.६७,५२,९८०.१२(८१.२१%) मात्र कार्य प्रगति भई बाँकी रु.१५,६२,८२७.८३ को काम बाँकी रहेको अवस्थामा कार्य स्वीकार गरी अन्तिम भुक्तानी भएको देखिएकोले निर्माण व्यबसायी विनय निर्माण सेवा संग ९०% भन्दा बढी कार्य प्रगति गरी कार्य सम्पन्न गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| Contract No.: 17/ NCB/TM/W/ 2080-081-विनय निर्माण सेवा | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| Name of Project: भानुभक्त ग्राममा सडक र ढल निर्माण , कृष्ण मन्दिर धापासी सडक बाट पश्चिम तर्फ कृष्ण बस्तीको घर सम्मको सडक स्तरोन्नति , ढुंगेधारा ( गणेश मन्दिर भित्र) एरियाका सडकहरु स्तरोन्नति , नैनदेवी शिव मन्दिर एरियाका सडकहरू स्तरोन्नति र ग्राण्डी हस्पिटल सँगैको विष्णुमति किनार सडक स्तरोन्नत्ति | | | | | | | |
| S.N. | Description of work | Original BOQ Amt in words | Revised BOQ Amt in words | Upto date BOQ Amt in words | Current bill Amt in words | Remaining Amt in words | Remarks |
| A | Provisional Sum | १५३००० | VO-१ | ८४८४६.९८ | ८४८४६.९८ | ६८१५३.०२ | ५५.४६% |
| B | Construction Works | ७२२३७२३.८५ | | ५९०१००२.७८ | ५९०१००२.७८ | १३२२७२१.०७ | ८१.६९% |
| A | Total Bill Amount (A+B) | ७३७६७२३.८५ | | ५९८५८४९.७६ | ५९८५८४९.७६ | १३९०८७४.०९ | |
| B | Add VAT @13% | ९३९०८४.१ | | ७६७१३०.३६ | ७६७१३०.३६ | १७१९५३.७४ | |
| D | Total Amount including VAT & PS | ८३१५८०७.९५ | | ६७५२९८०.१२ | ६७५२९८०.१२ | १५६२८२७.८३ | ८१.२१% |

| प्रमाण पेश नगरेको | १५,६२,८२७.८३ |
|---|---|

४४ **दर्ता नभएको जमिनमा सरकारी भवन निर्माण**

सरकारी जग्गा दर्ता, उपयोग वा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ को दफा (३) (४) अनुसार नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा सो मातहातको कुनै निकायले नापनक्सा नभएको जग्गा उपयोग गर्न वा लिजमा माग गरेमा त्यस्तो जग्गा सरकारी प्रकृतिको हो होइन यकिन गरी सरकारी प्रकृतिको भएको पाइएमा मालपोत ऐन २०३४ को दफा ७ (१) बमोजिमको प्रकृया पुरा गरी नेपाल सरकारको नाममा जग्गाधनी दर्ता स्रेस्ता कायम गरेपछि मात्र यस कार्यनीति बमोजिम उपयोग गर्न दिने सम्बन्धमा प्रकृया अगाडि बढाउनु पर्ने व्यवस्था छ। जग्गा प्राप्ति ऐन, २०३४ अनुसार समेत सरकारी निकायले निशुल्क रुपमा जग्गा दाताबाट जग्गा प्राप्त गर्न सक्ने वा सरकारी जग्गा प्राप्ति प्रकृया अनुसार गर्नुपर्ने व्यवस्था गरेको छ। यस पालिकाले निम्न बमोजिमका ६ वटा सार्वजनिक भवन निर्माण गर्ने ठेक्का सम्झौता गरेकोमा सरकारी सार्वजनिक जग्गालाई पालिका वा सम्बन्धित संगठित संस्थाको नाममा दर्ता नहुँदै लागत अनुमान रु.१६,२६,८१,९५६.१९ को रु. १०,७५,१२,४१६.६१ सम्झौता बमोजिम हालसम्म (२०८२ असार मसान्त सम्म) रु. ५,२०,५६,००१.०० भुक्तानी समेत भैसकेकोले सार्वजनिक जग्गा संरक्षण तर्फ नगरपालिकाले ध्यान दिनु पर्नेमा दर्ता नभएको जग्गामा

नियम बिपरीत ठेक्का आव्हान गरी हालसम्म भुक्तानी समेत भैसकेको पाईयो । यस सम्बन्धमा पालिकाले कार्यपालिकामा निर्णय गरी दर्ता प्रकृयामा रहेको बताए पनि सार्वजनिक निकायले नियमानुसार दर्ता गरेर मात्र सार्वजनिक जग्गामा संरचना निर्माण गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

| सि.न | कार्य विवरण तथा ठेक्का नं | लागत अनुमान | सम्झौता | हालसमम्मको भुक्तानी |
|---|---|---|---|---|
| १ | गच्छे अगच्छे गुठी भवन वडा नं २NCB/22/W/2080.81 | २०९११८५.०६ | १६५३४२९.४ | १६४९९२५ |
| २ | बिडारी गाँउ सामुदायिक भवन NCB/31/W/2080.81 | १२६२८११.७९ | ९६४९१२.८ | ९६४९१२ |
| ३ | बहुउद्वेश्यीय वडा भवन-८ NCB/41/TMW/2080.81 | ७८३८३४८२.२८ | ५७१६७५२८.४१ | २१५५२४६१.८४ |
| ४ | वनदेबी सामुदायिक बहुउद्वेश्यीय भवन NCB/42/W/2080.81 | ६७६२७३१९.२ | ३८८६६३६३.९५ | १९०८४७९३ |
| ५ | जेष्ठ नागरिक भवन-७ NCB/06/W/2081.82 | ४३९१११२.८५ | २८११६५०.८१ | २५३०५४७.४४ |
| ६ | हात्तीचोकमा सामुदायिक भवन, NCB/ 4/ W/ 2081.82 | ८९२६०४५.००७ | ६०४८५३१.२४ | ६२७३३६१.९२ |
| | जम्मा | १६२६८१९५६.१९ | १०७५१२४१६.६१ | ५२०५६००१.२ |

४५ **जिन्सी व्यवस्थापन :**

खर्च भएर जाने जिन्सी पाम्स प्रणालीमा २०८०.८१ को अन्तिम मौज्दात स्वत २०८१।८२ को सुरु मौज्दातमा सरेर नआउने समस्या भएको देखिएकोमा यस पालिकाले २०८०.८१ को अन्तिम मौज्दातमा देखिएको ३२२६ आईटम मध्ये पालिकाले उपलब्ध गराएको रिपोर्ट अनुसारको परिमाणमा जिन्सी आईटमहरु म्यानुअल नै २०८१।८२ मा अल्या नगरेकोले सो को प्रमाण पेश गर्नुपर्ने रु.१,८३,२२,२१४ को म्यानुअल अद्यावधिक नगरेकोले अद्यावधिक गरी पुनः जिन्सी निरीक्षण गरी मौज्दाता यकिन गर्नु पर्दछ ।

४६ **पि.एस आईटमको भुक्तानी :**

ठेक्का सम्झौताको पि.एस आईटममा उल्लेख भएको रकमको भुक्तानी सम्झौता अनुसार बिल पेश भए बमोजिम भुक्तानी हुनुपर्ने व्यबस्था छ । यस पालिकाले निम्न बमोजिमका दुई ठेक्कामा पि.एस मा उल्लेख भएको रकम भुक्तानी गर्दा बि.ओ.क्यू को पूरै रकम भुक्तानी गरेकोमा सो रकम भन्दा कम बिजक पेश भएको पाईएकोले सम्बन्धित फर्मसँग असुल उपर गर्नुपर्ने रु.

| सि.न | ठेक्का नं | फर्मको नाम | बीमा दाबी रकम | बिजक पेश | बिजक अपुग |
|---|---|---|---|---|---|
| १ | NCB/W/42/2080.81 | डि.एस।एस.आर बिल्डर्स जे.भी | ३२८२७२.०५ | २९०५०६.२३ | ३७७६५.८१ |
| २ | NCB/W/05/2080.81 | न्यू खाडादेबी।सुरु जे.भी | २२६००० | २१०४२८.९३ | १५५७१.०७ |
| जम्मा | | | | | ५३३३६.८८ |

| असुल गर्नुपर्ने | ५३,३३६.८८ |
|---|---|

४७ **कोटेशन र सोझै खरिदः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ तथा नियमावली, २०६४ को नियम ८५(१) क तथा ८५(१ख) बमोजिम कार्यालय प्रमुखले एक आर्थिक बर्षमा कुनै एक फर्म वा सप्लायर्स संग एकै पटक वा पटक-पटक गरी रु १० लाख सम्मको सिधै खरिद गर्न सक्ने व्यबस्था छ ।यस सम्बन्धमा देखिएका बेहोराहरु निम्नानुसार रहेका छन्:

४७.१ जिन्सी तथा सेवा खरिदमा रु. ७४९७४४३० र निर्माण मर्मत कार्यमा रु.८,४७,७५,६२१।- गरी निर्माण, मर्मत कार्यमा १५२ पटक तथा सेवा जिन्सी खरिदमा ४८२ पटक टुक्रा टुक्रा गरी प्रतिस्पर्धा, पारदर्शिता, समानता, मितव्ययिता जस्ता खरिद कानुनको मनसाय विपरीत खरिद गरेर आ.व २०८१।८२ मा पालिकाले रु.१५,९७,५०,०५१ खर्च गरेको पाइयो । पालिकाले कार्यक्रम र बजेट विनियोजन तथा तत्कालिन आवश्यकताको आधारमा कोटेशन विधि प्रयोग गरेको जनाए पनि प्रभावकारी खरिद गुरुयोजना बनाएर खरिद प्रणालीलाई प्रतिस्पर्धी र पारदर्शी बनाउनु पर्ने देखिन्छ ।

४७.२ **सोझै खरिदः**

पालिकाबाट प्राप्त प्रतिकृयाको आधारमा कायम संशोधित बेरुजु यसै प्रतिवेदनको थप बेरुजु खण्डतर्फ दफा नं.१ मा समावेश गरिएको छ।

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१६** को निर्णयले रू **६,४२९,७७५.६५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| अनियमित भएको | ० |

४८ **विविध खर्च :**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६१ बमोजिम श्रोत अनुमान तथा बजेट सीमा निर्धारण गरी बजेट अनुमान आन्तरिक आयको परिधि भित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले विविध खर्चमा रु.२४८४४८९ बजेट विनियोजन गरेकोमा यस शीर्षकबाट यस वर्ष नगरसभामा रु.९,३१,८५५।- र अतिथि सत्कारमा रु.४,२०,८१०।- र विभिन्न कार्यक्रममा रु.६,००,००० गरी कुल रु. १९,५२,६६५।- खर्च गरेको छ ।जुन आन्तरिक आय रु.३१,७२,५८,८५५.६०।- को ०.६१ प्रतिशत हुन्छ । यस्तो खर्च गर्दा स्पष्ट खर्चको मापदण्ड निर्धारण गरी खर्चमा नियन्त्रण गरिनु पर्दछ ।

४९ **इन्धन खर्च :**

स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुबिधा सम्बन्धी ऐन, २०७७ को दफा ४(२) बमोजिम सवारी साधन उपलव्ध गराएकोमा अनुसूचीमा उल्लेख भए बमोजिम नगरपालिका प्रमुख तथा उपप्रमुखले मासिक १०० लिटर ईन्धन र ५ लिटर मोबिल त्रैमासिक, वडा अध्यक्षलाई मासिक २० लिटर ईन्धन र १ लिटर मोबिल त्रैमासिक पाउने उल्लेख छ । त्यस्तै प्रदेश सरकारको प्रदेश खर्च मापदण्ड निर्देशिका २०७७ को दफा १७ अनुसार अनुसूची ४ बमोजिम कार्यालय प्रमुखले मासिक ७० लिटर र राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरहका कर्मचारीले मासिक १० लिटर ईन्धन पाउने उल्लेख छ । पालिकाले यस वर्ष इन्धन पदाधिकारीमा रु.२१,०४,००० र इन्धन कार्यालय प्रयोजनमा रु.३०,००,००० गरी रु. ५१,०४,००० बजेट विनियोजन गरेकोमा पदाधिकारी कार्यालय प्रयोजन/अन्य प्रयोजन समेत ४ वटा चार पाङ्ग्रे र ५३ वटा दुई पाङ्ग्रे सवारी साधन सहित ५७ सवारीको रहेकोमा वार्षिक इन्धन पदाधिकारीमा रु. २१,०३,९९९.४९ र इन्धन कार्यालय प्रयोजनमा रु.२९,९९,९९९.५ गरी रु.५१,०३,९९८.९९ खर्च गरेको छ। पालिकाले ईन्धन खर्च सम्वन्धी मापदण्ड तयार गरी ईन्धन खर्चमा मितव्ययीता कायम गर्न उल्लेखित ऐन र खर्च मापदण्ड निर्देशिकाको पालना गर्दै सवारी लगबुक माईलेज,अभिलेख तथा मर्मतबाट बृद्धि भएको माईलेज समेतको आधारमा मितव्ययिता कायम गरिनुपर्दछ।

५० **सवारी साधन मर्मत खर्च :**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १३को उपनियम ५ मा मर्मत गरिने सवारी साधनको दक्ष प्राविधिकबाट लागत अनुमान स्वीकृत गराउनु पर्ने,यस नियमावलीको प्रकृया अपनाई मर्मत संम्भार गराउनु पर्ने सामाग्री मर्मत गराउदा कुनै मालसामान पार्टपूर्जा वा उपकरण प्रतिष्थापन गर्नु पर्ने भए यस नियमावलीको प्रकृया अपनाई खरिद गर्नु पर्ने। यसरी खरिद गरेको सामानको जिन्सी दाखिला गराई रु ५०००।००भन्दा बढी मूल्यका सामानको अभिलेख राखी प्रतिस्थापन गरिएको कुरा सम्वन्धित प्राविधिक बाट प्रमाणित गराई पुराना सामान जिन्सी दाखिला गर्नु पर्ने उल्लेख छ । पालिकाले यस वर्ष पदाधिकारी, कार्यालय प्रयोजन/अन्य प्रयोजन समेत ४ वटा चार पाङ्ग्रे लोडर सहित र ५३ दुई पाङ्ग्रे सवारीको गरी ५७ सवारी साधन मर्मत बापत वार्षिक रु.२६,०७,२७९।- खर्च गरेको देखियो। सवारी साधन मर्मत गराएकोमा उल्लेखित प्रकृया अपनाएको देखिएन ।खरिद कानुनको प्रकृया नअपनाई मर्मत गराउँदा मितव्ययिता दक्षता पारदर्शिता तथा टिकाउपना हुने गरी काम भएको छ भन्ने आधार नदेखिएकोले खरिद कानुनको पालना गरी मर्मत गराउनु पर्दछ ।

५१ **सूचना प्रकाशन तथा प्रसारण :**

सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ४,५,६,७,८,२७,२८ तथा नियमावली, २०६५ मा नागरिकको सूचनाको हक सम्बर्द्धन संरक्षण र प्रचलन गर्ने सम्बन्धमा सार्वजनिक निकायले सूचना अधिकारी तोक्ने, आफ्नो निकायको सूचना वर्गीकरण र अद्यावधिक

गर्ने,सार्वजनिक निकायले तीन/तीन महिनामा स्वत: प्रकाशन गर्नुपर्ने विवरण प्रकाशन गर्नुपर्ने, आफ्नो वेबसाईट नियमित अद्यावधिक गर्ने तथा सार्वजनिक निकायसँग माग गरिएको सूचना र उपलब्ध गराएको सूचनाको विवरण छुट्टै अभिलेख राख्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले सूचनाको हक सम्बर्द्धन र प्रचलन गर्ने सम्बन्धमा आफ्नो वेबसाईट नियमित अद्यावधिक गर्ने, सूचना अधिकारी तोक्ने लगाएको कार्य गरेको भएता पनि आफ्नो निकायको सूचना वर्गीकरण र अद्यावधिक गर्ने, तीन/तीन महिनामा स्वत: प्रकाशन गर्नुपर्ने विवरण प्रकाशन गर्ने गरेको नपाइएकोले सूचनाको हक सम्बन्धी ऐन तथा नियमावलीले गरेको व्यवस्थाको पूर्ण पालना गर्नुपर्ने देखिन्छ ।

५२ **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ। पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको अभिलेख राखेको पाइएन। आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गरी अभिलेख राख्नु पर्दछ।

५३ **वृत्तचित्र निर्माण :**

सार्वजनिक निकायले सार्वजनिक स्रोतसाधनको प्रयोग गर्दा 'न्यूनतम लागतमा अधिकतम प्रतिफल' प्राप्त गर्ने सिद्धान्त को पालना गर्नु अनिवार्य हुन्छ। पालिकाले यस वर्ष वडागत वृत्तचित्रको लागि २ लाखको दरले बजेट विनियोजन गरेकोमा लेखापरीक्षणको क्रममा एउटै वडाले समेत सानासाना २।३ वटा सम्म एकै प्रकृत्तिको वृत्तचित्र निर्माण गरेको पाइयो साथ साथै पालिकाले समेत पालिका अन्तर्गतका विविध गतिविधि समेटेर वृत्तचित्र निर्माण गरेको देखियो यसरी प्रत्येक वडाको लागि छुट्टाछुट्टै साना वृत्तचित्रहरू निर्माण गर्नुभन्दा पालिकाको समग्र गतिविधिको प्रतिनिधित्व हुने गरी एउटा मात्र उच्च गुणस्तरीय वृत्तचित्र निर्माण गर्नु आर्थिक अनुशासन र सुशासनको दृष्टिले बढी उचित हुने देखिन्छ। टुक्रे वृत्तचित्रहरूमा हुने दोहोरो प्रशासनिक र प्राविधिक खर्च (जस्तै: पटक-पटकको छायांकन, सम्पादन र निर्माण शुल्क) ले बजेटको अपव्यय मात्र गर्दैन, बरु सूचनाको एकीकृत प्रवाहमा समेत बाधा पुर्‍याउँछ। तसर्थ, टुक्रे वृत्तचित्रहरूमा छरिने बजेटलाई केन्द्रीकृत गरी एउटा उत्कृष्ट वृत्तचित्र निर्माण गर्दा खर्चमा मितव्ययिता कायम हुनुका साथै सूचना सम्प्रेषणको प्रभावकारितामा समेत अभिवृद्धि हुने भएकाले कार्यालयले यस सम्बन्धमा ध्यान दिनुपर्ने देखिन्छ ।यसको केही उदाहरणहरु निम्नानुसार रहेका छन्।

| भौचर नं | मिडियाको नाम | वडा नं/ विषय | भुक्तानी रकम |
|---|---|---|---|
| २०९५।२०८१।३।२ | वान न्यूज मिडिया | वडा नं ६ को विविध गतिविधि समेटेर वृत्तचित्र निर्माण | ७५००० |
| २०९७।२०८१।३।२ | फुलमुन मिडिया प्राली | वडा नं १० को विविध गतिविधि समेटेर वृत्तचित्र निर्माण | ५००० |
| २१४३।२०८२।३।४ | वान न्युज मिडिया | वडा नं ९ र १० का विविध गतिविधि समेटेर वृत्तचित्र निर्माण | ७५००० |
| २१६०।२०८२।३।४ | ओएसिस मिडिया एण्ड ब्रोडकास्टिङ प्रालि | वडा नं ९ को विधिध गतिविधि समेटेर वृत्तचित्र निर्माण | ४९९५० |
| २२२९।२०८२।३।८ | ओएसिस मिडिया एण्ड ब्रोडकास्टिङ प्रालि | वडा नं ११ को गतिविधि समेटेर वृत्तचित्र निर्माण | १००००० |
| २२१७।२०८२।३।६ | ओएसिस मिडिया एण्ड ब्रोडकास्टिङ प्रालि | वडा नं ५ को गतिविधि समेटेर वृत्तचित्र निर्माण | ९९४४० |
| २२१८।२०८२।३।६ | फुलमुन मिडिया प्राली | वडा नं १० को गतिविधि समेटेर वृत्तचित्र निर्माण | ८५००० |
| २२१९।२०८२।३।६ | फरकपत्र मिडिया प्रालि | वडा नं ९ को विधिध गतिविधि समेटेर वृत्तचित्र निर्माण | ४९७२० |
| २२२०।२०८२।३।८ | फुलमुन मिडिया प्राली | वडा नं ११ को गतिविधि समेटेर वृत्तचित्र निर्माण | ५०००० |
| २४१७।२०८२।३।१४ | अडियो भिजुअल आर्टस एण्ड साइन्सेज प्राली | टोखा नगरपालिकाको विविध गतिविधि समेटेर वृत्तचित्र निर्माण | ९९९१३ |
| २४८८।२०८२।३।१६ | युथ भिजन फर सस्टेनेबल डेभलपमेन्ट | वडा नं६ को विविध गतिविधि समेटेर वृत्तचित्र निर्माण | १४९७६२ |
| २८०५।२०८२।३।२२ | बालकुमारी मुभिज हाउस प्रालि | वडा नं १ को विविध गतिविधि समेटेर वृत्तचित्र निर्माण | ९९५६३ |

५४ **अनुगमन बिना अनुगमन भत्ता भुक्तानी :**

२२३०।२०८२।३।८ आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम, ३९(१०) अनुसार बिल, भरपाई र अन्य सान्दर्भिक प्रमाण संलग्न गरेर मात्र सरकारी भुक्तानी गर्नुपर्ने व्यबस्था छ । युवा उत्प्रेरणा तथा नवप्रवर्तन तालिम कार्यक्रम संचालनको लागि एस एन एकेडेमी एण्ड रिसर्च सेन्टर प्रालीसँग रु ३९८५२० मा सम्झौता गरी रु ३९८५२० नै भुक्तानी भएको पाइएकोमा उक्त फर्मले अनुगमन वापत ९००० भुक्तानी लिएकोमा अनुगमन पालिकाबाट भएको देखिएन साथै अनुगमन वापत रकम बुझाएको नपाइएकोले अनुगमन वापत भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ९,००० |
|---|---|

५५ **भुक्तानी बाँकी प्रमाणित बेगर खर्च :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरीद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमा समेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था नगरी रु १३५०००।- भुक्तानी दिएको छ। तसर्थ यस्तो भुक्तानी गर्दा बजेटमा व्यवस्था गरी भुक्तानी बाकीँको कच्चावारी प्रमाणित गराई खर्च लेख्नुपर्नेमा सो नगरी खर्च लेखेको नियमित नदेखिएको रु.

| भौचर नं | नाम | रकम |
|---|---|---|
| ६१७।२०८१।९।१६ | डाँडापारी सन्देश | १०००० |
| ६१७।२०८१।९।१६ | तिलिङ्गाटार मावि | २०००० |
| ६१७।२०८१।९।१६ | सन्ध्या फिल्म एण्ड मिडिया प्राली | ५००० |
| ६४०।२०८१।९।२१ | पालिका सवाल मिडिया प्रालि | १००००० |
| जम्मा | | १३५००० |

| अनियमित भएको | १,३५,००० |
|---|---|

५६ **वीमा**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११२(१) अनुसार सार्वजनिक निकायले २० लाख भन्दा बढीको निर्माण ठेक्कापट्टा गर्दा अनिवार्य रुपमा बीमा समावेश गर्नुपर्ने व्यवस्था छ। त्यस्तै ठेक्का सम्झौताको जि.सी.सी. १९.१ अनुसार ठेक्का सम्झौताको मिति देखि त्रुटि सच्याउने अविधसम्मको ईम्प्लोयर र निर्माण व्यवसायीको संयुक्त नाममा सामग्री, श्रमिक र उपकरणको सम्झौताको ११५% ईन्स्योर्ड रकमको आधारमा बीमा गरेको प्रमाण पेश गर्नुपर्ने व्यवस्था छ। पालिका संग ठेक्का सम्झौता भई बीमा भुक्तानी भएका फर्महरुको बिजक सहितको बीमा मान्य अबधिको विवरण माग गर्दा उपलब्ध नगराएकोले सो समेत पालिकाले यथार्थ रुपमा तपशिल बमोजिम बढी भुक्तानी भएको भए सोको बिवरण पेश गर्नु पर्दछ । यस पालिकाले बिवरण उपलब्ध नगराए पनि नमूनाको रुपमा ३ ठेक्काको परीक्षण बाट बीमाको पि.एसमा विजक पेश गर्दा पुरै बीमा अवधि नसमेटी भुक्तानी लिएको देखिएकोले ढिला बीम गरेको तथा कर वीजकमा त्रुटि सच्याउने अवधि उल्लेख नगरी बढी भुक्तानी दिईएका पालिकाले एक बीमा कम्पनीको जवाफ पेश गरे पनि सो बिजकमा त्रुटि सच्याउने अबधिको शर्त फरक हुने उल्लेख भए बाट सो व्यहोरा सम्झौताको जि.सी.सी १९.१ अनुसार पुरै अबधि समान जोखिम बहन गर्नुपर्ने शर्तसँग मेल नखाने देखिन्छ ।अतः निर्माण व्यवसायीहर बाट लागू नभएको अबधिको असूल उपर गरी बाँकी अबधिको बीमा लागू भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल उपर गर्नुपर्ने

| सि.न | ठेकेदार र ठेक्का नं | बि.ओ.क्यू मा बीमा रकम रु. | बीमा भुक्तानी रु. | बीमा अबधी(महिना) | मान्य बीमा अबधि(महिना) | बढी भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | NCB/42/W/2080.81/ DS/SR Builders JV | ३२८२७२.०५ | २९०५०६.२३ | २९ | १४ | १४०२४४.३९ | |
| २ | NCB/05/W/2080.81 New Khadadevi Suru JV | २२६००० | २१०४२८.९३ | २५ | ११ | ९२५८८.७३ | |
| ३ | NCB/41/W/2080.81 Bisranti Construction Pvt.Ltd. | ५६५७८० | ५६४८४९.२९ | ३७ | ० | ५६४८४९.२९ | कन्ट्रयाक्टरको मात्र नाममा बिजक जारी भएको |
| जम्मा | | | | | | ७९७६८२.४१ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,९७,६८२.४१ |

५७ **दोहोरो यातायात खर्च :**

बागमती प्रदेशको स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७७ को अनुसूची १(क) मा पदाधिकारीले पाउने सुविधाको बारेमा उल्लेख छ। जसमा सवारी साधन उपलब्ध नभएमा पालिकाका वडाध्यक्षलाई मासिक यातायात खर्च वापत रू.४५००।- दिने व्यवस्था रहेको छ ।पालिकाबाट निम्नानुसारका वडाध्यक्षले मोटरसाईकल (सवारी साधन) लिएर पनि ऐन विपरीत २०८१ श्रावण देखि २०८२ असार सम्म १२ महिनाको यातायात खर्च समेत लिएको देखिएकोले दोहोरो सुविधा वापतको रकम सम्बन्धित पदाधिकारीबाट असूल गर्नु पर्ने रु.

| वडा नं. | वडा अध्यक्षको नाम | दोहोरो भुक्तानी महिना | रकम |
|---|---|---|---|
| १ | रमेश कुमार लामिछाने | १२ | ५४००० |
| २ | धर्मेन्द्र श्रेष्ठ | १२ | ५४००० |
| ५ | मदन गुरुङ | १२ | ५४००० |
| ६ | शान्ता खनाल | १२ | ५४००० |
| १० | मचाकाजी महर्जन | १२ | ५४००० |
| जम्मा | | | २७०००० |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **५४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,७०,००० |

५८ **वडाको संचार खर्च :**

बागमती प्रदेशको स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७७ को अनुसूची १(क) मा पदाधिकारीले पाउने सुविधाको बारेमा उल्लेख छ।आ ब २०८१।८२ को बजेटमा वडासंचालन तर्फ मासिक रु ३००० को दरले वडालाई संचार सुविधा उपलब्ध गराउँदै आएको छ यस वर्ष वडाको संचार खर्च वापत रु ३९६००० भुक्तानी गरेको देखिन्छ । उक्त संचार बापतको रकम कार्यालय प्रयोजनको इन्टरनेट र टेलिफोन खर्चमा गर्नुपर्नेमा केही वडाहरुले उक्त संचार वापतको रकम वडा कर्मचारी तथा वडा

अध्यक्षहरुको व्यक्तिगत मोबाइल नम्वरमा रिचार्ज गरी रकम सोधभर्ना लिएको देखिएकोले दोहोरो संचार खर्चमा पालिकाले नियन्त्रण गर्नुपर्दछ ।

५९ **कानूनी सल्लाहकार :**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८३(८) मा यस दफामा अन्यत्र जुनसुकै कुरा उल्लेख भएको भए तापनि गाउँपालिका तथा नगरपालिकाले नगर प्रहरी सवारी चालन सयश कर्यलय सहयोगी प्लम्बर इलेक्ट्रिसियन चौकीदार माली बगैंचे र सरसफाइ सम्बन्धी पदमा स्थायी पदपूर्ति नगरी प्रतिस्पर्धाको आधारमा सेवा करारबाट मात्र लिनुपर्ने छ । सो बाहेकको अन्य पद तथा सेवा करारबाट पदपूर्ति गर्न नपाइने उल्लेख गरेकोमा पालिकाले यस वर्ष ३ जना कानूनी सल्लाहकार करारमा नियुक्त गरी मासिक रु. २२००० को दरले वार्षिक रु. ७९२००० भुक्तानी गरेको छ ।यसरी स्वीकृत दरबन्दी भन्दा फरक पदमा करारमा कर्मचारी नियुक्ती गरि तलब भत्ता भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ७,९२,००० |

६० **कर्मचारी तालिम कार्यक्रम:**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-९** को निर्णयले रू **३०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६१ **तार व्यवस्थापन कार्य :**

२०६।२०८१।६।२२ आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम, ३९(१०) अनुसार बिल, भरपाई र अन्य सान्दर्भीक प्रमाण संलग्न गरेर मात्र सरकारी भुक्तानी गर्नुपर्ने व्यबस्था छ । पालिकाले तार व्यवस्थापन गरे वापत गत वर्षको भुक्तानी बाँकी रकम नरेन्द्र प्रसाद गुरागाईलाई डोर हाजिरीको आधारमा रु.९७८०० भुक्तानी भएकोमा निजसँग भएको सम्झौता, लागत अनुमान, नापी र कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९७,८०० |

६२ **पदाधिकारी इन्धन खर्च :**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको ऐन, २०७६ को दफा ३ को अनुसुचि १ क (ख) अनुसार नगर प्रमुख र उपप्रमुखले १००।१०० लिटर ईन्धन सुविधा पाउने उल्लेख छ । पालिकाको नगर प्रमुखले पाउने ईन्धन सुविधा वार्षिक १२०० लिटर रहेकोमा २५५० लिटर खर्च भएको पाईयो । यसरी नगर प्रमुखले नियमानुसार पाउने सुविधा भन्दा बढी १३५० लिटर , नगर उपप्रमुखले पाउने सुविधा भन्दा २०० लिटर र कार्यपालिका सदस्यले मासिक सुविधामा नै इन्धन वापतको रकम भुक्तानी लिनेगरेकोमा पालिकाबाट इन्धन वापत ३५० लिटर खर्च गरेको पाइएकोले सुविधा अनुसार पाउने भन्दा १९०० लिटर बढी इन्धन खर्च भएको देखियो ।यस सम्बन्धमा पालिकासँग छलफल गर्दा विभिन्न कार्यक्रमको अनुगमन र जिल्ला बाहिरका कार्यक्रममा समेत जाँदाको खर्च भएकोले बढी इन्धन खर्च देखिएको जनाएको छ । नगर प्रमुखले बार्षिक १२०० लिटर पाउनेमा २५५० लिटर खपत गरेको, उप प्रमुखले १२०० लिटर पाउनेमा १४०० लिटर एवम् कार्यपालिका सदस्यले सुविधा उपाउनेमा ३५० लिटर खपत गरेको देखिएको छ ।स्विकृत सुबिधा भन्दा १९०० लिटर बढी पदाधिकारीले ईन्धन खपत गरेको देखिएकोमा ऐनले दिएका सुविधा विपरित भुक्तानी हुने यस्ता थप सुविधा नियन्त्रण हुनुपर्दछ ।

६३ **विद्यालय र विद्यार्थी संख्या :**

पालिकाले तयार पारेको शैक्षिक सत्र २०८१ चैत्रको विवरण अनुसार देखिएका बेहोराहरु देहाय बमोजिम रहेका छन् ।

| क्र.सं. | विद्यालयको किसिम | विद्यालय संख्या | विधार्थी संख्या |
|---|---|---|---|
| १ | सामुदायिक विद्यालय | ९ | ६८०७ |
| २ | संस्थागत विद्यालय | ९३ | ३४६३१ |
| | जम्मा | १०२ | ४१४३८ |

उपरोक्त विवरण अनुसार पालिकाभित्रका ९ सामुदायिक र ९३ संस्थागत सहित १०२ विद्यालयमा जम्मा ४१४३८ जना विद्यार्थी अध्यनरत रहेकोमा सामुदायिकमा ६८०७ जना र संस्थागतमा ३४६३१ जना विद्यार्थी अध्यनरत रहेको देखिन्छ ।

६४ **शिक्षक विद्यार्थी अनुपात :**

शिक्षा विभाग शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट प्रकाशित कार्यक्रम कार्यान्वियन कार्यविधि २०८१।८२ मा गरिएको व्यवस्था अनुसार शिक्षक विद्यार्थी अनुपात हिमाली भेगमा १:४० पहाडी भेगमा १:४५ र तराई भेगमा १:५० रहने व्यवस्था छ । पालिकाबाट प्राप्त २०८१ चैत्रको विवरण अनुसार पालिका अन्तर्गतका विद्यालयको शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम छ।

| क्र स | विद्यालय नाम | शिक्षक संख्या | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|
| १ | श्री बैडेश्वर मा.वि. | २४ | ५९२ | १:२५ |
| २ | श्री चण्डेश्वरी मा.वि. | १३ | ३८८ | १:३० |
| ३ | श्री चुनदेवी आधारभुत विद्यालय | १ | ५५ | १:५५ |
| ४ | श्री धापासी मा.वि. | १७ | ५३७ | १:३२ |
| ५ | श्री जालुपा मा.वि. | १५ | १००८ | १:६७ |
| ६ | श्री मनोहर मा.वि. | २५ | १०१३ | १:४१ |
| ७ | श्री सरस्वती मा.वि. | २४ | १५९६ | १:६७ |
| ८ | श्री झोर मंहाकाल मा.वि. | १५ | ३०५ | १:२० |
| ९ | श्री तिलिङ्गटार मा.वि. | ३७ | १३१३ | १:३४ |
| | जम्मा | १७१ | ६८०७ | १:४० |

पालिकाबाट प्राप्त विवरण अनुसार पालिका अन्तर्गत रहेका ९ वटा विद्यालयमा १७१ जना शिक्षक र ६८०७ जना विद्यार्थी रहेकोमा औसत शिक्षक विद्यार्थी अनुपात १:४० रहेको छ जुन तोकिएको अनुपात भन्दा न्यून हो । श्री जालुपा मा.वि. र श्री सरस्वती मा.वि. को शिक्षक विद्यार्थी अनुपात १:६७ रहेको छ भने श्री झोर मंहाकाल मा.वि. को शिक्षक विद्यार्थी अनुपात १:२० रहेको छ । कार्यक्रम कार्यान्वियन कार्यविधि बमोजिम शिक्षक विद्यार्थी अनुपात मिलाउनु पर्दछ ।

६५ **शिक्षक दरबन्दी मिलान र विद्यालय समायोजन :**

पालिकाको औषत शिक्षक विद्यार्थी अनुपात १:४० रहेकोमा सार्वजनिक विद्यालय समायोजन एवं एकिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ र शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार संघीय कानूनले तोके बमोजिम विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलानको कार्य गरेको पाईएन । त्यसैले आवश्यकता र औचित्य समेतलाई विचार गरी प्रचलित कानून अनुसार विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलान तर्फ सम्बन्धित निकायहरुले ध्यान दिनुपर्दछ ।

६६ **संस्थागत विद्यालयको छात्रवृत्ति :**

टोखा नगरपालिकाको शिक्षा ऐन २०७५ को बुँदा नं ५९(१) मा यस नगरपालिका अन्तर्गत सञ्चालित संस्थागत विद्यालयहरुले कुल विद्यार्थीको दश प्रतिशत अल्पसंख्यक जेहेन्दार दलित आदिवासी जनजाती तथा यस नगरपालिकामा स्थायी बसोबास गर्ने विद्यार्थीहरुलाई नगर शिक्षा समितिको सिफारिसमा १० प्रतिशत छात्रवृत्ति उपलब्ध गराउनुपर्ने उल्लेख छ पालिकाले तयार पारेको शैक्षिक सत्र २०८१ को विवरण अनुसार संस्थागत विद्यालयमा अध्यनरत विधार्थी संख्या निम्नानुसार छन् ।

| क्र.सं. | विद्यालय | विद्यालय संख्या | विधार्थी संख्या | छात्रवृत्ति प्राप्त गर्नुपर्ने विद्यार्थी संख्या | छात्रवृत्ति प्राप्त गरेका विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | संस्थागत | ९३ | ३४६३१ | ३४६३ | ३१३४ |

अत: पालिकाले संस्थागत विद्यालयले तोकिए बमोजिम विपन्न अपाङ्गता भएका महिला दलित वा जनजाती जेहेन्दार विद्यार्थीलाई निशुल्क छात्रवृत्ति उपलब्ध गराउनु व्यवस्था बमोजिम ९३ विद्यालयमा ३४६३१ विद्यार्थी रहेकोमा ७५ विद्यालयका ३१३४ जना विद्यार्थीले छात्रवृत्ति प्राप्त गरेको विवरण उपलब्ध गराएको छ भने बाँकी १८ विद्यालयले छात्रवृत्ति उपलब्ध गराएको नपाइएकोले ऐनले तोके बमोजिम छात्रवृत्ति प्रदान गर्न पालिकाबाट अनुगमन गरी तोकिएको छात्रवृत्ति सुनिश्चित गर्नुपर्ने देखिन्छ ।

६७ **प्रति विद्यार्थी लागत :**

पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१/८२ को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ ।

| बजेट विवरण | बजेट रकम | खर्च रकम | विद्यार्थी संख्या | प्रति विद्यार्थी लागत |
|---|---|---|---|---|
| शिक्षा क्षेत्रको कुल बजेट | २१३२७०००० | १८२३५३००० | ६८०७ | २६७८९ |

उपरोक्त विवरण अनुसार पालिकाको सामुदायिक विद्यालयको वाल विकास देखि कक्षा १२ सम्म प्रति विद्यार्थी लागत रु २६७८९।- रहेको छ ।

६८ **शैक्षिक गुणस्तर :**

पालिका अन्तर्गत रहेका विद्यालयहरुको २०८१ सालको एस.ई.ई. परीक्षामा जम्मा २३९० विद्यार्थीको सहभागी भएकोमा नतिजाका आधारमा सामुदायिक र संस्थागत विद्यालयको तुलना देहाय बमोजिम रहेको छ ।

| क्र.स. | जी.पी.ए. | जम्मा विद्यार्थी | उत्तीर्ण विद्यार्थी संख्या | | उत्तीर्ण प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | | | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक |
| १ | ३.६१ - ४.०० | ९१३ | ८५८ | ५५ | ४५ | १२ |
| २ | ३.२१ - ३.६० | ७७१ | ६५७ | ११४ | ३४ | २४ |
| ३ | ३.२१ भन्दा कम | ४८७ | २८७ | २०० | १५ | ४३ |
| ४ | NG | २१९ | ११८ | १०१ | ६ | २१ |
| | जम्मा | २३९० | १९२० | ४७० | ९४ | ७९ |

उल्लेखित तालिका अनुसार पालिकाबाट २३९० जना विद्यार्थी एस.ई.ई. मा सहभागी भएकोमा संस्थातग विद्यालयबाट ८५८ जना र सामुदायकि विद्यालयका ५५ जनाले ३.६१ - ४.०० जिपिए , संस्थागत विद्यालयबाट ६५७ जनाले र सामुदायिकबाट ११४ जनाले ३.२१-३.६० जी.पी.ए., र संस्थागतका २८७ जना विद्यार्थीले र सामुदायक विद्यालयका २०० जनाले ३.२१ भन्दा कम जी.पी.ए. ल्याइ उत्तीण भएको देखिन्छ। सहभागी विद्यार्थी मध्ये संस्थागतबाट ११८ र सामुदायिक विद्यालयबाट १०१ जना अनुत्तीर्ण भएको देखिएको छ। सामुदायिक विद्यालयको प्रति विद्यार्थी लागत रु २६७८९।- रहेकोमा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा थप सुधार गर्नुपर्ने देखिन्छ।

६९ **सामुदायिक विद्यालयको दरबन्दी र पदपूर्ति:**

आर्थिक वर्ष २०८१।८२ मा पालिका भित्रका ४१ वटा सामुदायिक विद्यालयको शिक्षक दरबन्दी र पदपूर्तिको अवस्था देहाए बमोजिम रहेको छ ।

| विद्यालयको किसिम | दरबन्दी संख्या | स्थायी पदपूर्ति | पदपूर्ति मध्ये राहत/ करार | रिक्त दरबन्दी |
|---|---|---|---|---|
| सामुदायिक | १५१ | १०६ | ४४ | १ |

उक्त विवरण अनुसार पालिकामा जम्मा ११३ दरबन्दी रहेकोमा १०६ जना स्थायी र १६५ जना राहत/करारमा नियुक्त गरी ३०३ पदपूर्ति भएको देखिन्छ।

७० **विद्यालय निकासा रजिष्टरः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठिक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरी भुक्तानि भएको छैन भन्ने कुरामा ध्यान दिनुपर्ने उल्लेख छ ।पालिकाले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको विवरणको स्पष्ट विवरण खुल्ने गरी यथार्थ विवरण राख्नुपर्नेमा निकासा अभिलेख राखेको छैन । अद्यावधिक निकासाको अभिलेख नराख्दा दोहोरो निकासा विद्यालयलाई जान सक्ने स्थिति छ । जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनुपर्ने र भुक्तानी दिएको बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकोले विद्यालयगत निकासा रजिष्टर खाता अद्यावधिक राख्नु पर्दछ ।

७१ **विद्यालय अनुदानको अनुगमनः**

विद्यालय कार्यक्रम कार्यान्वियन कार्यविधि ०८१।८२ कार्यक्रम कार्यान्वियन सम्बन्धी मार्गदर्शन अनुसार स्थानीय तहले विद्यालयहरुमा जाने सबै प्रकारका अनुदानहरुलाई व्यस्थित गर्न र शिक्षामा हुने लगानी प्रभावकारी बनाउन आफ्नो तहको सयंन्त्रमा अनुदान व्यवस्थापन यूनिट निर्माण गरी अनुदानको निकासा गर्ने व्यवस्था उल्लेख छ । पालिकाले यस वर्ष विद्यालयहरुलाई पाठ्यपुस्तक अनुदान, दिवा खाजा अनुदान, ओजेटि अनुदान, आईसिटि ल्याब अनुदान, नमूना विद्यालय भौतिक निर्माण लगायत अन्य विभिन्न शिर्षकवापत रु.२,५६,८२,००० अनुदान निकासा दिएकोमा संयन्त्र परिचालन भएको सम्पूर्ण अनुदान खर्चको अनुगमन गरेको देखिएन । पालिकाले आफूले दिएको अनुदानको उपयोगको सुनिश्चितताको लागि अनुगमनको व्यवस्था गर्नुपर्दछ ।

७२ **पालिका शिक्षकः**

पालिकाले आफ्नो क्षेत्र भित्रका स्वीकृत दरवन्दी अनुसार शिक्षक कर्मचारीको तलब भत्ता लगायतका सुविधा खर्च लेख्दै आएको छ । संघ तथा प्रदेश सरकारको स्रोतबाट शिक्षकहरुको तलव भुक्तानी भइसकेको अवस्थामा पालिकाले आन्तरिक श्रोतबाट नपुग खर्च व्यहोर्ने गरी आ.व. २०८१।८२ मा कार्यपालिकाको निर्णय मार्फत पालिका अन्तर्गतका ९ वटा सामुदायिक विद्यालयहरुमा ८० जना शिक्षक र १० जना विद्यालय सुरक्षा गार्डलाई करार सम्झौता गराई पदस्थापन तलबमा कुल रु. १,३५,१३,०६० खर्च लेखेकोले पालिकालाई थप व्ययभार पर्न गएको छ ।

| शिक्षक/ कर्मचारी | शिक्षक/ कर्मचारी संख्या | वार्षिक तलब रु. |
|---|---|---|
| नगर शिक्षण अनुदान मा.वि. | ४ | २३११८२८ |
| नगर शिक्षण अनुदान आ.वि. | १६ | ६२६८३३२ |
| नगर अनुदान बालबिकास सहजकर्ता | ३ | ७०४७०० |
| नगर आया पारिश्रमिक अनुदान | १८ | ४२२८२०० |
| विद्यालय सुरक्षा गार्ड | १० | ३२४३८९० |
| जम्मा | ५१ | १३५१३०६० |

७३ **दिवा खाजा कार्यक्रमः**

कार्यक्रम कार्यान्वयन पुस्तिका ०८१।८२ को कार्यक्रम नं. २.७.११.१ मा पालिका भित्रका सामूदायिक विद्यालयमा प्रारम्भिक बालविकास देखि कक्षा ५ सम्मका बालबालिकालाई ईमिसको डाटा र उपस्थित दरलाई सत्यापन गराई प्रति विद्यार्थी प्रति दिन रु. १५ का दरले (विद्यालय सञ्चालन भएको दिन र परीक्षामा सामेल भएको दिन समेत) गरी कूल १८० दिन ननाघ्ने गरी निकासा दिने उल्लेख छ । पालिकाले संघिय शसर्त कार्यक्रममा व्यवस्था भएको दिवा खाजा वापत रु.६१९३६२० खर्च गरेतापनि पालिकाको आन्तरीक स्रोतबाट पालिकाले पालिका अन्तर्गतका सबै सामूदायिक विद्यालयहरुमा संघिय शसर्तबाट निकासा हुने रकममा प्रति विद्यार्थी रु. ५ का दरले थप रु.२०६४५४० र कक्षा ६ देखि १० सम्मका विद्यार्थीलाई प्रति विद्यार्थी रु.२० का दरले रु ८४३५६८० गरी कूल रु.१०५००२२० पालिकाको निर्णयबाट थप भुक्तानि भएको छ ।नमुना परीक्षणका क्रममा कतिपय विद्यालयमा निकासा भएका दिवाखाजा रकमको माग फाराममा प्रधानाध्यापक तथा विद्यालय.व्य.समितिबाट विद्यार्थीको सङ्ख्यात्मक हाजिरी विवरण प्रमाणीत गरेको पाईएन । अतः कार्यक्रम कार्यान्वयन कार्यविधि बमोजिम पालिकाबाट अनुगमन गरी, सङ्ख्यात्मक हाजिरी विवरण प्रमाणीत गराई, स्थानीय तहमा सत्यापन गरी कूल १८० दिन ननाघ्ने गरी निकासा दिनुपर्दछ ।

७४ **अन्य निकायको खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा १८ मा बजेट निकासा सम्बन्धी व्यवस्था छ । सोही ऐनको दफा १८ (४) मा एक मन्त्रालय वा निकाय मातहतको कार्यालय मार्फत कार्यक्रम संचालन गरी खर्च गर्न आवश्यक भएमा विनियोजन भएको निकायको सचिवले सम्बन्धित मन्त्रालय वा निकायको सचिवलाई खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । उक्त व्यवस्था विपरीत पालिकाले छुट्टै बजेट र अस्तित्व भएको देहायका कार्यालयलाई निम्नानुसार भुक्तानी गर्ने कार्य अनियमित देखिएको रु.

| संस्थाको नाम | प्रयोजन/ कार्यक्रम | रकम |
|---|---|---|
| मालपोत कार्यालय, टोखा | फर्निचर फर्निसिंङ्ग | ५००००० |
| मालपोत कार्यालय, डिल्लीबजार | कार्यालय संञ्चालन | ५००००० |
| | **जम्मा** | **१००००००** |

| अनियमित भएको | १०,००,००० |
|---|---|

७५ **वडा नं ८ मा रङ्गरोगन कार्यक्रमः**

२८२५।०८२।३।२३ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानि दिन आवश्यक विल भर्पाइ प्रमाण कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानि दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ ।पालिकाले वडा नं. ८ मा रङ्गरोगन कार्यक्रमका लागि श्रीराम निर्माण सेवासँग मिति २०८२।२।४ मा रु. २८१३१५।७६ मा कार्यसम्पन्न हुने गरी भएको सम्झौतामा सम्झौता बमोजिम गर्नुपर्ने आईटेम अनुसारको काम गर्नुपर्नेमा विनायक टोलमा एकरुपता झल्किने कार्यक्रम अन्तर्गत रंगरोगन कार्यमा कम्पाउण्ड वालमा मात्र रंग रोगन गर्ने भनि मिति ०८२।२।११ को वडा समितिको निर्णयका आधारमा फरक परिमाणमा कार्य गरी रु २७७३३३ भुक्तानी गरेको देखिन्छ ।स्वीकृत कार्यक्रम बमोजिम कार्य नगर्दा गर्नुपर्ने कार्यको उद्देश्य प्राप्ति नहुने देखिंदा पालिकाले वार्षिक स्विकृत कार्यक्रम बमोजिम कार्य गर्नुपर्दछ ।

७६ **लघु उद्यम कार्यक्रम अन्तर्गत संचालित तालिम :**

गरिबि निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को बुंदा नं. ३९ मा तालिमबाट उत्पादित सामान वा वस्तुहरुको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादनहरु परल मूल्यको पचास प्रतिशत छुट मूल्यमा सहभागिहरुलाई विक्रि गर्ने तथा यसरी विक्रि हुन नसकेमा सम्भव भएसम्म विक्रि वितरण वा प्रचार प्रसारको लागि कोशेली घर, सौगात गृह, विक्रि कक्ष वा प्रदर्शनी स्थलमा पठाउने र पठाँउदा पनि विक्रि नभएमा विवरण सहित कार्यालयमा बुझाई सात दिनभित्र स्टोर दाखिला गर्नुपर्ने उल्लेख छ । (नमुना परीक्षणका क्रममा) पालिकाले यस वर्ष विभिन्न तालिम संचालन गरी रकम भुक्तानी गरेकोमा उत्पादन भएको सामाग्री प्रशिक्षार्थीलाई वितरण गरेको भरपाई पेश गरेको छ ।यस्ता कार्यक्रम संचालन गर्दा पालिकाले उत्पादित वस्तु तथा सामानहरु विक्रि गरी राजश्व खातामा दाखिला गर्नुपर्दछ ।

| भौन र मिति | कार्यक्रमको नाम | जम्मा खर्च रकम | कच्चा पदार्थमा भएको खर्च रकम | कार्यक्रम सञ्चालक |
|---|---|---|---|---|
| १७३।३।१३ | एडभान्स डल कुशन बनाउने तालिम | २००००० | ७५७०२ | ज्ञानु कुमारी शाहि |
| १००।१२।१२ | मिठाई बनाउने तालिम | १४२११५ | ८२००० | ज्ञानु कुमारी शाहि |
| जम्मा | | ३४२११५ | १५७७०२ | |

७७ **गरिबसँग विश्श्वेर कार्यक्रम:**

नगरपालिकाले 'गरिवसँग विशेश्वर कार्यक्रम' कार्यान्वियनका लागि आवश्यक कर्मचारी र जनशक्तिको दरबन्दी स्वीकृत गरेर मात्र नियुक्त गर्नुपर्ने र कार्यसम्पादनका आधारमा पारिश्रमिक भुक्तानी गर्नुपर्ने प्रावधान रहेको छ। तर, यस कार्यक्रम अन्तर्गत नवराज अधिकारी र विक्रमराज श्रेष्ठलाई यस वर्ष पारिश्रमिक बापत मात्र रु. ३९०००० भुक्तानी गरिएको र नगरपालिकाको निर्णयबाट मासिक १६ हजार दुबै जनालाई थप गरी अन्य पारिश्रमिक वापत रु ४१६००० समेत गरी कुल रु. ८०६००० खर्च लेखिएको पाइएको छ।यस कार्यक्रमको प्रगति शून्य रहेको र नियुक्त व्यक्तिहरूले कार्यक्रम र करार सम्झौता बमोजिम काम गरेको नदेखिएकाले यसरी भएको खर्चलाई उचित मान्न सकिँदैन। कार्यक्रम कार्यान्वयन नभएको अवस्थामा जनशक्ति भर्ना गरी तलब तथा अन्य सुविधाहरूमा खर्च गर्नु अनुपयुक्त हुने भएकाले यस्ता अनावश्यक खर्चहरूमा नियन्त्रण गर्नुपर्ने सुझाव प्रतिवेदनले दिएको छ।

७८ **सेनेटरी प्याड खरिद, वितरण तथा मौज्दात:**

१११।०८१।१२।१७ र १६०।०८२।३।५ सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ मा विद्यालयले छात्रा विद्यार्थी लगत तयार गरी सम्बन्धित स्थानीय तहमा लेखी पठाउने र स्थानीय तहले प्राप्त संख्याको आधारमा एक महिनामा एक छात्राले बढीमा १६ वटा सेनेटरी प्याड प्राप्त गर्ने गरी आवश्यक मात्रामा खरिद गरी सम्बन्धित विद्यालयको महिला शिक्षक वा कर्मचारीलाई सम्पर्क व्यक्ति तोकी प्याड वितरण प्रक्रिया सुचारु गरी अर्को महिनाको ७ गतेभित्र सूचना पाटीमा विवरण टाँस्नुपर्ने व्यवस्था छ।त्यस्तै कार्यविधिको दफा २०(६) मा स्थानीय तहले विद्यालयको शैक्षिक व्यवस्थापन सूचना प्रणालीको तथ्यांकसँग सत्यापन गरी सेनेटरी प्याड आवश्यक पर्ने छात्राहरुको संख्याको आधारमा कार्यविधि बमोजिम हुने गरी विद्यालयहरुको खातामा रकम निकासा गर्न सक्ने व्यवस्था उल्लेख छ । साथै स्थानीय तहले विद्यालयबाट हुने स्यानिटरी प्याडको वितरण र प्रयोगको अवस्थाको अनुगमन गर्ने तथा विद्यालयले सो कार्यमा भएका कार्यहरुको प्रतिवेदन तयार गरी पालिकामा पेश गर्नुपर्ने उल्लेख छ ।पालिकाले विभिन्न ८ वटा विद्यालयलाई सेनेटरी प्याडवापत रकम निकासा गरेको र सम्बन्धित विद्यालयले खरिद विल समेत पेश गरेको भएतापनि स्यानिटरी प्याडको ल्याब टेस्ट रिपोर्ट पेश गरेको छैन। साथै स्यानिटरी प्याडमा निःशुल्क वितरणको ट्याग लगाएको पाइएन। पालिकाले यस आ.व. मा देहायका विभिन्न विद्यालयका कक्षा ६ देखि १२ सम्मका छात्राका लागि नगद कूल रु.१९,३२,७६६।– विद्यालयको नाममा निकासा गरेकोमा देहायका विद्यालयहरुले स्यानिटरी प्याड वितरण भर्पाई पेश नगरेकोले सोको प्रमाण पेश गर्नुपर्ने रु.

| विद्यालयको नाम | वितरण भर्पाई पेश नभएको रु | जम्मा निकासा रु. | कैफियत |
|---|---|---|---|
| धापासी मावि | ० | १२९८६२ | ७१० थान मौज्दात बाँकि |
| श्री चण्डेश्वरी मावि | १०२२८१ | १०२२८१ | वितरण भर्पाई पेश नभएको |
| श्री झोरमहाकाल मावि | ६३३७८ | ६३३७८ | वितरण भर्पाई पेश नभएको |
| वौडेश्वर मावि | ० | १५१२९३ | १८५ थान मौज्दात बाँकि |
| सरस्वती मावि | ४२४९६१ | ४२४९६१ | वितरण भर्पाई पेश नभएको |
| जम्मा | ५९०६२० | ८७१७७५ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,९०,६२० |

७९ **आन्तरिक लेखापरीक्षणबाट कायम बेहोरा असुली /फर्स्यौट नभएको:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ८५ मा आन्तरिक लेखापरीक्षण प्रतिवेदनले औंल्याएको बेरुजु अन्तिम लेखापरीक्षण हुनुभन्दा अवागै फस्यौंट गर्नुपर्ने र अन्तिम लेखापरीक्षण हुनुअगाडि फस्यौंट नभएमा अन्तिम लेखापरीक्षणमा कायम हुने व्यवस्था रहेको छ ।पालिकाले आन्तरिक लेखापरीक्षण प्रतिवेदनले औंल्याएको देहायबमोजिमको बेरुजु असुल फस्यौट गर्नुपर्ने रु.

७९.१ उपभोक्तालाई बिल भन्दा बढी मू. अ. कर भुक्तानी: सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ। यो वर्ष उपभोक्ता समितिले देहायबमोजिमको कामको प्राविधिक मूल्याङ्कन, बिल, भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजात आफ्नो बैठकबाट अनुमोदन गराई न. पा मा पेश गरेकोमा मु. अ. कर सहित रकम भुक्तानी दिने गरी प्राविधिक मूल्याङ्कन भई भुक्तानी भएकोमा मूल्याङ्कनमा समावेश भएकोभन्दा मू. अ. कर बिल कम भएकोले बढी भुक्तानी भएको मू. अ. कर असुल उपर गरी सञ्चित कोष दाखिला गर्नुपर्ने रु.

| बजेट उपशीर्षक | गो भौ नं/ मिति | उ स को नाम | प्राविधिक मूल्याङ्कनमा मू अ कर रकम | उ स ले पेश गरेको मू अ कर रकम | असुल गर्नुपर्ने रकम |
|---|---|---|---|---|---|
| पुंजीगत | ४७१/२०८२-०३-०५ | जालपा देवी टोल विकास संस्था | ४३, १२३/- | ४०, ५६६/- | २, ५५७/- |
| पुंजीगत | ५५७/२०८२-०३-१९ | एकता टोल उपभोक्ता समिति | २२०, ५३९/- | २, १२ , ९९७/- | ७, ५४२/- |
| पुंजीगत | ६१७/२०८२--०३-२३ | टोखा चण्डेश्वरी उपभोक्ता समिति | १, ३२ , ५३६/- | १, २७ , १७६/- | ५, ३६०/- |
| जम्मा | | | | | १५४५९ |

| असुल गर्नुपर्ने | १५,४५९ |
|---|---|

७९.२ २१४४।२०८२।३।४ अभिभावक शिक्षा तथा सचेतनामुलक कार्यक्रम वापत सन्ध्या फिल्मस् एण्ड मिडियालाई रु. ३,९९,५००/- भुक्तानी भएकोमा दरभन्दा बढी भुक्तानी भएको रकम असुल गरी न. पा. को खातामा जम्मा गर्नुपर्ने रु.

| शीर्षक | भुक्तानी हुनुपर्ने रकम | भुक्तानी भएको रकम | बढी भुक्तानी | कैफियत |
|---|---|---|---|---|
| स्टेशनरी | ७२०*७५ = ५४ , ०००/- | ७२०*१००=७२, ०००/- | १८, ०००/- | प्रत्येक दिन छुट्टाछुट्टै स्थान भनी ७५ को साटो १०० लाई दिएको |
| प्रमाणपत्र | भुक्तानी दिन नमिल्ने | २८, ८००/- ( ७२०*३०=२८ , ८००/-) | २१, ६००/- | न पा को मापदण्डअनुसार १ दिने कार्यक्रममा प्रमाणपत्र दिन नमिल्ने |
| जम्मा | | | ३९६०० | |

| असुल गर्नुपर्ने | ३९,६०० |
|---|---|

७९.३ ३६६।२०८२।१।१९ (पुँजिगत) सडक बत्ती जडान /मर्मत वापत आइटेक ट्रेड इन्टरप्राइजेजलाई रु. १,९६,०८८/- भुक्तानी भएकोमा बत्ती जडानको प्राविधिक मुल्याङ्कन सहित कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | १,९६,०८८ |
|---|---|

७९.४ **कार्यसम्पन्न पेश गर्नुपर्नेः**

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-९** को निर्णयले रू **४३४,७६७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

७९.५ २९१।२०८१।७।११ एस. बि. मल्टी बिजनेश कम्पनी प्रा. लि. लाई रु. ४४,९५१/- भुक्तानी भएकोमा ६०० pcs sanitary pad वडा नं ९ बाट सामुदायिक विधालयलाई वितरणको लागि माग भएको देखिएकोले वितरणको भरपाई पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४४,९५१ |

७९.६ १८६०/११/२/२०८२ खानेपानी मर्मत तथा सरसफाई वापत वडा नं ५ को सिफारिसमा विनोद भेट्टुवाललाई रु. ४८,७२०/- भुक्तानी भएकोमा प्राविधिक नाँपजाँच बिना नै भुक्तानी भएकोले खर्च एकिन हुने प्रमाण नदेखिएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४८,७२० |

७९.७ ५३४।२०८१।९।८ विविध खर्च शिर्षकबाट शालिकराम गौतमलाई रु. १२,०००/- भुक्तानी भएकोमा Joshi café को बिजक नं ४३० बाट ६३*२००=१२,६०० को खाजा / नास्ता खर्च उल्लेख भएकोले संख्या एकीन हुने प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,००० |

७९.८ **सम्झौता प्रमाण पेश गर्नुपर्नेः**

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-९** को निर्णयले रू **४९७,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

७९.९ **खर्च पुष्ट्याई प्रमाणः**

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-९** को निर्णयले रू **५०,३१०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

७९.१० १८६३/११/२/२०८२ क्षमता विकास कार्यक्रम संचालन वापत दलित कर्मचारी समाज नेपाललाई रु. १,००,०००/- भुक्तानी भएकोमा हल भाडा रु. १५,०००/- सम्झौता नभएको प्रशिक्षार्थीको स्टेशनरी बुझेको नदेखिएको कार्यक्रमको कार्यतालिका नभएको, प्रशिक्षकको योग्यता खुल्ने कागज प्रमाण नभएको १ दिने कार्यक्रममा प्रमाणपत्र दिन नमिल्ने न.पा को मापदण्डमा रहेकोले (१३०*४०) प्रमाणपत्रको रु ५,२००/- र ब्यानरको रु. २,४००/- समेत रु ७६०० भुक्तानी दिन नमिल्ने दिएकोले असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,६०० |

७९.११ **भ्रमण सम्झौता प्रमाणः**

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **३९५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

७९.१२ **वितरण भर्पाईः**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **४३,८४४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

७९.१३ २३८८।२०८२।३।१३ Stress Free Learning Social Harmony and Motivation सम्बन्धी तालिमको लागि रमिला बुढालाई रु. १,१९,८७५/- भुक्तानी भएकोमा विषय विज्ञको योग्यतामा तेह्रथुम बहुमुखी क्याम्पसमा उधमशिलता विकास प्रशिक्षक भएको व्यक्तिको योग्यता प्रमाण राखिएकोले कार्यक्रमको विज्ञको योग्यता खुल्ने प्रमाण पेश गर्नुपर्ने, विधार्थीहरु सहभागी भएको भनिएकोले कुन विधालयका कति विधार्थी सहभागी भएका हुन नामनामेसी विवरण खुल्ने प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,१९,८७५ |

७९.१४ २४६०।२०८२।३।१५ दलित तथा महिलाहरुको लागि कानुनी सचेतना कार्यक्रम वापत नेपाली नारी आवाजलाई रु. १,३५,९००/- भुक्तानी भएकोमा कानुनी पुस्तक ६०*२६० =१५,६००/- को खरिद गरेकोमा वितरण गरेको नदेखिएकोले वितरणको भरपाई पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १५,६०० |

७९.१५ २२६९।२०८२।३।१० विभिन्न स्वास्थ्य चौकीको माग बमोजिमको सामान उपलब्ध वापत इसान टेडर्स एण्ड सप्लायर्सलाई रु.९८,८५३/- भुक्तानी भएकोमा स्वयंसेविकालाई वितरणको भरपाई प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९८,८५३ |

८० **आन्तरिक पर्यटन काज :**

टोखा नगरपालिकाका कर्मचारीको आन्तरिक पर्यटन काज कार्यक्रमको सञ्चालन तथा व्यवस्थापन मापदण्ड २०८० को बुंदा नं ७ मा पर्यटन काजमा जाने कर्मचारीले अनुसूची २ मा उल्लेख भए बमोजिम वर्षको एकपटक मात्रका लागि प्रतिदिनका दरले बढीमा १० दिन सम्मको भ्रमण खर्च रकम भुक्तानी पाउने र यसरी भ्रमणमा सहभागि हुने कर्मचारीले आफूसँग एकाघर परिवारको थप एक जना सदस्यलाई समेत निज कर्मचारीले पाउने सरहको अनुसूची २ मा उल्लेख भए बमोजिमको भ्रमण खर्च रकम पाउने व्यवस्था उल्लेख छ । यस आ.व.मा आन्तरिक पर्यटन काज तर्फ ७१ जना कर्मचारीलाई पर्यटन काज स्वीकृत गरेर (नेपाल घुमौं नेपाल चिनौं अभियानको लागि भ्रमण खर्च) कूल रु. १९८६४०० खर्च भएको देखिन्छ । यस्तो खर्चलाई मितव्ययी र प्रतिफलमुखी बनाउनुपर्दछ ।

८१ **तालिम कार्यक्रम सञ्चालन :**

पालिकाको आ व २०८०।८१ को बजेट तथा कार्यक्रममा प्रत्यक्ष लाभान्वित हुने र प्रतिस्पर्धा हुने गरी कार्यक्रम कार्यान्वियन गर्ने उल्लेख छ । पालिकाले यस वर्ष १३९ वटा तालिम कार्यक्रम संचालन गरी रु.२ करोड ७६ लाख ८३ हजार ७३५ खर्च गरेकोमा कर्मचारीबाट ५० वटा तालिम संचालन गरी रु १ करोड ७ लाख ५९ हजार ५२३ खर्च गरेको छ भने ८९ वटा तालिम प्रतिस्पर्धा वेगर सोझै सम्झौता गरी कार्यक्रम सञ्चालकको वजेट प्रस्ताव अनुसारकै लागतमा कार्यक्रम सञ्चालन गरी विभिन्न संघ संस्था फर्म तथा परामर्शदातालाई रु. १ करोड ६९ लाख २४ हजार २१२ भुक्तानी गरेको छ । यस प्रकारका तालिम विगत देखि नै सञ्चालनमा रहेको वार्षिक योजना तथा प्रगती प्रतिवेदनहरुवाट देखिएको छ । यसरी प्रत्येक वर्ष मागको प्रक्षेपण नगरी स्वीकृत हुने यस्ता कार्यक्रमको सम्झौता गरी वाह्य फर्महरुवाट तालिम कार्यक्रम सञ्चालन हुने तर लाभान्वित तथा सरोकारवालहरुको अद्यावधिक विवरण र प्रभाव मूल्यांकन (Impact

analysis) समेत पालिकाले नगरेको र उद्देश्यअनुरुप कार्यक्रम सञ्चालन भए नभएको सम्बन्धमा पालिकाले अनुगमन समेत गरेको देखिँदैन। स्वरोजगारी सिर्जना गर्ने मुख्य उद्देश्यबाट सञ्चालित यस्ता सीपमूलक तालिमहरू सम्पन्न भए पश्चात सहभागीहरू स्वरोजगार भए नभएको, तालिमबाट सिकेको सीपको उत्पादकत्व वृद्धि हुने गरी लगानीको प्रभाव मूल्याङ्कन गर्ने गरेको समेत नदेखिँदा तालिम कार्यक्रम र सोको प्रभावकारीता मापन हुन सकेको देखिएन । स्वरोजगारी सृजनाको मुख्य उद्देश्य राखी प्रत्येक वर्ष सञ्चालित यस्ता कार्यक्रमको फलोअप मुल्यांकन समेत हुन सकेको छैन । यस्ता तालिमहरु जनशक्ति उपलव्ध भएसम्म पालिकावाटै सञ्चालन गर्ने अन्यथा प्रतिस्पर्धात्मक विधि प्रकृया अवलम्वन गरेर मितव्ययी विधिवाट सञ्चालन गर्नुपर्दछ ।

| सि नं | मिति | गो भौ नं | विवरण | तालिम संचालन गर्ने फर्मको नाम | खर्च रकम |
|---|---|---|---|---|---|
| १ | २०८१।१०।२ | ७३८ | फास्टफुड कुकिङ्ग तालिम | स्वरोजगार तालिम केन्द्र | ४९९२३४ |
| २ | २०८१।१०।३ | ७५९ | युवा लक्षित विविध सीप मूलक तालिम कार्यक्रम | युनाइटेड टेक्निकल ट्रेनिङ एजुकेशनल प्रालि | १९७१०५ |
| ३ | २०८१।१०।३० | ९५७ | महिला दिदी बहिनीहरुलाई सिलाइ कटाइ तालिम | युनाइटेड टेक्निकल ट्रेनिङ एजुकेशनल प्रालि | ३४८४४६ |
| ४ | २०८१।११।११ | १०५५ | लेखा समिति पदाधिकारी एवं संलग्न कर्मचारीहरुलाई तालिम | ओम अध्याय रिट्रिट | ४८१२७५ |
| ५ | २०८१।११।१२ | १०६४ | लक्षित वर्गका लागि विभिन्न सिपमूलक/ आयमूलक तालिम अन्तर्गत पत्रकारिता तालिम संचालन | रेड मिडिया प्रालि | ९९७५० |
| ६ | २०८१।११।१३ | १०९२ | महिला दिदी बहिनीहरुलाई सौन्दर्य मेहन्दी र नेल आर्ट सम्बन्धी तालिम | गंगबु ब्यूटिपार्लर | २९७३०० |
| ७ | २०८१।११।१९ | १११४ | फस्ट एड सम्बन्धी तालिम कार्यक्रम | श्रद्धा महिला टोल विकास संस्था | ३००००० |
| ८ | १०८१।११।२२ | ११६१ | लक्षित वर्गका लागि विभिन्न सिपमूलक आयमूलक तालिम | नेशनल ट्रेनिङ्ग सेन्टर | ४९९९९ |
| ९ | २०८१।१२।५ | १२७८ | सिसिटिभि मोबाइल ल्यापटप मर्मत तालिम | स्काई भिजन फाउण्डेशन प्रालि | १९९७५० |
| १० | २०८२।१।२ | १५१७ | मन्टेश्वरी एडभान्स तालिम कार्यक्रम | स्कील ट्रेनिङ एण्ड रिसर्च कन्सल्टेन्सी | १९९२५५ |
| ११ | २०८२।१।१० | १५९२ | जीवन व्यवस्थापन सम्बन्धी तालिम | संस्कार रिसर्च एण्ड ट्रेनिङ्ग सेन्टर | १९९०३० |
| १२ | २०८२।१।१५ | १६१९ | मौलिक सिपलाई आय आर्जनमा ल्याउन विभिन्न तालिम संचालन | नेशनल ईन्स्टिच्युट अफ भोकेसनल ट्रेनिङ प्रालि | ४९९३१३ |
| १३ | २०८२।१।२२ | १६८१ | नेतृत्व विकास तथा उद्घोषण तालिम | श्री जागरण समाज नेपाल | ९६५०० |
| १४ | २०८२।१।२२ | १६८२ | लक्षित वर्गको लागि सिप मूलक तालिम संचालन | लघु उद्यम महिला समाज टोखा | १००००० |
| १५ | २०८२।१।२३ | १६८८ | युवा स्वरोजगार कार्यक्रम | स्वरोजगार तालिम केन्द्र | ३९७९२९ |
| १६ | २०८२।१।२५ | १७१७ | पल्म्विङ वेल्डिङ इलेक्ट्रिसियन मोबाइल रिपेरिङ तालिम | युनाइटेड टेक्निकल ट्रेनिङ्ग | १५९३७५२ |
| १७ | २०८२।२।२ | १७७३ | अचार बनाउने तालिम कार्यक्रम | ज्योति महिला संसार उत्पादन सहकारी | १९९२५६ |
| १८ | २०८२।२।२ | १७७४ | व्यवसायिक चित्रकला र इन्टरियर डेकोरेसन युवा सीपमूलक तथा स्वरोजगार कार्यक्रम | अष्टावक्र योग साधना एण्ड रिसर्च | १९०६९० |

| | | | | | |
|---|---|---|---|---|---|
| १९ | २०८२।२।७ | १८२६ | जनै तथा बाटेको धुप बनाउने तालिम | फेमालचुली समाज सेवा समिति | १४९९०० |
| २० | २०८२।२।८ | १८४५ | नेल आर्ट सम्बन्धी तालिम संचालन | शिव शक्ति ट्रेनिङ सेन्टर | २९६१३० |
| २१ | २०८२।२।११ | १८५९ | लक्षित वर्गको लागि सिप मूलक तालिम संचालन | सहयात्री महिला समुह | ४०००० |
| २२ | २०८२।२।११ | १८६१ | बेकरी तालिम | पशुपति टेक्निकल कलेज | २९७०४४ |
| २३ | २०८२।२।११ | १८६३ | लक्षित वर्गको लागि सिप मूलक तालिम संचालन | राष्ट्रियय दलित कर्मचारी समाज नेपाल | १००००० |
| २४ | २०८२।२।२६ | १९५५ | वेसिक ब्युटिसियन तालिम | सिष्टर्स व्युटीपार्लर | २९८३४४ |
| ५६ | २०८२।३।१ | २०६९ | ब्यूटि पार्लर | नेपाली नारी आवाज | ३९८३५० |
| ५७ | २०८२।३।३ | २१२६ | लक्षित वर्गको लागि सिप मूलक तालिम संचालन | मेरुदण्डीय पक्षघात समूह नेपाल | ५०००० |
| ५८ | २०८२।३।४ | २१४० | मगर उत्थान समाज मार्फत मखमलको जुत्ता थैली झोला बनाउने तालिम | मगर उत्थान समाज | ३४७६०० |
| ५९ | २०८२।३।४ | २१५५ | एडभान्स ब्यूटिपार्लर तालिम गोगंबु | गोंगबु ब्युटी पार्लर | ९९२६० |
| ६० | २०८२।३।६ | २१९६ | मेशिन समेत खरिद गरी दुना टपरी बनाउने तालिम | सारा ग्रुप प्रालि | २९९१०० |
| ६१ | २०८२।३।८ | २२२८ | एडभान्स सिलाई तालिम | नेशनल इन्टिच्युट अफ भोकेसनल ट्रेनिङ्ग | ३९९१५१ |
| ६२ | २०८२।३।८ | २२३० | युवा उत्प्रेरणा तथा नवप्रवर्द्धन तालिम | संस्कार रिसर्च एण्ड ट्रेनिङ्ग सेन्टर | ३८१३०० |
| ६३ | २०८२।३।१४ | २४०३ | बेकरी तालिम | क्वालिटी मल्टीपर्पोज | ४९८०८० |
| ६४ | २०८२।३।१४ | २४०५ | महिला दिदी बहिनीलाई नेतृत्व विकास तालिम | गोंगबु परोपकार महिला संस्था | १००००० |
| ६५ | २०८२।३।१४ | २४२२ | स्वरोजगार तालिम संचालन( ड्राईभिङ तालिम ) | संस्कार रिसर्च एण्ड ट्रेनिङ सेन्टर | २९८३०० |
| ६६ | २०८२।३।१५ | २४६३ | डिजिटल मार्केटिङ तालिम | संकटा एजुकेशन | १४९१६० |
| ६७ | २०८२।३।१५ | २४६६ | मुढा बनाउने तालिम | अन्नपूर्ण प्रोडक्सन प्रालि | १९८५०० |
| ६८ | २०८२। | २४८५ | कपडाको झोला बनाउने तालिम | निगरानी महिला समूह | १९७९७३ |

| | | | | | |
|---|---|---|---|---|---|
| | ३।१६ | | | | |
| ६९ | २०८२। ३।१६ | २५२५ | लक्षित वर्गका विभिन्न कार्यक्रम संचालन | पशुपंक्षी प्रति निर्दयिता रोकावट समाज | २०५७४ |
| ७० | २०८२। ३।१६ | २५२७ | बिजनेश सेयर मोटिभेसन तालिम | हामी गर्छौं संस्था | १४८८०० |
| ७१ | २०८२। ३।१७ | २५७४ | ब्यूटीसियन तालिम | गल्फ इन्टरनेशनल टेक्नीकल | ४९८४९० |
| ७३ | २०८२। ३।१७ | २५८९ | सिलाईकटाई र बुनाई तालिम | नेपाली नारी आवाज | ४९९४०० |
| ७४ | २०८२। ३।१८ | २५९७ | बुटिक तालिम संचालन | गोसाइकुण्ड पोलि टेक्निकल | ३९८२१२ |
| ७५ | २०८२। ३।१८ | २६०३ | लक्षित वर्गका लागि विभिन्न कार्यक्रम संचालन | द्रव्य बहुउद्वेश्यीय सहकारी | ९५००० |
| ७६ | २०८२। ३।१८ | २६३६ | केयर टेकर स्किल ट्रेनिङ्ग | स्वरोजगार तालिम केन्द्र | ५६१६०० |
| ७७ | २०८२। ३।१८ | २६३६ | अल राउण्ड कुक ट्रेनिङ्ग | स्वरोजगार तालिम केन्द्र | १०००००० |
| ७८ | २०८२। ३।१९ | २६९५ | ढाका बुनाई तालिम | नेपाली नारी आवाज | ४९९५४० |
| ७९ | २०८२। ३।१९ | २६९७ | सीपमूलक एवं प्राविधिक तालिम | सप्तश्री केयर गिभर | ४९९४९९ |
| ८० | २०८२। ३।१९ | २६९८ | फोटोग्राफी/ कम्प्युटर तालिम | स्वयंभु प्रोडक्सन प्रालि | २९६४७९ |
| ८१ | २०८२। ३।२१ | २७६० | एकाउण्ड प्याकेज तालिम संचालन | नेशनल ट्रेनिङ्ग सेन्टर | १००००० |
| ८२ | २०८२। ३।२३ | २८२४ | दलित तथा उत्पीडित वर्ग समुदायको किशोर/ किशोरी युवा तथा बेरोजगारहरुलाई सिप विकास व्यावसायीक तालिम | दलित भोईस कन्सर्न | ४९६००० |
| ८३ | २०८२। ३।२३ | २८५२ | सिप विकास तथा जनचेतना तालिम तथा गोष्ठी कार्यक्रम | गोंगबु ब्युटिपार्लर | ४६१५० |
| ८४ | २०८२। ३।२३ | २८६३ | केयर टेकर स्किल ट्रेनिङ्ग | स्वरोगजार तालिम केन्द्र | ३९०४०० |
| ८५ | २०८२। ३।२४ | २९१२ | पम्बिङ्ग वेल्डिङ्ग इलेक्टिसियन तालिम | युनाइटेड टेक्निकल ट्रेक्निकल ट्रेनिङ सेन्टर | ३९८४३८ |
| ८६ | २०८२। ३।२४ | २९१७ | युवा तथा मिहलालाई रेफ्रिजेरेटर तथा मोटर मर्मत सम्बन्धीत तालिम | सिद्धि विनायक टेक्निकल | २९६१०३ |
| ८७ | २०८२। ३।२५ | २९३८ | लक्षित वर्गका लागि विभिन्न कार्यक्रम संचालन | जे एन ट्रेड एण्ड सप्लायर्स | १०७७५१ |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८९ | २०८२।३।२५ | २९५९ | सीप विकास तथा जनचेतना तालिम | पावर इन्टरनेशनल मिडिया नेपाल | २५००० |
| जम्मा | | | | | १६९२४२१२ |

८२ **बढी भुक्तानी :**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **९९,४४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

८३ **सामाजिक सुरक्षाकोषमा आबद्धता :**

टोखा नगरपालिकाका कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्ने सम्बन्धी कार्यविधि २०८० को दफा ३ मा पालिका वा अन्तर्गतका कार्यालय/ सामुदायिक शैक्षिक संस्थामा कम्तिमा ३ वर्ष सेवा अवधि पूरा गरेको सशर्त अनुदान बाहेक नगरपालिकाको स्रोतबाट तलब भुक्तानी हुने दरबन्दी भित्रका करार कर्मचारीलाई श्रावण १ वा माघ १ देखि सामाजिक सुरक्षाकोषमा आवद्ध गराउन सकिने उल्लेख गरेको छ भने दफा ३ बमोजिमको कर्मचारीलाई नेपाल सरकारले निर्धारण गरेको श्रमिकको न्यूनतम पारिश्रमिकको ३१ प्रतिशतले हुने रकम नगरपालिकाबाट नियमित मासिक रुपमा सामाजिक सुरक्षा कोषमा सम्बन्धित कर्मचारीको खातामा दाखिला गरिने उल्लेखित ३१ प्रतिशत रकम मध्ये ११ प्रतिशत रकम सम्बन्धित कर्मचारीको पारिश्रमिकबाट कट्टा गरिने र २० प्रतिशत रकम नगरपालिकाको कार्यालयबाट थप गरी सामाजिक सुरक्षा कोषमा दाखिला गर्ने उल्लेख भएकोमा पालिकाले कर्मचारीको तलबबाट मासिक रु ३४६० र पालिकाले मासिक थप रु ५३६३ को दरेले यस वर्ष अस्थायी २, नगरप्रहरी ५ र पालिका करार ५८ गरी ६५ जनाको माघ देखि असार सम्म रु २०१९५७० पालिकाले सामाजिक सुरक्षाकोषमा थप रकम जम्मा गरेको पाइयो । यस प्रकारको खर्च भुक्तानी गर्दा संघ र प्रदेश कार्यालयको अभ्यासलाई समेत मध्यनगर गरी खर्च लेख्नुपर्ने देखिन्छ ।

८४ **फर्मलाई बुझाएको प्रमाण :**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-९** को निर्णयले रू **९७,१८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

८५ **सडक बत्ती जडान :**

८५.१ **बत्ती जडान प्रमाणः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **५६,०४८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

८५.२ **रोड लाईट जडानः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१५** को निर्णयले रू **१४६,१०९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

८६ **विपन्न नागरिक औषधि उपचार खर्च:**

जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुंच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ ।नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ को दफा ३ मा विपन्न नागरिकलाई औषधि उपचार वापत आर्थिक सहायता दिने प्रवन्ध गरिएको तथा दफा ४ मा यस्तो सेवा लिने प्रक्रिया वारेमा उल्लेख छ ।सोही मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधिउपचार कार्यक्रम संचालन निर्देशिका, २०८० ले पनि विपन्न नागरिकलाई औषधि उपचार वापत सहायता दिने प्रक्रिया बारेमा विस्तृत उल्लेख छ ।नेपाल सरकारले यस्ता कार्यको लागी बजेट व्यवस्था गरेको देखिन्छ । सोही बमोजिम विपन्न नागरिक, असहाय तथा गरीब जस्ता लक्षित वर्गलाई निशुल्क उपचार वापतको आर्थिक सहायता वितरण वापत वार्षिक कार्यक्रम अनुसार १४४ जनाको लागि रु.७५ लाख ८५ हजार भुक्तानि गरेको, निर्देशिका २०८० अनुसार विपन्न नागरिक औषधि उपचार कार्यक्रमतर्फ थप १२० जनालाई निःशुल्क उपचारका लागि सिफारिस समेत गरेको छ । जसमा मुट्टरोग ५४, क्यान्सर ४६, मृगौला १७ र स्पाईनल ईन्जुरी ३ रहेको विवरण उपलब्ध भएको छ ।

| क्र. सं . | उपचारको किसिम | व्यक्ति संख्या | रकम रु. |
|---|---|---|---|
| १ | मृगौला/ डाईलाईसिस | ३८ | १९४०००० |
| २ | क्यान्सर रोगी | १०६ | ५६४५००० |
| जम्मा | | १४४ | ७५,८५,००० |

यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनको लागी वास्तविक औषधि तथा स्वास्थ्य परीक्षण प्रमाणका आधारमा सहायता प्राप्त गर्ने व्यक्तिको नाम, ठेगाना र उपचारको किसिम तथा रकम वेवसाइटबाट सार्वजनिकरण गर्नु पर्दछ ।

८७ **स्वास्थ्य तर्फको दरबन्दी पदपूर्ती :**

पालिकामा आर्थिक वर्ष २०८१।८२ मा संचालनमा रहेका स्वास्थ्य संस्थाको दरबन्दी पदपूर्ति र सेवा प्रवाहको अवस्था देहाए बमोजिम रहेको छ ।

| स्वास्थ्य संस्थाको किसिम | स्वास्थ्य संस्थाको संख्या | दरबन्दी | पदपूर्ति | | सेवा प्रवाह |
|---|---|---|---|---|---|
| | | | स्थायी | करार | |
| आधारभूत स्वास्थ्य केन्द्र | ११ | ६० | ५१ | १० | ६१५४० |

उक्त विवरण अनुसार पालिकामा ११ स्वास्थ्य चौकी / आधारभूत स्वास्थ्य केन्द्र रहेका छन । ११ स्वास्थ्य संस्थामा ६० दरबन्दी स्वीकृत भएकोमा ५१ स्थायी र १० करार गरी ६१ जना कर्मचारी मार्फत ६१५४० जना सेवाग्राहीलाई स्वास्थ्य सेवा प्रवाह गर्ने गरेको देखिन्छ ।

८८ **प्रधानमन्त्री रोजगार कार्यक्रम :**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिकाका ११ वडाबाट १९५ जना बेरोजगार सूचिमा सूचिकृत भएको मध्ये ५० जनाले सञ्चालित १४ योजनामा यस वर्ष औसत १०० दिनसम्म रोजगारी उपलव्ध गराई रु.३४,८०,०००।- श्रमिक ज्याला खर्च गरेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन ।

८९ **उपभोक्ता समिति परिचालन सम्वन्धमा:**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट कार्य गराउँदा सोही नियमावलीका प्रावधान अनुसार कार्य गर्नुपर्ने व्यवस्था छ । पालिकाले ४१९ योजनामा २८ करोड ६२ लाख ६ हजारको कार्य उपभोक्ता समिति मार्फत

गराएको छ।यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।

**क) उपभोक्ता समिति दर्ता** - संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार कुनै पनि संस्था विधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिँदैन । पालिकाले यस वर्ष विभिन्न निर्माण कार्य गर्न सम्झौता गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता भएको पाइएन। उक्त समितिहरु स्थानीय स्तरमा आयोजनाको बजेटको आधारमा अस्थायी रुपमा गठन हुने र काम सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण सम्पन्न आयोजनाहरु सञ्चालन तथा मर्मत सम्भारमा जिम्मेवार बनाउन कठिनाइ हुने भएकोले स्थायी संयन्त्र मार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।

**(ख) योजना हस्तान्तरण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १२ बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी योजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट सञ्चालित योजनाहरु मध्ये उपभोक्ता समिति मार्फत् सञ्चालन भएका योजनाहरु सम्पन्न भैसके पश्चात समितिलाई नै हस्तान्तरण गर्नुपर्नेमा विगत वर्षदेखि सञ्चालन गरिएका कुनै पनि योजना सम्वन्धित समुदायलाई मर्मत सम्भारको जिम्मेवारी समेत हस्तान्तरण गर्ने गरेको देखिएन । समयमै निर्माण कार्य सम्पन्न गरी योजनाहरुको स्वामित्व उपभोक्ता समितिमै रहने गरी हस्तान्तरण गर्ने कार्यमा पालिकाको ध्यान जानुपर्दछ।

**(ग) हेभी इक्विपमेण्टको प्रयोग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(९) मा उपभोक्ता समितिबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्वन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने तर उप नियम (९क) अनुसार सो विपरीत हेभी मेशिन प्रयोग गरेको पाइएमा त्यस्तो उपभोक्ता समितिसँग भएको सम्झौता रद्द गरिने उल्लेख छ । यस पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्वन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको मेशिन प्रयोग गर्नु अगाडी प्राविधिकवाट स्विकृति लिनुपर्नेमा नियमावलीको व्यवस्था बमोजिम सम्वन्धित प्राविधिकको सिफारिश गराई कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । सार्वजनिक निर्माणमा अनिवार्य रुपमा कानुनको परिपालना गर्नुपर्दछ ।

**(घ) जटिल संरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले ५३० भन्दा बढी योजनाहरुमध्ये आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, कल्भर्ट निर्माण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् कार्यान्वयन गराएको छ । उपभोक्तासँग पूँजिको अभाव हुने, जोखिम वहन गर्ने प्रत्याभुति नहुने, दक्ष प्राविधिक नहुने, संरचना निर्माणमा प्रयोग हुने हेभि इक्विपमेन्ट, मेशिन नहुने यथार्थलाई ध्यानमा राख्दा संझौताका आधारमा योजना कार्यान्वियन गर्न सक्ने क्षमता समितिसँग देखिँदैन । तसर्थ यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ ।

**(ङ) धरौटीको व्यवस्था** - उपभोक्ता समितिबाट गरेको निर्माण कार्यमा तोकिएको अवधि सम्म दुरुस्त राख्नु पर्ने भएमा त्रुटि सच्याउने अवधि सम्मको धरौटी राख्नु पर्दछ । त्रुटि सच्याउने अवधिसम्मको धरौटी राखे गरेको पाईएन । निर्माण कार्यको भुक्तानी गर्दा धरौटी कट्टा गर्ने व्यवस्था मिलाउन उपयुक्त हुने देखिन्छ ।

**(च) उपभोक्ता समितिको म्याद थप** : पालिकाले उपभोक्ता समितिसंग सम्झौता गरी शुरुवात गरेका कतिपय योजनाहरु गत बिगतबर्षमा सम्झौता भई शुरुवात गरेता पनि हरेक वर्ष म्याद थप गरेर वा नगरिकनै समेत यो वर्ष समेत निरन्तरता दिएको पाइयो । कतिपयमा पुरानै

सम्झौतानुसारको काम सम्पन्न नभएकोले निरन्तरता दिएको छ भने कतिपयमा प्रत्येक वर्ष कामहरु थप गर्दै लगेको समेत देखियो । तर बिगत वर्षहरुमा भएको कामको अभिलेख नराखिएको हुदा काममा दोहोरोपना नआएको सुनिश्चितता देखिएन । सार्वजनिक खरिद नियमावलीको नियम १२० मा उपभोक्ताको काममा म्यादथप गर्ने सम्वन्धमा स्पष्ट व्यवस्था गरेको देखिदैन । कार्यपालिकाको पटके वैठकले अधुरा अपुरा उपभोक्तासँग भएका सम्झौताहरुलाई विना आधार पटक पटक म्याद थप गर्दै आएको स्थिति छ । तसर्थ कानुनमा भएको व्यवस्था बमोजिम सोही वर्ष सकिने योजनामा मात्र उपभोक्ता समितिसंग सम्झौता गरी काम गराउनु पर्ने देखिन्छ ।

**(छ) उपभोक्ता समितिका वील भरपाईहरुः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(५) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको मूल्यांकन, विल, भरपाइ र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकवाट अनुमोदन गराई सम्बन्धित निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । उपनियम (७) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले आफूले प्रत्येक किस्तामा गरेको खर्चको विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । त्यस्तै उपनियम ११ मा उपभोक्ता समिति वा लाभग्राही समुदायको निर्माण कार्य सम्पन्न गरिसकेपछी सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीवाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायवाट प्राप्त रकम र जनसहभागिता व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको बिबरण सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट उपभोक्ता समिती मार्फत संचालित निर्माण कार्यको को प्राविधिक विल र खर्च प्रमाणित गर्ने विल विच सामञ्जस्यता देखिएन । वास्तविक खरिद परिमाण भन्दा घटी/बढि परिमाण देखिएकोले पालिकाले सो सम्बन्धमा एकिन गरेर निर्माण कार्यको विल भुक्तानी गर्नुपर्दछ । उपभोक्ता समितिले खरिद गरेको दरभन्दा बढि दर रहेको मु.अ. कर सहितको जिल्ला दररेटको आधारमा मूल्याङ्कन कायम गरी भुक्तानी गर्दा उपभोक्ता समितिलाई निर्माण सामाग्री खरिदमा दिएको मूल्य अभिवृद्धि कर वापतको रकम समेत बढी दरमा मूल्याङ्कन हुँदा उपभोक्ता समितिलाई बीजक मूल्य भन्दा बढी भुक्तानी हुन सक्ने अवस्था छ ।कार्यालयले बिल अनुसारको मूल्यांकन गरी न्यून बिजकीकरणलाई नियन्त्रण गर्न जरुरी देखिन्छ ।

९० **उपभोक्ताको बिल बिजकः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिलाई सम्झौता अनुसार अन्तिम भुक्तानी गर्दा बिल बिजक र भर्पाई संलग्न गरेर मात्र भुक्तानी दिनुपर्ने व्यबस्था छ ।पालिकाले उपभोक्ताले प्रयोग गर्ने मूल्य अभिबृध्दि कर सहितको सामाग्री बापत उपयोग भएको परिमाण अनुसार भुक्तानी दिने गरेको समेत छ । यस पालिकाले निम्न बमोजिमका उपभोक्ता समितिहरुले भुक्तानीको लागि पेश गरेका कर बिजकहरु बास्तबिक नापी अनुसार प्रयोग भएको परिमाण भन्दा कम संलग्न गरी कर सहित भुक्तानी दिएको पाइएकोले बढी भुक्तानी भएको कर रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

| सि.न | उपभोक्ता समितिको नाम | भौ.न र मिति | सामाग्री | हुनुपर्ने परिमाण | भएको परिमाण | दर | रकम | बढी भुक्तानी भएको मूअकर रकम रु |
|---|---|---|---|---|---|---|---|---|
| १ | पुरको टोल उपभोक्ता समिति | ६४४।२०८२।३।२३ | सिमेन्ट | ८७० | ६७० | ५६२ | १२७०१२ | १६५१२ |
| २ | प्रगतिनगर उपभोक्ता समिति | ६०५।२०८२।३।२२ | एच.डि.पी.ई पाईप | ९१३ | ८९१ | २८७ | ७०७० | ९१९ |
| ३ | नयाँ टोल बिकास संस्था | ३८१।२०८२।२।४ | सिमेन्ट | ४२५ | ३३५ | ५६२ | ५७१५५.४ | ७४३० |
| ४ | टोखा मेघासिटी टोल बिकास संस्था | ३८४।२०८२।२।४ | सिमेन्ट | २६५ | १९० | ५६२ | ४२३९७.२८ | ५५११ |
| ५ | ढाँडखोला टोल बिकास संस्था | १६९।२०८१।१०।४ | सिमेन्ट | ४०९ | १५० | ५६२ | १४५५५८ | १८९२२ |
| ६ | लालदारी टोल बिकास संस्था | २००।२०८१।१०।२८ | सिमेन्ट | १६०९ | ९३५ | ५६२ | ३७८७३९ | ४९२३६ |
| जम्मा | | | | | | | ७५७९३१.६८ | ९८५३० |
| | | | | | | | असुल गर्नुपर्ने | ९८,५३० |

९१ **टोल विकास संस्थाः**

टोखा नगरपालिकामा टोल विकास संस्था (गठन तथा परिचालन) सम्बन्धी कार्यविधि, २०७७ को दफा ३(५), ३(६) बमोजिम हरेक २ वर्षमा पुनर्गठन गर्नुपर्ने तथा प्रमुख पदाधिकारी( अध्यक्ष, उपाध्यक्ष,सचिव र कोषाध्यक्ष) दुई कार्यकाल भन्दा बढी अवधि सो पदमा बस्न नमिल्ने ब्यबस्था गरेको देखिन्छ । त्यस्तै कार्यविधिको दफा ७ ले व्यबस्था गरे अनुसारको काम, कर्तब्य र अधिकारमा योजना तर्जुमा, अनुगमन र कार्यान्वियन गर्नसक्ने उल्लेख भएबाट एकै संस्थाले योजना तर्जुमा, अनुगमन र कार्यान्वियन समेत गर्दा स्वार्थको द्वन्दको कारण सन्तुलन कायम गर्न कठिनाई हुने देखिन्छ ।नमूनाको रुपमा ५ वटा टोल विकास संस्थाको परीक्षण गर्दा तीनवटा टोल विकास संस्थाको कार्यबिधि अनुसार पदाधिकारी छनौट र पुनर्गठन नभएको (एकै पदाधिकारी दोहोरीदै आएको ) पाईयो ।एक टोल विकास संस्थामा ३ कार्यकाल एकै अध्यक्ष रहेको समेत पाईयो । आ.ब २०८१.८२ मा पालिकाले ८८ टोल विकास संस्थासँग सम्झौता गरी रु.११,६०,९६,४६२।- को योजना कार्यान्वियन गरी रकम भुक्तानी गरेको पाइयो ।

**(विस्तृत विवरण बेरूजु दफा ९१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

९२ **निर्माण कार्यको गुणस्तरः**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२४ अनुसार सार्वजनिक निकायले अन्तिम भुक्तानी गर्दा खरिद सम्झौता अनुसार गुणस्तर लगायतका प्रमाणहरु संलग्न गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ। ठेक्का सम्झौताको जि.सी.सी. ४१ र ४२ अनुसार प्राविधिक कर्मचारीले चाहेमा थप गुणस्तर परीक्षण गराएर मात्र भुक्तानी सिफारिस गर्न सक्ने व्यबस्था छ । सडक ढलानको हकमा न्यूनतम ३० घनमिटर सम्मको १ सेट कम्प्रेसिभ स्ट्रेन्थ टेष्ट र सो भन्दा बढी परिमाणको प्रत्येक ३० घन मिटरमा १ टेष्ट, तथा भवनको हकमा २० घनमिटरको १ सेट टेष्ट र सो भन्दा माथि हरेक २० घन मिटरमा १ टेष्ट फ्रिक्वेन्सी सहित परीक्षण गर्नुपर्ने निर्माण सम्बन्धी स्पेशीफिकेशनमा उल्लेख छ । लेखापरीक्षणको क्रममा नमूनाको रुपमा ठेक्का सम्झौताहरु मध्ये छनौट गरी परीक्षण गरिएका निम्न ५ ठेक्काहरुमाः खाडादेबी ।रोयल। बिश्वज्योती जे.भी NCB/10/w/2080.81 को ३ सेट, अल्टीमेट बिल्डर्स प्रा.लि NCB/21/w/2080.81 को १५ सेट, बिस्रान्ती कन्स्ट्रक्सन प्रा.लि NCB/41/2080.81 को ९ सेट, न्यू खाडादेबी ।सुरु जे.भी NCB/05/W/2080.81 को २ सेट, डि.एस.।एस.आर. जे.भी NCB/42/w/2080.81 को ७ सेट कङक्रिटको गुणस्तर परीक्षण नपुग

देखिएको छ । यस सम्बन्धमा पालिकाले स्पेशिफिकेसन अनुसार परीक्षण गरिएको भए पनि स्रेस्तामा छुट हुन गएको बताए पनि पालिकाले हरेक निर्माण कार्यमा आबस्यक फ्रिक्वेन्सी सहितको गुणस्तर सुनिश्चित भएर मात्र कार्यस्वीकार एवम् भुक्तानी गर्नुपर्दछ ।

९३ **ट्याक कोटको स्प्रे दर:**

सडक विभागको सडक तथा पुलको स्पेशिफिकेशन, २०७३(संसोधन २०७८ समेत) को तालिका १३.१० मा कालोपत्रे गर्दा बिटुमिनस सतहमा ०.४०-०.६० लिटर प्रतिबर्ग मिटर र ग्रयानुअल सतहमा ०.५०-०.६० लिटर प्रति बर्गमिटर बिटुमिन ट्याक कोटको प्रयोग गर्न सकिने स्पेशिफिकेशन नं १३०२ मा व्यबस्था गरेको छ । पालिकाले पालिकाभर २०८०.८१ र २०८१.८२ मा सञ्चालित कालोपत्रे योजनाहरुमा ट्याक कोटको लागि १ लिटर प्रति बर्गमिटर लागत अनुमान स्विकृत गरी सोही परिमाण प्रयोग समेत भएको देखिन्छ । कालोपत्रेको डिप टेष्ट तथा ट्रे टेष्टको रिपोर्ट पेश नभएकोले प्रति वर्ग मिटर कति परिमाण प्रयोग भएको भन्ने समेत यकिन हुन सकेन । आ.ब २०८१.८२ र २०८२.८३ मा लागत अनुमान सोही अनुसार तयार भए पनि ०.६ लिटर प्रति वर्गमिटरनै प्रयोग गरेको देखिए पनि २०८०.८१ को निम्न बमोजिमका २ बहुबर्षे ठेक्काहरुमा प्रति बर्ग मिटर एक लिटरनै प्रयोग गरी बिटुमिनको स्पेशिफिकेसन भन्दा बढी भुक्तानी गरेको देखिएकोले डिप टेष्ट र ट्रे टेष्टको रीपोर्ट सहित १ लिटर प्रति बर्ग मिटर बिटुमिन प्रयोग भएको प्रमाण पेश गर्नु पर्ने अन्यथा असुल उपर गर्नु पर्ने रु.

| सि.न | ठेक्का नं र फर्मको नाम | योजनाको नाम | ट्याक कोटको परिमाण(लिटर) | दर | बढी भुक्तानी (मू.अ कर समेत) |
|---|---|---|---|---|---|
| १ | के.पी कन्स्ट्रक्सन उद्योग, प्रा.लि NCB/W/06/2080.81 | जालपाचोक देखि तामाङ्ग बस्ती जाने सडक स्तरोन्नती | ६७८८.५६ | २०९.७ | ६४३४४८.६३ |
| २ | सद्भभाव बिल्डर्स प्रा.लि NCB/W/38/2079.80 | बिष्णुमती कोरीडोर जागरण टोल देखि मनोहर तिर्थ पक्की सडक- वडा नं ९ | ५६९८ | १४० | ३६०५६९.४४ |
| जम्मा | | | | | १००४०१८.०७ |
| | | | | प्रमाण पेश नगरेको | १०,०४,०१८.०७ |

९४ **बेस कोर्स माथि ढलानः**

सडक बिभागको पेभमेन्ट डिजाईन गाईडलाईन, २०२१ को डिजाईन अनुसार डि.पि.आर. सहित ट्राफिक अध्ययन भएकोमा सोही अनुसार पेभमेन्ट डिजाईन गरिने भए पनि सामान्य रिजिड पेभमेन्टमा सब ग्रेड पछि, सव-बेस र सो माथि रिजिड पेभमेन्ट(ढलान) गर्ने गरेको देखिन्छ ।सब बेस भन्दा बेशको लागत पनि स्वत बढी हुने गर्दछ ।पालिकाले वडा नं ३ को भत्केको पुल देखि भिल्ले पञ्चेटार हुदै बखुण्डोल निस्कने सडक स्तरोन्नति कार्य गर्दा सब- बेसको बिकल्पमा बेस राखेर ५९६ घनमिटर प्रति घनमिटर ३००० फ्रिम्यान बिजनेश प्रा.लि सँग सम्झौता गरी गाईडलाईन बिपरीत रु.१७,८८,००० भुक्तानी भएको देखिएकोले बिस्तृत परियोजना प्रतिवेदनले सिफारिस गरेको बाहेकको निर्माण सम्झौतामा मितव्ययी डिजाईन गरी सडक ढलान गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

९५ **उपभोक्ताबाट गराइएको कामको गुणस्तर :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ अनुसार सार्वजनिक निकायले अन्तिम भुक्तानी गर्दा गुणस्तर परीक्षण गरी यकिन भएरमात्र बिल विजकको भुक्तानी दिनुपर्ने व्यवस्था छ। यस पालिकाले आ व २०८१।८२ मा निम्न बमोजिमका उपभोक्ता समितिमार्फत निर्माण सम्बन्धी कार्य गर्दा नियम १२३(४) बमोजिम धरौटी कट्टी गरी त्रुटि सच्याउने अवधिसम्म धरौटी राखेर भुक्तानी दिने अभ्यास समेत नभएको तथा निम्न बमोजिमका नमूनाको रुपमा पालिकाले उपलब्ध गराएको तथ्याङ्कको आधारमा २३ योजनाका ढलान र फलामे डण्डी लगायतका जस्ता निर्माण सामाग्रीको ठूला उपभोक्ता समितिको हकमा बि.ओ.क्यूमा टेष्टको लागि रकम छुट्याएकोमा कोर कटिङ्गको परीक्षण गरे पनि कम्प्रेसिभ स्ट्रेन्थ र फलामे डण्डीको को गुणस्तर परीक्षण गरेको पाइएन । पालिकाले उपलब्ध गराएको २३ नमूनामा रु. १,५१,१९,९७६.८० को निर्माण कार्यको भुक्तानीमा गुणस्तर यकिन गर्ने आधार नदेखिएकोले अन्य उपभोक्ताको निर्माण कार्यमा समेत गुणस्तर सुनिश्चित गरेर मात्र उपभोक्ता समितिहरुलाई भुक्तानी दिनुपर्ने देखिन्छ।

| सि.न | उपभोक्ता समितिको नाम /टोल बिकाश संस्था तथा योजनाको नाम | वार्ड न. | ढलानको काम | | | | फलामे डन्डीको काम | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | दर M15 | दर M20 | भुक्तानी रकम | परिमाण | दर | भुक्तानी रकम | |
| १ | प्रगतिटोल सुधार समिति | ९ | १०२.३१ | १०६१७ | | १०८६२३५.०० | ५.०८ | ११४२४०.०० | ५७९८७४.०० | १६६६१०९.१० |
| २ | गोंगबु नमुना उपभोक्ता समिति | १० | २९.२७ | १०६१७ | | ३१०७०८.८० | १.४४ | ११४२४०.०० | १६४२७४.०० | ४७४९८३.१६ |
| ३ | आरम्भ टोल विकास संस्था | १० | ४९.२३ | १०६१७ | | ५२२६७१.०० | २.८५ | ११४२४०.०० | ३२६०४०.०० | ८४८७११.२३ |
| ४ | आरम्भ टोल विकास संस्था | १० | ४.७६ | १०६१७ | | ५०५७१.८० | ०.२८ | ११४२४०.०० | ३२१९१.७० | ८२७६३.५० |
| ५ | आरम्भ टोल विकास संस्था | १० | ५.३१ | १०६१७ | | ५६४२३.९३ | ०.३१ | ११४२४०.०० | ३५४२३.९० | ९१८४७.७९ |
| ६ | धमल पुरानो वस्ती जाने सडक स्तरोन्नति | ३ | ५८.१७ | | ११४०७.१० | ६६३५५२.२० | ३.२३ | ११४२४०.०० | ३६९५३९.०० | १०३३०९१.२० |
| ७ | बसपार्क बाटो स्तरउन्नति तथा विश्रामस्थल निर्माण | ३ | ४८.०५ | | ११४०७.१० | ५४८११२.१० | १.९७ | ११४२४०.०० | २२४८४९.०० | ७७२९६१.५७ |
| ८ | लाउखा सडक स्तरोन्नति | ३ | ३५.८१ | १०६१७ | | ३८०१९७.६० | २.०५ | ११४२४०.०० | २३४६८६.०० | ६१४८८३.१५ |
| ९ | मनकामना मन्दिर पश्चिम बाटो स्तरोन्नती मितेरी टोल | ३ | ४७.४५ | १०६१७ | | ५०३७८०.४० | | ११४२४०.०० | | ५०३७८०.४५ |
| १० | धनेश्वर स्थित शाखा बाटो स्तरोन्नति | ३ | २८.४१ | १०६१७ | | ३०१६३१.२० | १.५६ | ११४२४०.०० | १७८१८९.०० | ४७९८२०.५१ |
| ११ | कुमार सिंह गुरुङ्गको घर अगाडि देखि | ३ | १२.३२ | १०६१७ | | १३०८०२.४० | ०.७० | ११४२४०.०० | ८००३४.३० | २१०८३६.६९ |
| | मूलबाटो जोड्ने सडक स्तरोन्नति | | | | | | | | | |
| १२ | वडा नं. ३ इको नयां बस्ती टोल सडक स्तरोन्नति | ३ | ३७.०७ | १०६१७ | | ३९३५७५.२० | १.५१ | ११४२४०.०० | १७२०७३.०० | ५६५६४८.०१ |
| १३ | इस्तुली हाईट सडक स्तरोन्नति | ३ | ४५.८१ | १०६१७ | | ४८६३६८.४० | २.५२ | ११४२४०.०० | २८७५६६.०० | ७७३९३४.५१ |
| १४ | कोलु सडक स्तरोन्नति | ३ | २९.८१ | १०६१७ | | ३१६४९५.२० | १.६० | ११४२४०.०० | १८३३३३.०० | ४९९८२८.६५ |
| १५ | झुडोल सडक स्तरोन्नति र आदर्श | ३ | २७.३७ | १०६१७ | | २९०५८९.५० | १.५४ | ११४२४०.०० | १७५८५९.०० | ४६६४४८.२५ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | टोल भित्र सडक स्तरोन्नति | | | | | | | | | |
| १६ | धनेश्वारी आमा समाज भवनको दक्षिण तर्फको बाटो स्तरोन्नति | ३ | ५३.१७ | | ११४०७.१० | ६०६५१६.६० | १.९० | ११४२४०.०० | २१७३४७.०० | ८२३८६३.८८ |
| १७ | लाम्ने पाचा सडक स्तरोन्नति | ३ | १९.७६ | १०६१७ | | २०९७९३.५० | १.०६ | ११४२४०.०० | १२०९८४.०० | ३३०७७७.०९ |
| १८ | वडा नं. ३ स्थित सरस्वती टहर्चा टोल सडक स्तरोन्नति | ३ | ४८.१७ | | ११४०७.१० | ५४९४८१.०० | २.६२ | ११४२४०.०० | २९९५३४.०० | ८४९०१४.८२ |
| १९ | वडा नं.३ स्थित बखुन्डोल टोलमा ढल निकास ( माथिल्लो भागबाट जाने क्षेत्र) | ३ | ६.१० | १०६१७ | | ६४७६४.१९ | ०.३१ | ११४२४०.०० | ३५२२५.९० | ९९९९०.०९ |
| २० | निर्माण कार्यको नामः पारिजात पाटी प्यालेस पछाडी सडक स्तरोन्नति र पारिजात बन्कैट देखि इन्द्रेणी पुल सम्म जाने सडक स्तरोन्नति | ८ | ५६.२० | | ११४०७.१० | ६४१०१८.५० | ४.८३ | ११४२४०.०० | ५५१७७९.०० | ११९२७९७.८० |
| २१ | बन्देबी टोल सुधार उपभोक्ता समिति | ११ | २४.१८ | | ११४०७.१० | २७५८२४.२० | ०.९३ | ११४२४०.०० | १०६२४३.०० | ३८२०६७.३६ |
| २२ | तिलिङ्गाटारबाट पूर्व प्रहरी संघ जाने ओरालोमा पेटी सहितको सडक निर्माण , वार्ड-७(धापासी तिलिंगटार उपभोक्ता समिति ) | ७ | ९८.०१ | | ११४०७.१० | १११८०१२.०० | ६.२५ | ११४२४०.०० | ७१४०००.०० | १८३२०११.८० |
| २३ | नगरपालिका कार्यालय पछाडी सडक स्तरोन्नति (थापाकुवा) , वार्ड-७ ( थापा कुवा सडक तथा ढल निर्माण उपभोक्ता समिति) | ७ | ३२.९० | | ११४०७.१० | ३७५२९४.२० | १.३० | ११४२४०.०० | १४८५१२.०० | ५२३८०६.२५ |
| जम्मा | | | ८९९.६४ | | | ९८८२४१९.०० | ४५.८५ | | ५२३७५५८.०० | १५११९९७७.०० |

संपरीक्षणबाट थप भएको बेरूजू

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| १ | पालिकाले २०८१।८२ मा निर्माण/मर्मत कार्य तर्फ जि.पी.आर.एस. विल्डर्ससँग नियममा भएको व्यवस्था विपरीत प्रतिस्पर्धालाई सिमित गरी पटक पटक गरेर एकै आर्थिक वर्षमा सोझै खरिद सम्झौता गरी भुक्तानी दिएको रकम रु. १४३३६६२.१३ नियमसम्मत नभएको रु. | १४,३३,६६२.१३ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : टोखा नगरपालिका, काठमाडौँ , टोखा नगरपालिका , काठमाडौं

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | SHER BAHADUR BAGCHAND (B.C) | २०७९-११-१८ | २०८२-०४-२१ |
| लेखा प्रमुख | BIMALA DHAKAL | २०८०-१०-१२ | २०८१-८-२१ |
| लेखा प्रमुख | तारा प्रसाद निरौला | २०८१-८-२१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,६४६,९६५.८८ | ८,३५६,७७५.६५ | १०,१२७,१३७.७१ | ० | ० | १,९५०,००० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | २२,०८०,८७९.२४ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | १३,१२१,३१८.०५ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | १,४३३,६६२.१३ |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | १०,३९३,२२३.३२ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ५९५७७८६०६.०५ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४३७७२९९०६.९४ | चालु खर्च | ६०५६२७९९६.०७ |
| प्रदेश सरकारबाट अनुदान | ६००२०५०० | पूँजीगत खर्च | ५६९३६०५३८.५६ |
| राजश्व बाँडफाँट | ४००४५२०८४.२२ | वित्तीय/अन्य व्यवस्था | २४०१५६१७७.१८ |
| आन्तरिक आय | ३१५६६०८३५.०८ | | |
| अन्य आय | २१५७९५७२५.७७ | | |
| कुल आय | १४२९६५९०५२.०१ | कुल खर्च | १४१५१४४७११.८१ |
| बाँकी मौज्दात | | ६१०२९२९४६.२५ | |

## अनुसूची - २

## बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१ - २०८२/०३/३२ प्रदेश : बागमती प्रदेश जिल्ला : काठमाडौँ स्थानीय तह : टोखा नगरपालिका, काठमाडौँ | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | | |
| क्र.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | ५८,९०,२०,९५३.६४ | ० | ५८,९०,२०,९५३.६४ | ५६,९९,२१,०६५.०४ | ० | ५६,९९,२१,०६५.०४ |
| १३००० | अनुदान | | ४६,४७,६३,५४०.७६ | ० | ४६,४७,६३,५४०.७६ | ४५,५३,३२,७७७.९९ | ० | ४५,५३,३२,७७७.९९ |
| १४००० | अन्य राजस्व | | १२,७३,१९,४४७.९३ | ० | १२,७३,१९,४४७.९३ | ११,८१,७०,५६७.३८ | ० | ११,८१,७०,५६७.३८ |
| १५००० | विविध प्राप्ति | | ५८,२२५.०० | ० | ५८,२२५.०० | १,७६,०००.०० | ० | १,७६,०००.०० |
| क | कुल जम्मा प्राप्ति | | १,१८,११,६२,१६७.३३ | | १,१८,११,६२,१६७.३३ | १,१४,३६,००,४१०.४१ | | १,१४,३६,००,४१०.४१ |
| ३ | चालु | | ६०,५६,२७,९९६.०७ | ० | ६०,५६,२७,९९६.०७ | ५७,३८,२८,४२२.५२ | ० | ५७,३८,२८,४२२.५२ |
| २१००० | पारिश्रमिक / सुविधा | | १८,१७,७६,८०८.४६ | ० | १८,१७,७६,८०८.४६ | १९,५०,०८,३८६.६८ | ० | १९,५०,०८,३८६.६८ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | ३८,५८,२२,७८२.२६ | ० | ३८,५८,२२,७८२.२६ | ३३,८२,९२,४५४.३६ | ० | ३३,८२,९२,४५४.३६ |
| २५००० | सहायता (Subsidy) | | २,५२,२५,५२१.०० | ० | २,५२,२५,५२१.०० | २,११,८८,४५५.०० | ० | २,११,८८,४५५.०० |
| २६००० | अनुदान | | ० | ० | ० | १५,००,०००.०० | ० | १५,००,०००.०० |
| २७००० | सामाजिक सुरक्षा | | १,०९,१०,८११.०० | ० | १,०९,१०,८११.०० | १,४६,६४,२०४.०० | ० | १,४६,६४,२०४.०० |
| २८००० | अन्य खर्च | | १८,९२,०७३.३५ | ० | १८,९२,०७३.३५ | ३१,७४,९२२.४८ | ० | ३१,७४,९२२.४८ |
| ४ | पूंजीगत | | ५६,९३,६०,५३८.५२ | ० | ५६,९३,६०,५३८.५२ | ६५,२४,३९,२३६.०३ | ० | ६५,२४,३९,२३६.०३ |
| ३१११० | भवन तथा संरचना | | ४,५७,४७,७५०.०० | ० | ४,५७,४७,७५०.०० | ३,१४,२०,६९८.५७ | ० | ३,१४,२०,६९८.५७ |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | २,३८,०३,०९६.०० | ० | २,३८,०३,०९६.०० | ३,८५,६०,४१७.०० | ० | ३,८५,६०,४१७.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३११३० | अन्य पूँजीगत खर्च | | ० | ० | ० | ४९,८७,८७१.०० | ० | ४९,८७,८७१.०० |
| ३११४० | सुरक्षा उपकरण | | १९,१८,२३२.०० | ० | १९,१८,२३२.०० | ३७,९५,०००.०० | ० | ३७,९५,०००.०० |
| ३११५० | सार्वजनिक निर्माण | | ४८,३२,७८,५६६.५२ | ० | ४८,३२,७८,५६६.५२ | ५७,३०,१२,१९३.४६ | ० | ५७,३०,१२,१९३.४६ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | | ८७,५१५.०० | ० | ८७,५१५.०० | ६,६३,०५६.०० | ० | ६,६३,०५६.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | | १,४५,२५,३७९.०० | ० | १,४५,२५,३७९.०० | ० | ० | ० |
| ५ | वित्तीय | | ० | ० | ० | ० | ० | ० |
| ख) | कुल जम्मा भुक्तानी | | १,१७,४९,८८,५३४.५९ | | १,१७,४९,८८,५३४.५९ | १,२२,६२,६७,६५८.५५ | | १,२२,६२,६७,६५८.५५ |
| ग) | बचत /कमी (ग = क-ख ) | | ६१,७३,६३२.७४ | | ६१,७३,६३२.७४ | (८,२६,६७,२४८.१४) | | (८,२६,६७,२४८.१४) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/-) | | ८३,४०,७०७.४५ | | ८३,४०,७०७.४५ | १,०९,४०,३९६.४० | | १,०९,४०,३९६.४० |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | | | | | |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | १,४५,१४,३४०.१९ | | १,४५,१४,३४०.१९ | (७,१७,२६,८५१.७४) | | (७,१७,२६,८५१.७४) |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | ५९,५७,७८,६०६.०५ | | ५९,५७,७८,६०६.०५ | ६६,७५,०५,४५७.७९ | | ६६,७५,०५,४५७.७९ |
| छ) | विनिमय नाफा/ घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा | | ६१,०२,९२,९४६.२४ | | ६१,०२,९२,९४६.२४ | ५९,५७,७८,६०६.०५ | | ५९,५७,७८,६०६.०५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | बैंक मौज्दात ( ज= ङ+च+छ) | | | | | | | |

## बेरूजु दफा ९१ सँग सम्बन्धित विवरण - अनुसूची -४

| सि.नं. | वडा नं. | टोल विकाससंस्था वा उ.सको नाम | सम्झौता रकम/कुललागत अनुमान | कार्य सम्पन्नमिति | कुल मुल्याङ्कन रकम | न.पा वाटभुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| १ | १ | ढाँडखोलाटोल विकास संस्था | १६११६२५ | २०८१-९-१७ | १६०८६०२ | १४४७२८० |
| २ | १ | नयाँवस्ती टोल विकास संस्था | ८९०९२९ | २०८१-९-१७ | ८९५८०८ | ८००००० |
| ३ | १ | भिरकालीटोल विकास संस्था | १३३६०९० | २०८१-८-२७ | १३४६१९० | १२००००० |
| ४ | १ | लालबारीटोल विकास संस्था | ३१४१०७२ | २०८१-९-२८ | ३१३४१०४ | २७९३७८८ |
| ५ | १ | चाँपाबोटटोल विकास संस्था | ८९०३५९ | २०८२-२-६ | ८८६२५६ | ७९६३१३ |
| ६ | १ | नयाँबस्ती टोल विकास संस्था | ८९१७८४ | २०८१-१२-२० | ८८९५७७ | ७९८०२० |
| ७ | १ | झोरमहाँकाल टोल विकास संस्था | ८९१७२३ | २०८१-९-२४ | ८९५९५४ | ८००००० |
| ८ | १ | राधाकृष्णटोल विकास संस्था | १३४७४३० | २०८२-२-२० | १३३२७९३ | ११८६९६५ |
| ९ | १ | ओमशान्तिटोल विकास संस्था | १११५२३० | २०८१-११-२१ | १११४२५७ | ९९९१०० |
| १० | १ | लालवारीटोल विकास संस्था | ५५७१८० | २०८१-५-३१ | ५५७२४८ | ५००००० |
| ११ | २ | चोबुलीटोल विकास संस्था | २४४९६८३ | २०८१-९-१४ | २४४००९६ | २१९१३९० |
| १२ | २ | बज्रयोगिनीटोल विकास संस्था | १११६८४४ | २०८१-१०-०३ | ११११२२३ | ९९४९६७ |
| १३ | २ | चोवुलीटोल विकास संस्था | १५६६०७६ | २०८१-१२-२० | १५३६३४१ | १३७३४१८ |
| १४ | २ | श्रीसपनतिर्थ टोल विकास संस्था | ८९१७६८ | २०८-३-१५ | ८९२५८२ | ८००००० |
| १५ | ३ | ईन्द्रायणीटोल विकास संस्था | ११०६६२० | 2081-12--14 | ११०८९५२ | १०००००० |
| १६ | ३ | नयाँटोल विकास संस्था | ११०९५६८ | २०८२-१-१० | १११९३१९ | १०००००० |
| १७ | ३ | नमुनाटोल विकास संस्था | १११३१८४ | २०८२-१-१४ | १०९४८७० | ९८३३७८ |
| १८ | ३ | धमलटार टोल सुधार विकास संस्था | १६७३२२५ | २०८१-१२-२८ | १६७३८५५ | १५००००० |
| १९ | ३ | लामनेडाँडा टोल विकास संस्था | ५५७२७२ | २०८१-९-२८ | ५५०८०४ | ४९४१९७ |
| २० | ३ | सौभाग्यटोल विकास संस्था | ८९२१८० | २०८१-६-१६ | ८९२२०४ | ८००००० |
| २१ | ३ | मेलमिलापटोल विकास संस्था | ८९३३६९ | २०८१-८-२५ | ८९३८४३ | ८००००० |
| २२ | ३ | आदर्शटोल विकास संस्था | १३७९२७८ | २०८१-१२-३ | १३०९०३० | ८४२४४८ |
| २३ | ३ | मितेरीहाईट टोल विकास संस्था | ८८९३४९ | २०८१-१०-२० | ८३२७९५ | ७४९१२७ |
| २४ | ३ | ज्ञानभूमिटोल विकास संस्था | ८८४२४९ | २०८२-२-२५ | ८८९१५६ | ७९९५०० |
| २५ | ३ | नयाँटोल विकास संस्था | ७७७८९५ | २०८१-९-१२ | ७८१४९२ | ७००००० |
| २६ | ३ | टोखाचखु टोल विकास संस्था | ४४४९३६० | २०८१-१२-१२ | ४४६७६३५ | ४०००००० |
| २७ | ३ | जागरणटोल विकास संस्था | १६६९९३९ | २०८१-१२-१७ | १६६६०२२ | १४९६४८१ |
| २८ | ३ | नयाँटोल विकास संस्था | ३७३४४ | २०८१-४-२३ | ३७३४४ | ३७३४४ |
| २९ | ३ | नयाँटोल विकास संस्था | २७०२७ | २०८२-३-१२ | २७०२७ | २७०२७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३० | | युनिटीकोलोनी टोल विकास संस्था | ८९१०२८ | २०८१-१०-३० | ८९२३२३ | ७९०५३४ |
| ३१ | ३ | भूमेश्वरशान्ति टोल विकास संस्था | ८८८५२३ | २०८१-१२-२५ | ८८०९४१ | ७९३१७४ |
| ३२ | ३ | पिण्डेश्वरटोल विकास संस्था | २००२३२२ | २०८१-१२-२६ | २००१२७८ | १७९९०६२ |
| ३३ | ३ | लाम्नेटोल विकास संस्था | ५५२७९४ | २०८१-११-२५ | ५५७७९३ | ५००००० |
| ३४ | ३ | सरस्वतीटहर्चा टोल विकास संस्था | १३३०९१४ | २०८१-८-१८ | १३३८८९१ | १२००००० |
| ३५ | ३ | सौभाग्यटोल विकास संस्था | १११५६८५ | २०८१-९-८ | ११०२७१२ | ९८८३७२ |
| ३६ | ३ | बखुन्डोलसुर्योदय टोल विकास संस्था | ७७८५५४ | २०८१-९-२ | ६१०२३३ | ५४८६६० |
| ३७ | ३ | श्रीमसानकाली भुटखेल टोल विकास संस्था | ५५७५१२० | २०८२-३-१७ | ५२२७५७६ | ४६८७३०८ |
| ३८ | ३ | महर्जनटोल विकास संस्था | १११३५३३ | २०८२-२-२५ | १०५४९३४ | ९४७४०० |
| ३९ | ३ | मसानकालीटोल विकास संस्था | ११११७६३ | २०८१-१२-१४ | ११११३७४ | ९९३५७६ |
| ४० | ३ | ओमशान्तिमार्ग टोल विकास संस्था | ४९५६९९ | २०८१-८-२३ | ४९६५९३ | ४४५००० |
| ४१ | ३ | झुडोलप्रवेश नगर टोल विकास संस्था | १९८९४७० | २०८१-५-५ | १९९३५७४ | १८००००० |
| ४२ | ३ | सौभाग्यटोल विकास संस्था | १११२१७४ | २०८२-१-१२ | १०९६२९६ | ९८५७२३ |
| ४३ | ३ | भान्चोपालिख्य टोल विकास संस्था | ७७४४८६ | २०८२-३-४ | ७७८५५८ | ७००००० |
| ४४ | ३ | नयाँटोलविकास संस्था | ५२१७४ | २०८२-२-११ | ५२१७४ | ४६९५७ |
| ४५ | ३ | त्वापचाटोल विकास संस्था | २७८२९८२ | २०८२-३-९ | १२९९१३१ | ११६६०३२ |
| ४६ | ३ | तुख्यटोल विकास संस्था | ५५३७७४ | २०८२-३-४ | ५५५९९४ | ५००००० |
| ४७ | ३ | इकोटोल (नयाँ वस्ती) टोल विकास संस्था | ८८४५२४ | २०८२-३-५ | ८८३७३३ | ७९९२८४४ |
| ४८ | ३ | तहर्चाटोल विकास संस्था | १६७५२८४ | २०८२-२-२५ | १६७३०४६ | १४९७९९६ |
| ४९ | ५ | प्रगतिटोल विकास संस्था | १५३५० | २०८२-१-११ | १४८१४ | १४८१४ |
| ५० | ६ | सद्भभाववस्ती टोल विकास संस्था | १२३९३५९ | २०८२-२-३१ | ९५३०७६ | ८४५९४४ |
| ५१ | ८ | शान्तीवस्ती टोल विकास संस्था | २२३९७२३ | २०८२-१-३० | २२२७६३० | १९८९२०१ |
| ५२ | ८ | मिलनसमाज टोल विकास संस्था | २२२३८२२ | २०८१-११-०५ | २०२४१२७ | १८२०४०४ |
| ५३ | ८ | गैह्रीगाउँटोल विकास संस्था | ३१०६३ | २०८१-१२-१९ | ३१७२२ | ३१०६३ |
| ५४ | ८ | पिचासेश्वरमहादेव टोल विकास संस्था | २५५८५५९ | २०८१-११-२७ | २४६१२८७ | २२१२५३८ |
| ५५ | ८ | जालपादेवीटोल विकास संस्था | २७००९६५ | २०८१-११-९ | २६८१०२८ | २३८१८५० |
| ५६ | ८ | जालपादेवी टोल विकास संस्था | २०१२६०९ | २०८२-२-६ | १८९४५०८ | १६९४३७५ |
| ५७ | ८ | जालपामाईटोल विकास संस्था | ३८९१४२७ | २०८१-१२-७ | ३८६४५९५ | ३४७५८६७ |
| ५८ | ८ | स्वास्थानीबासुकी टोल विकास संस्था | २२२२३८५ | २०८२-१-३ | २१५६४८७ | १९४०६९६ |
| ५९ | ८ | संगमटोल विकास संस्था | २४३३५०४ | २०८२-२-२९ | २४३६२३४ | २१७५००० |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६० | ८ | राधाकृष्णमार्ग टोल विकास संस्था | १३९०४१७ | २०८२-३-१५ | १३४२७१२ | ११९७११३ |
| ६१ | ८ | जालपामाईटोल विकास संस्था | ४४००३९४ | २०८१-६-१४ | ४३८७४०३ | ३९४८२३० |
| ६२ | ८ | जालपादेवी टोल विकास संस्था | १००८७२९ | २०८२-२-७ | ८९७२५४ | ८००५४१ |
| ६३ | ९ | शान्तिपथटोल विकास संस्था | २८४०९६९ | २०८१-२-२९<br>२०८१-५-३० | २७६३३९७ | २४८०३७२ |
| ६४ | १० | आरम्भटोल विकास संस्था | १६६७६१ | २०८१-१२-२७ | १६८६५८ | १५०००० |
| ६५ | १० | वीचविनायक टोल विकास संस्था | १६७२८६९ | २०८१-१२-२७ | १६१३३९७ | १४४६६०० |
| ६६ | १० | आरम्भटोल विकास संस्था | १६६६६९६ | २०८१-९-१७ | १६७९३४४ | १५००००० |
| ६७ | १० | आरम्भटोल विकास संस्था | ४४४४२४ | २०८२-३-३ | ४४७९०२ | ३८४५०० |
| ६८ | १० | शुभलक्ष्मीटोल विकास संस्था | ५५६३०३ | २०८१-१०-२९ | ५५९६७२ | ५००००० |
| ६९ | १० | कार्यविनायक टोल विकास संस्था | ३३४१३५ | २०८१-१२-१२ | ३३८१८७ | ३००००० |
| ७० | १० | शान्तिदिपटोल विकास संस्था | ५००३२७४ | २०८१-१०-१८<br>२०८१-१२-१७ | ५०१९६१२ | ४५००००० |
| ७१ | ११ | वनदेवीमार्ग टोल विकास संस्था | ४४८९५५ | २०८२-२-१९ | ४४५४९६ | ३९६९१८ |
| ७२ | ३ | बखुन्डोलप्रगतिशिल टोल विकास संस्था | ३३३३४९६ | २०८१-९-१६ | ३२१६७११ | २८९४८९९ |
| ७३ | ३ | ससुख्योटोल विकास संस्था | ४१९९१६३ | २०८२-२-२९ | ४२४३२६९ | ३८००००० |
| ७४ | ३ | आदर्शटोल विकास संस्था | २२१३९३ | २०८१-५-१३ | २२१९९७ | २००००० |
| ७५ | ३ | नमुनाटोल विकास संस्था | ५५५९८३ | २०८१-६-१५ | ५५४०४९ | ४९८२६१ |
| ७६ | १ | लालबारीटोल विकास संस्था | ३१४१०७२ | २०८१-९-२८ | ३१३४१०४ | २७९३७८८ |
| ७७ | ३ | जालपादेवी टोल विकास संस्था | ३३२०२६ | २०८१-६-८ | ३३२१३३ | ३००००० |
| ७८ | ३ | नमूनाटोल विकास संस्था | ३११४५७ | २०८१-७-१३ | ३०५६८० | २७४८०६ |
| ७९ | ३ | टोखामेघासिटी टोल विकास संस्था | ११०७१५९ | २०८१-१२-१९ | ११०७६१६ | १०००००० |
| ८० | ३ | मनकामनाटोल विकास संस्था | २२१२५५ | २०८१-११-८ | २२३०९७ | २००००० |
| ८१ | ३ | क्वनेलाछी टोल विकास संस्था | २७८८४८ | २०८१-१२-१९ | २७४४३७ | २४६०४५ |
| ८२ | २ | चोवुलीटोल विकास संस्था | ११२०४१५ | २०८२-३-१५ | ८०२२०१ | ७१४९८५ |
| ८३ | ८ | पिण्डेश्वरटोल विकास संस्था | ४४७१५८ | २०८२-२-२५ | ४४४३४९ | ३९७४८७ |
| ८४ | ३ | जालपादेवी टोल विकास संस्था | ३९०४१८ | २०८२-२-२६ | ३८९८१२ | ३४९४५५ |
| ८५ | ३ | उच्चसुर्यदर्शन टोल विकास संस्था | १६२६६४८ | २०८१-११-१९ | १६२८९४५ | १६२६६४८ |
| ८६ | ३ | आदर्शटोल विकास संस्था | १३७९२७८ | २०८१-१२-३ | ३३४४२८ | २३०००० |
| ८७ | ३ | राधाकृष्णटोल विकास संस्था | १२४५७७१ | २०८२-३-५ | १२४४५७७ | १२४१०१७ |
| ८८ | ३ | सिर्जनशिलटोल विकास संस्था | २८४९६५९ | २०८२-३-२२ | २८५०६९७ | २८४९६५९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | १२६१०२३४५ | ० | १२१३०९१७५ | ११६०९६४६२ |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।